# सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह
द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिको
प्रयोजनार्थ तयार गरिएको
शोधपत्र

सोधकर्ता
रोहिणी पोखेल
त्रि.वि.दर्ता नं.: ६१२२२७७ -९७
परीक्षा रोल्नं. : २२२००४०

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय,
वरुण बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
खाँदबारी, सङ्खुवासभा
२०७०

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक, व्यवस्थापन र शिक्षाशास्त्र अध्ययन सङ्काय
**वरुण बहुमुखी क्याम्पस**
खाँदबारी, संखुवासभा
(जनस्तरमा सञ्चालित)
(स्था : २०४३)
फोन नं. : ०२९-५६०१९५
०२९-५६०६९५

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय वरुण बहुमुखी क्याम्पस खाँदबारी शैक्षिक योजना तथा व्यवस्थापन विषय एम.एड. शोध वर्षका छात्र रोहिणी पोखेलले सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन शीर्षकको शोध पत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । अध्ययन अनुसन्धानको सीमा र मर्मलाई ध्यानमा राखी मेहनतपूर्वक तयार गर्नुभएको यो शोध पत्र देखि म सन्तुष्ट भई मूल्याङ्कनका लागि शोध पत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

.................................
शोध निर्देशक
सन्तोषकुमार बराल
शैक्षिक योजना तथा व्यवस्थापन विभाग

मिति :२०७०/०८/२५

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक, व्यवस्थापन र शिक्षाशास्त्र अध्ययन सङ्काय
वरुण बहुमुखी क्याम्पस
खाँदबारी, संखुवासभा
(जनस्तरमा सञ्चालित)
(स्था : २०४३)
फोन नं. : ०२९-५६०१९५
०२९-५६०६९५

# स्वीकृती-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह शोध वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि रोहिणी पोखेलले सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन शीर्षकमा गर्नुभएको शोधपत्र शोध मुल्याङ्कन समितिबाट मुल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

शोध मुल्याङ्कन समिति

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | क्याम्पस प्रमुख टीकाराम गुरुङ्ग | अध्यक्ष | |
| २. | सन्तोषकुमार बराल | शोध निर्देशक | |
| ३. | | बाह्य सुपरिवेक्षक | |

मिति : २०७०/०९/०५

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधकार्य सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन सम्बन्धमा केन्द्रित रहेको छ । उक्त शोधकार्य शोध निर्देशक आदरणीय गुरु सन्तोष कुमार वराल ज्यूको कुशल निर्देशनमा तयार पारिएको हो । उहाँको कुशल निर्देशन प्रति म कृतज्ञता ज्ञापन गर्दछु । शोध प्रस्ताव स्वीकृती गरि प्रस्तुत शोधपत्र लेख्ने सुअवसर प्रदान गर्ने श्री बरुण बहुमुखी क्याम्पस तथा क्याम्पस प्रमुख आदरणीय गुरु टिकाराम गुरुङ्ग ज्यूप्रति कृतज्ञ छु । यस शोधकार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण मेरा आदरणीय गुरुहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

तथ्यांक संकलनका क्रममा आवश्यक पर्ने विविध किसिमका सुचना जानकारी तथा तथ्यांकहरु उपलब्ध गराउनुका साथै प्रश्नावलीले मागे अनुसारमा प्रतिक्रिया तथा अन्तर्वार्ता र छलफलमा सहयोग गर्नु हुने सम्बन्धित विद्यालयहरुका प्रधानाध्यपक, शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लगायत पदाधिकारीहरु, अभिभावकहरु, स्रोत व्यक्ति तथा विद्यालय निरीक्षक, विद्यालयका कर्मचारीहरु र शोध कार्य गरिएका सम्पूर्ण विद्यालयका विद्यार्थी एवम् सम्पूर्ण विद्यालय परिवार धन्यवादका पत्र हुनहुन्छ ।

यस शोध कार्यलाई कम्प्युटर टाइप गर्नका लागि सहयोग पुऱ्याउनु हुने अग्नी कम्प्युटर सेन्टर मानेभन्ज्याङ्गका प्रोपाइटर सुमुना तामाङ्ग तथा सेटिङ्ग गरि सहयोग पुऱ्याउनुहुने युनिक कम्प्युटर सर्भिस सेन्टरका प्रवीण श्रेष्ठ पनि धन्यावादका पात्र हुनुहुन्छ । मलाई अध्ययनका लागि उत्प्रेरण प्रदान गर्दै घरायसी वातावरण आवश्यक सहयोग गर्ने आदरणीय हजुरआमा धनकुमारी पोखेल, बुवा केदारनाथ पोखेल, आमा टंककुमारी पोखेल भाई तेजनाथ पोखेल, बहिनी इन्दिरा पोखेल श्रीमती सुशिला पोखेल लगायत सम्पूर्ण पोखेल परिवारका सदस्यहरु प्रति आभार प्रकट गर्दै शोधकार्य लेखनको क्रममा सहयोग एवं प्रोत्सहान दिने मित्रहरु एरबहादुर तामाङ्ग, मेदिनी घिमिरे, ख्यामबहादुर घिमिरे लगायत सम्पूर्ण सुभचिन्तक मित्रहरु एवम् महानुभावहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

शोधकर्ता

# *शोधसार*

*यस अध्ययनको शिर्षक सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन रहेको छ । यस अध्ययनको प्रमख उद्देश्य सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापनको वास्तविक अवस्था पत्तालगाउनु रहेको छ ।*

*यस शोघ पत्र गुणात्मक अध्ययन विधिमा आधारित रहेको छ । यस अध्ययनमा स्थलगत अवलोकन, अन्तर्वार्ता, प्रश्नावली, समुहगत छलफल र दस्तावेजहरुको पुनरावलोकन जस्ता साधनहरुको प्रयोग गरि तथ्यांक संकलन गरिएको छ यस अध्ययनमा सम्भावनायुक्त नमुना छनौट विधिवाट चारवटा सामुदायिक विद्यालयलाई छानिएको छ । यस अध्ययनमा सामुदायिक विद्यालयका प्रधानाध्याक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, स्रोत व्यक्ति तथा विद्यालय निरिक्षक, अभिभाव र विद्यालयका कर्मचारिहरुलाई नमुनाको रुपमा लिई प्राथामिक तथ्याक संकलन गरिएको छ । यस अध्ययनमा पुस्तक, पत्रपत्रिका, अभिलेख र शोध पत्र आदिको आधारमा द्बितीय तथ्यांक संकलन गरिएको छ । यस अध्ययनवाट सामुदायिक विद्यालयहरुमा कक्षाकोठा व्यवस्थापन अन्तरगतको खानेपानी, सरसफाई, कालोपाटीको बनोट र व्यवस्था सन्तोष जनक रहेको र विद्यार्थी बसाई प्रक्रियामा दुई लहरे पद्धती अपनाइएको पाइयो । कक्षाकोठामा शैक्षिक सामग्रीहरु जुटाउन र व्यवस्थापन गर्नको लागि विद्यालयका व्यवस्थापन पक्षले जुटाउने गरेको स्रोतसाधनको अवस्था अपुग रहेको र प्रधानाध्यापक, शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरु विच समन्वयकारी भूमिका खेल्न नसक्नु अध्ययनको निष्कर्ष रह्यो । कक्षाकोठाक व्यवस्थापनमा देखिएका समस्याहरुमा कक्षाकोठामा आपसी दुरी नजिक रहेकाले आवाजको माध्यमवाट वातावरणिय समस्या, कक्षाकोठामा शिक्षण कार्य संचालन हुंदा विद्यार्थी शिक्षक विचमा हुने संचारको समस्या, विद्युत एवम् विद्युतिय सामग्रीहरुको प्रयोगमा समस्या, अनुशासनको प्रयोगमा समस्या, विद्यार्थी-विद्यार्थी विचमा हुने अन्तक्रिया, निरिक्षण तथा आवश्यक तालिम एवम् अनुगमनको अभाव रहेको पाइयो ।*

*उल्लेखित समस्याहरु समाधान गर्ने उपायको क्रममा शिक्षक शिक्षिकाहरुले कक्षाकोठा भित्र हल्ला नियन्त्रण हुने उपायसमेतको वातावरण निर्माण गरि विद्यार्थीहरुलाई शिक्षण सिकाइ कार्यमा विद्यार्थी केन्द्रित विधिको प्रयोगद्धारा विद्यार्थीहरुलाई आकर्षित गरि शिक्षण गर्नुपर्ने देखिन्छ । शिक्षण कार्यमा कक्षाकोठामा वालमनोविज्ञान अनुसारको शिक्षण योजनाको निर्माण, छनौट र प्रयोगमा श्रव्य दृष्य*

समाग्रीका् प्रयोग योजनाबद्ध ढाँचामा तह र स्तर अनुसार शिक्षण गर्ने गर्नुपर्दछ । शिक्षणमा सहभागी शिक्षकको बोली स्पष्ट भएको हुनु पर्दछ । शिक्षकलाई तालिमको माध्यमवाट आत्मवल  र दक्षता बढाउन पहल गर्ने र दक्षता अनुसारको पुरस्कारको व्यवस्था समेत गर्नुपर्ने देखिन्छ । कक्षाकोठा व्यवस्थापन कार्यको प्रभावकारीता बढाउन र शिक्षण सिकाई कार्य वालसुलभ, वालमैत्रि र वालसहयोगी बनाउनका लागि कक्षाकोठामा विजुली वत्ति, घडि र दृष्य शैक्षिक सामग्रीको आवश्यक सजावटको व्यवस्था गर्नुपर्ने देखिन्छ । आफुसँग रहेका विभिन्न स्रोत र साधनहरुलाई बढि भन्दा बढि प्रयोगमा ल्याई अपुग सामग्रीहरुको पहिचान गरि समयमा नै पुरा गर्न अनवरत प्रयास गर्नुपर्ने देखिन्छ । कक्षाकोठा व्यवस्थापन कार्यलाई सकारात्मक रुपमा अगाडी बढाउनका लागि नितिगत तह, कार्यान्वियन तह र अनुसन्धानात्मक तह आदि पक्षलाई सुझावको रुपमा प्रस्तुत गरिएको छ ।

# विषयसूची


| शीर्षक | पृष्ठसंख्या |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञता ज्ञापन | iii |
| शोधसार | iv |
| संक्षिप्त शब्दावली | vi |
| विषय सूची | vii |

परिच्छेद एक :

परिचय

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमी | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको औचित्य | ५ |
| १.४ अध्ययनका उद्देश्य | ६ |
| १.५ अनुसन्धानात्मक प्रश्न | ६ |
| १.६ अध्ययनको परिसीमा | ६ |

परिच्छेद दुई :

सम्बन्धित साहित्यको पुनरावलोकन

| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ८ |
| २.२ अध्ययनको सैद्धान्तिक संरचना | १५ |
| २.३ अनुसन्धानमा पुनरावलोकनको प्रयोग | १६ |

## परिच्छेद तीन :

## अध्ययन विधि

३.१ अनुसन्धानको ढाँचा १८

३.२ जनसंख्या र नमूना १९

३.३ तथ्याङ्क संकलनका साधनहरु २०

३.४ तथ्याङ्कको स्रोतहरु २१

३.५ तथ्याङ्क संकलन प्रक्रिया २२

३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया २३

## परिच्छेद चार :

## नतिजा विश्लेषण

४.१ कक्षाकोठा व्यवस्थापन कार्य २४

४.१.१ विद्यालय र कक्षाकोठाको भौतिक स्रोत साधन २४

४.१.२ कक्षाकोठा सरसफाई र वातावरण २९

४.१.३ शैक्षिक सामग्री रखाई प्रक्रिया ३२

४.१ं४ विद्यार्थीको बसाईको प्रक्रिया ३४

४.२ कक्षाकोठा व्यवस्थापनमा प्रभाव पार्ने तत्वहरु ३६

४.२.१ शैक्षिक सामग्रीको प्रयोग ३७

४.२.२ शैक्षणिक योजना निर्माण ३८

४.२.३ शिक्षण विधिको प्रयोग ३८

४.२.४ विद्यलायको नीति नियम ३९

४.३ कक्षाकोठा व्यवस्थापनप्रति सरोकारवालाहरुको दृष्टिकोण ४०

४.४ कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्याहरु ४४

४.४.१ वातावरणीय समस्या ४४

४.४.२ कक्षाकोठामा हुने संचारको समस्या ४५

४.४.३ अनुशासनको प्रयोगको समस्या ४७

४.४.४ विद्यार्थी-विद्यार्थी बीचमा हुने अन्तरक्रिया ४८

४.५ समस्या समाधानका उपायहरु ४९

परिच्छेद पाँच :

निष्कर्ष र सुझावहरु

५.१ निष्कर्ष ५१

५.२ सुझावहरु ५३

सन्दर्भ सामग्री

अनुसूचीहरु

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| संक्षिप्त रुप - | पुरा रुप |
| प्रा.वि. - | प्राथमिक विद्यालय |
| नि.मा.वि. - | निम्न माभ्यमिक विद्यालय |
| मा.वि. - | माध्यमिक विद्यालय |
| उ.मा.वि. - | उच्च माध्यमिक विद्यालय |
| प्र.अ. - | प्रधानाध्यापक |
| वि.व्य.स. - | विद्यालय व्यवस्थापन समिति |
| जि.शि.का. - | जिल्ला शिक्षा कार्यालय |
| वि.नि. - | विद्यालय निरीक्षक |

# परिच्छेद एक :
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

हाम्रो नेपाल जस्तो विकाशसिल देशमा गरीवी घटाउन शिक्षाको पहुँच र गुणस्तरका पक्षमा संसोधन गरी विभिन्न शैक्षिक कार्यक्रमहरु संचालन गरिदै आएका छन् । हालको परिवेशमा शिक्षालाई राष्ट्र विकाशको मेरुदण्ड तथा मानव विकासको सूचाङ्कको रुपमा लिइन्छ । जनताको जिवनस्तर राष्ट्र विकाशको निन्ति नागरिकहरुमा आत्मवल अभिवृद्धि गर्नुका साथै अनुशासित, श्रमशिल, सक्षम, योग्य र प्रतिभावन नागरिक तयार गर्नु पर्दछ । जसमा सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापन द्धारा सुसञ्जित कक्षाकोठामा गरिने शिक्षण सिकाइले मात्र तोकिएका उद्देश्य अनुसारको व्यवहार परिवर्तन गराउन सक्दछ ।

औपचारिक शिक्षालाई समय सापेक्ष रुपमा गुणस्तरीय बनाउदै लैजानु आजको आवश्यकता हो । तोकिएको पाठ्यवस्तु सिकारुहरु समक्ष पुऱ्याउनका लागी उचित विधि छनौटका साथ-साथै कक्षाकोठा व्यवस्थापनको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ । सामूदायिक विद्यालयका वालवालिकाको समग्र सिकाई उपलव्धिमा सुधार गरि शिक्षणमा गुणस्तर वृद्धि गर्नका लागी कक्षाकोठा  व्यवस्थापन कार्यलाई व्यवस्थीत वनाउनु पर्दछ । उचित कक्षाकोठा व्यवस्थापन कार्यवाट मात्रै विद्यालय शिक्षामा अपेक्षित नतिजा प्राप्त गर्न सकिन्छ ।

उपलव्ध साधन श्रोतलाई शिक्षणको लक्ष्य तथा उद्देश्य अनुरुप अधिकतम उपलव्धी हाँसिल हुने गरी सही प्रयोग र परिचालन गर्नु व्यवस्थापन हो । गतिशिलता, निरन्तरता, परिवर्तनशिलता, निर्देशन जस्ता पक्षले व्यवस्थापनलाई प्रभावकारी वनाउँदछ । कार्यालय वा संगठनको लक्ष्य तथा उद्देश्य पुरा गर्न योजना बनाउने, संगठन गर्ने प्रवन्ध गर्ने, नेतृत्व गर्ने, उत्प्रेरणा प्रदान गर्ने, समन्वय गर्ने, संचार गर्ने, नियन्त्रण गर्ने जस्ता कार्यहरु कक्षाकोठा व्यवस्थापनमा पनि निरन्तर गर्नुपर्दछ ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ को प्रतिवेदन अनुसार विद्यालयलाई सरकारी र सामुदायिक गरी दुई भागमा विभाजन गरिएको छ । सामुदायिक विद्यालय भनेको सरकारको नीति

नियम र निर्देशन अनुसार संचालन भएका विद्यालय हुन् । जसले सिकारुका दैनिक जीवनयापनका लागी आवस्यक पर्ने न्यूनतम ज्ञान र सिपको विकास गरी वालवालिकाको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्ने र सामान्य जीवनयापनका लागी आवस्यक पर्ने पढाई, लेखाई र हिसाव सम्बन्धी सिपका विकास गर्ने जीवनोपयोगी मूल्या मान्यता र आस्थाहरुको सम्वर्द्धन गरी इमान्दरी, स्वावलम्वी, श्रमशीलता जस्ता गुणहरु र अशल नागरीक, वैज्ञानिक तथा वातावरणीय चेतनाको विकाश गर्ने व्यक्तित्वको निर्माण गर्नुपर्दछ । आधुनिक युगमा शिक्षालाई अझवढी सर्वसूलम र सर्वव्यापी बनाउनकालागी यसको पहुँच र वर्तमान स्थितिमा समेत सुधार गर्दै दुर्गम पिछडिएका जात-जातीमा समेत यसको पहुँचलाई सुनिश्चित गराउन पर्दछ । कक्षाकोठा व्यावस्थापनलाई समय सापेक्ष तह र स्तर अनुसारको सर्वसुलभ बनाउदै लगेमा सिकारुहरुको शिक्षण सिकाइवाट अपेक्षित उपलव्धि हाँसिल गर्न सकिन्छ । कक्षा कोठामा शिक्षण प्रकियालाई सरल सहज रोचक र प्रभावकारी वनाउनका लागी गरिने कियाकलापलाई कक्षाकोठा व्यवस्थापन भनिन्छ । कक्षाकोठाको व्यवस्थापन कार्य भित्र दक्ष शिक्षक, उपलब्ध भौतिक सेवा सुविधा तथा शैक्षिक सामग्रीहरुको व्यवस्था, प्रकाशको उचित व्यावस्था, विद्यार्थीको बसाईको व्यावस्था, कालोपाटीको उचित व्यवस्था, शैक्षिक सामग्री प्रदर्शनीको व्यवस्था लगायतका सिकारुको संख्या, तह र स्तर अनुसारको भौतिक स्रोत साधनको व्यावहारीक प्रयोगको व्यवस्था सम्बन्धी कार्यहरु पर्दछन् । कक्षाकोठा व्यवस्थापन भन्नाले कुनै एक शिक्षकले आफ्नो शिक्षण सिकाई कार्यलाई तोकिएको समयभित्र कुनै पनि समस्या विनानै शिक्षणकार्य गर्न पाउने व्यवस्था र प्रयोग सम्बन्धी व्यवस्थालाई कक्षाकोठा  व्यवस्थापन भनिन्छ (रेग्मी, २०६३) ।

विद्यालय व्यवस्थापनको एक सानो तथा महत्वपूर्ण अङ्गको रुपमा कक्षाकोठा भित्रको व्यवस्थापन कार्यलाई लिइन्छ । सिकाइलाई व्यवहारिक अर्थपूर्ण र समयसापेक्ष निरन्तर जीवनोपयोगी बनाउनका लागी सामुदायिक विद्यालयको कक्षा कोठाको वनोट अवस्था सिकाइ वातावरण र विषयवस्तु अनुकूल हुनुलाई कक्षाकोठा  व्यवस्थापन भनिन्छ । व्यवस्थित कक्षाकोठा भित्र शिक्षक, विद्यार्थी र विषयवस्तु विचको अन्तरक्रिया र एकअर्का वीचको पारस्परिक सम्वन्ध राम्रो हुने भएकोले सिकारुहरु सिक्नका लागि जागरुक हुन्छन्, त्यसैले शिक्षण सिकाइलाई समय सापेक्ष व्यवहारिक, अर्थपूर्ण र उद्देश्यमूलक बनाउनका लागि कक्षाकोठा व्यवस्थापन कार्य अपरिहार्य हुन्छ ।

सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापन र संगठन गर्दा आन्तरिक र वाह्य तत्वले प्रभाव पार्दछ । कक्षाको भौतिक साधनलाई उचित स्थानमा राखि कक्षाको वातावरण सिकारु अनुकुल

मिलाई शिक्षण सिकाई प्रभावकारी बनाउने खेलपूर्ण कार्य नै कक्षाकोठा व्यवस्थापन हो । सिकाईको प्रभावकारीता कक्षाकोठाको भौतिक पक्ष र शैक्षिक पक्षमा निर्भर गर्दछ । कक्षामा शिक्षण गर्दा विद्यार्थीहरुवाट आउन सक्ने विभिन्न खाले समस्याहरुलाई समयामानै विचार गरी पूर्वयोजनाद्धारा उचित व्यवस्थापन गर्न सकेमा कक्षा नियन्त्रण र प्रभावकारी सिकाइमा समेत सघाउ पुग्दछ ( मोयल्स १९९२) सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापन सिकाई अनुकूल नभएको खण्डमा सिकाई अर्थपूर्ण र प्रभावकारी हुदैन । कक्षाकोठा व्यवस्थापन सिकाई अनुकुल नभएमा शिक्षक र विद्यार्थी दुबैको प्रयत्न व्यर्थ खेर जान्छ । यसरी प्रयास खेर जानु भनेको नै राष्ट्रिय लगानी समेत खेर जानु हो, तसर्थ कक्षाकोठा व्यवस्थापन कार्यमा सरोकारवाला सबै पक्षहरुले विशिष्ट योगदान दिनु पर्दछ । (अग्रवाल १९९६) ,सामूदायिक विद्यालयको काक्षाकोठा व्यवस्थापन भन्नाले परम्परागत सोचमा कक्षाकोठा व्यवस्थापन भित्र सिकारुको अनुशासन र विद्यार्थीहरुलाई सिकाई प्रति नियमित गर्ने व्यवस्थाको रुपवाट हेर्ने गरिन्थ्यो । कक्षाकोठा व्यवस्थापनलाई विद्यार्थी र विषयबस्तुका स्वरुप अनुसार विभिन्न श्रोत र साधनहरुको छनौट र प्रयोगका लागि सरल र व्यवहारिक गर्ने प्रक्रियाका रुपमा लिइन्छ । कक्षाकोठा भित्र पाठ र विषयबस्तु सुहाँउदो क्रियाकलाप संचालनका लागि सिकारुहरुको वालमनोविज्ञान अनुसारको रोचक र समय सापेक्ष सहज वातावरण सिर्जना गरेर शिक्षण सिकाइ प्रक्रिया संचालन गर्नु नै कक्षाकोठा व्यवस्थापन हो । कक्षाकोठा व्यवस्थापन अन्तर्गत कक्षाकोठाको भौतिक अवस्था, कक्षाकोठाको आन्तरिक र बाह्य वातावरण, बसाइ व्यवस्था, कालोपाटीको बनोट र रखाई व्यवस्था तह र स्तर अनुसारका सुरक्षित फर्निचरको व्यवस्था, शैक्षिक सामग्रीको उचित व्यवस्था, विविध क्रियाकलापहरु संचालनका लागि आवश्यक ठाँउहरुको व्यवस्था लगायत सिकारुमा वालसुलभ र बालमैत्रीपूर्ण मनोवैज्ञानिक वातावरणको व्यवस्था गर्ने जस्ता कार्यहरु पर्दछन् । कुनैपनि कक्षाकोठा भित्र प्रभावकारी शिक्षण सिकाइ संचालनका लागि समय सापेक्ष उचित तवरले कक्षाकोठाको प्रभावकारी व्यवस्थापन गर्नु जरुरी छ ।

## १.२. समस्याको कथन

कक्षाकोठा व्यवस्थापन पक्षलाई विद्यालयको मेरुदण्डका रुपमा लिइन्छ । कक्षाकोठाको उचित व्यवस्थापनको अभावमा पाठ्यक्रमले तोकेका उद्देश्य हाँसिल गर्न सकिदैन सामूदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापन पक्षलाई समय सापेक्ष सवल र सक्षम बनाउनु नै वर्तमान परिस्थितिको आवश्यकता रहेको छ । विद्यालय शिक्षाको हकमा विद्यालयको भौतिक, शैक्षिक, आर्थिक पक्ष, मानविय संसाधन व्यवस्थापन, सूचना व्यवस्थापन र कक्षाकोठा व्यवस्थापन आदि पक्षको कमी

कमजोरीका कारणले गर्दा राष्ट्रद्धारा प्रदान गरिएको शिक्षा सही ढंगवाट प्रदान हुन नसक्नु आजको यथार्थता हो । वर्तमान स्थितिमा सरकारी विद्यालयको तुलनामा निजी शैक्षिक संस्थाहरुको माग बृद्धि हुनुमा एउटा मुख्य कारण उक्त संस्थाको कक्षाकोठा व्यवस्थापन कार्य समय सापेक्ष व्यवहारीक, परिवर्तित र सिकारुको स्तर अनुकुल हुनुलाई पनि लिइन्छ ।

शिक्षा प्राप्त गर्नु हरेक नागरिकको संवैधानिक र नैसर्गिक अधिकार हो । दैनिक जीवनमा आइपर्ने समस्याहरु समाधानका लागि व्यवहारीक ज्ञान र सीपको आवश्यकता पर्दछ । उक्त ज्ञान, सीप प्रभावकारी कक्षाकोठा व्यवस्थापन भएको विद्यालय शिक्षावाट मात्र प्राप्त गर्न सकिन्छ । यो शोध अनुसन्धान निम्न समस्याहरुको समाधानमा आधारित हुनेछ :

क) सामूदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापनको कार्यगत अवस्था कस्तो छ ?

ख) सामूदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापनले समग्र शिक्षण सिकाइमा कस्तो प्रभाव परेको छ ?

ग) व्यवस्थापन कार्यका लागि सहभागीहरुको उत्साहजनक उपस्थितिको अभाव रहेको हो की ?

घ) कक्षाकोठा व्यवस्थापन सम्बन्धि कार्यहरु आधुनिक जीवन शैलिलाई सघाउ पुऱ्याउने नभइ परम्परागत ढाँचामा मात्र चलाइएका छन् की ?

ङ) सरोकारवालामा उत्साह छ तर व्यवस्थापन कार्यक्रमको प्रभावकारीता छैन कि ?

च) कक्षाकोठा व्यवस्थापनमा सामुदायिक विद्यालयहरुले कस्ता खालका समस्याहरु भोग्दै आएका छन् ?

छ) प्रभावकारी कक्षाकोठा व्यवस्थापन कार्य संचालन गर्न के कस्ता उपायहरु हुन सक्छन् ?

## १.३. अध्ययनको औचित्य

उचित कक्षाकोठा व्यवस्थापन कार्यको अभावका कारणले गर्दा प्राथामिक विद्यालय उमेरका वालवालिकाहरु मध्ये करिव ११ प्रतिशत विद्यालय शिक्षाको पहुँच बाहिर रहेका छन्  भने प्राथामिक तहमा प्रवेश गरेका वालवालिकाहरु मध्ये पनि एकतिहाईको संख्याले मात्र कक्षा ५ सम्मको शिक्षा पूरा गर्ने गर्दछन् । कूल जनसंख्याको अझै ४६ प्रतिशत जनसंख्या निरक्षर रहेका छन् । (केन्द्रिय तथ्यांक विभाग २०५९) सामूदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन कार्यक्रम संचालन गर्दा समूदायमा लक्षित वर्ग वढि लाभान्वित हुने गर्दछन् । समुदायमा जनसहभागिता जुटाई लक्षित

समूहलाई फाइदा पुऱ्याउन र क्षमता अभिबृद्धि गराई सक्षम बनाउनका लागि समेत कक्षाकोठा व्यवस्थापन कार्य आवश्यक हुन्छ ।

यो अध्ययन सङ्खुवासभा जिल्लाको उत्तरी क्षेत्रमा पर्ने माङ्तेवा गा.वि.स. अन्तरगत भित्र रहेका सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन कार्य के कसरी संचालन भएका छन् ? शैक्षिक उपलब्धि दर अपेक्षित रुपमा किन बढ्न सकेको छैन ? कक्षाकोठा व्यवस्थापन प्रक्रियाको स्वरुप कस्तो हुन पर्दछ ? सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापन कार्य संचालनमा सक्षम र उत्तरदायी कसरी बनाउन सकिन्छ ? कक्षाकोठा व्यवस्थापनमा सामुदायिक विद्यालयको भूमिका कस्तो हुन पर्दछ ? भन्ने प्रश्नको जवाफ खोजीमा अनुसन्धान कार्य केन्द्रित रहेको छ । यस अध्ययनले विद्यालय व्यवस्थापन समितिलाई कक्षाकोठा व्यवस्थापन गर्दा आर्थिक, भौतिक, शैक्षिक र मानविय पक्षको व्यवस्थापन गर्न तथा सरोकारवाला विच समन्वय र सहकार्य गरी शिक्षण कार्य संचालन गर्नका लागि आवश्यक मार्गदर्शन प्रदान गर्दछ । यस अध्ययनले सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन कार्यका समस्यालाई निराकरण गर्न र नीति नियम बनाउन सम्बन्धित निकायलाई सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । कक्षाकोठा व्यवस्थापनसँग संचालित कार्यक्रमहरु आधुनिक जीवन शैलीसँग मिल्ने छन् कि छैनन् ? त्यसको सूधारका लागी शिक्षा मन्त्रालय, शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालय र स्रोत केन्द्रले समेत के कस्तो सहयोग उपलब्ध गराउनु पर्दछ भन्ने सन्दर्भमा आवश्यक कार्यगत रणनीति अपनाउन यस अध्ययनले सघाउ पुऱ्याउनेछ ।

कक्षाकोठाको उचित व्यवस्थापन भएमात्र विद्यालय, समाज र राष्ट्रकै विकास हुने हुँदा यसको औचित्य पुष्टि हुन्छ । यस अध्ययनले अध्ययन क्षेत्रका बारेमा जान्न चाहाने जो कोहीलाई पनि आवश्यक जानकारी दिने यस अध्ययनको औचित्य रहेको छ ।

## १.४. अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार छन् :

(क) शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापनको अवस्था पहिचान गर्नु,

(ख) शिक्षण सिकाइका लागी कक्षाकोठा व्यवस्थापनमा प्रभाव पार्ने तत्वहरुको खोजी गर्नु,

(ग) शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापनका समस्याहरु पत्ता लगाउनु,

(घ) कक्षाकोठा व्यवस्थापन बारेमा सरोकारवालाहरुको दृष्टिकोण पत्तालगाउन,

(ङ) शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापनमा देखिएका समाधानका उपायहरु सुझाउने,

## १.५. अनुसन्धानात्मक प्रश्न

यो शोध अनुसन्धान निम्न अनुसन्धानात्मक प्रश्नहरुमा आधारित रहेको छ :

क) कक्षाकोठा व्यवस्थानको अवश्था कस्तो छ ?

ख) कक्षाकोठा व्यवस्थापनले शिक्षण सिकाइमा कस्तो प्रभाव परेको छ ?

ग) कक्षाकोठा भित्रको शिक्षण सिकाइ वातावरणमा कुन कुन तत्वहरुले प्रभाव पारेको छ ?

घ) कक्षाकोठा व्यवस्थापनसंग सम्बन्धित समस्याहरु के के रहेका छन् ?

ङ) कक्षाकोठा कस्तो भैदिए तपाँईको दृष्टिमा उपयुक्त मान्नुहुन्छ ?

च) कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्याहरु समाधान गर्न के गर्नु पर्ला ?

## १.६. अध्ययनको परिसीमा

कुनैपनि अध्ययन कार्य सम्पन्न गर्नका लागी पर्याप्त स्रोत साधन र समयको आवश्यकता पर्दछ। यस अध्ययनका अनुसन्धान कर्ताको समय, श्रोत साधन र आर्थिक अभावका कारणले देशभरका सरकारी विद्यालयका कक्षाकोठा व्यवस्थापन प्रक्रियाको सम्बन्धमा पूरा अध्ययन गर्न नसकिने भएकोले यस अध्ययनले निश्चित सिमा क्षेत्रलाई समेटेर अनुसन्धान गर्ने विषयबस्तु र ठाँउलाई निम्नानुसार छनौट गरिएको छ।

क) यस अध्ययन संखुवासभा जिल्लाको उत्तरी क्षेत्र अन्तर्गत पर्ने मांतेवा गा.वि.स. भित्रका ९ वटा सामुदायिक विद्यालयहरुमा सिमित गरिएको छ,

ख) सो गा.वि.स. भित्रका एउटा प्रा.वि. दुईवटा नि.मा.वि. र एउटा मा.वि. गरि जम्मा ४ वटा विद्यालयहरु

ग) प्रत्येक विद्यालयका एक एक जना प्र.अ.,

घ) उक्त स्रोत केन्द्रको स्रोत व्यक्ति,

ङ) उक्त स्रोत केन्द्रको विद्यालय निरिक्षक,

च) प्रत्येक विद्यालयका २/२ जना गरी ८ जना शिक्षक,

छ) प्रत्येक विद्यालयका ४/४ जना गरी जम्मा १६ जना विद्यार्थी,

ज) प्रत्येक विद्यालयका वि.व्य.स. अध्यक्षहरु,

झ) प्रत्येक विद्यालयका २/२ जना गरि जम्मा ८ जना अभिभावकहरु,

ञ) सामुदायिक विद्यालयमा मात्र सिमित,

# परिच्छेद दुई :
# सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

हाल सरकारी विद्यालयमा खस्कदै गएको शैक्षिक अवस्थालाई सुधार गर्न आवश्यक सहयोग पुग्ने उद्धेश्यले संखुवासभा  जिल्ला अन्तर्गत मांतेवा गा.वि.स. भित्रका सामुदायिक विद्यालयहरुको अध्ययन मार्फत सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापनमा शीर्षक राखी यस सोध कार्यलाई अगाडी बढाईएको छ । विद्यालय र यसबाट प्रदान गरिने शिक्षा गुणस्तर र स्तरीय भएमा मात्र विद्यालयको आन्तरिक तथा वाह्य प्रभावकारीतामा बृद्धि हुन जान्छ । सामुदायिक विद्यालयहरुमा कक्षाकोठा व्यवस्थापन गर्न नसक्दा र गुणस्तरीय शिक्षा प्रदान गर्न नसक्दा सामुदायिक विद्यालयहरुको आकर्षण घट्न थालेको छ । विद्यालय एउटा संगठन हो । विद्यालयको पनि आफ्नो स्रोत र साधन हुन्छ । विद्यालयमा शिक्षक विद्यार्थी, कर्मचारी, समुदाय, भौतिक तथा आर्थिक पक्ष, समग्र शैक्षिक पक्ष पनि हुन्छ । यिनीहरुलाई सही किसिमले परिचालन गर्न नसक्दा नै गुणस्तरीय शिक्षा प्रदान गर्न नसकी शैक्षिक उपलब्धी सन्तोषजनक रुपमा हाँसिल गर्न सकिएको छैन । त्यसकारण यी उल्लेखित पक्षहरुको साथै अन्य कक्षाकोठा व्यवस्थापनसँग सम्बन्धित पक्षहरुको समुचित परिचालन र प्रयोग गर्न विद्यालयमा प्र.अ., शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थीहरुको जिम्मेवारी महत्वपूर्ण र संवेदनशील हुन्छ । कक्षाकोठा व्यवस्थापनलाई दायित्वबोधका साथ काम गर्ने वातावरण निर्माण गर्न सकिएमा सामुदायिक विद्यालयमा राज्यले गरेका लगानी खेर जाँदैन । वर्तमान अवस्थामा नीजि विद्यालयहरुको शैक्षिक उपलब्धि र प्रभावलाई सम्मान गर्दै सामुदायिक विद्यालयमा सरकारी लगानि, तालिम प्राप्त शिक्षक र सरकारको प्रत्यक्ष चासो भईरहँदा पनि आशातित उपलब्धि हाँसिल नहुनु चुनौतिको रुपमा रहेको छ । विद्यालयमा उपलब्ध भौतिक पक्षलाई प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समितीका पदाधिकारीहरु, विद्यार्थी लगायत सरोकारवाला सबै पक्षहरुले व्यवस्थापन गर्नु गर्नुपर्दछ । कक्षा व्यवस्थापन, आर्थिक व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थापन, खेलकूद व्यवस्थापन, द्वन्द व्यवस्थापन, मानव संशाधनको प्रयोग र योजनामा सहभागितामूलक व्यवस्थापन गरी प्रभावकारी शिक्षण गर्ने उचित वातावरण सिर्जना गरी सम्पूर्ण विद्यार्थीहरुलाई सामुदायिक विद्यालयहरुमा आकर्षित गरी दक्ष जनशक्ति निर्माण गर्ने कार्यमा कुशल प्र.अ.का साथै शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिती, स्रोत व्यक्ति/वि.नि.को आवश्यकता

पर्दछ । त्यसकारण प्र.अ., शिक्षक, वि.व्य.स.का पदाधिकारी, विद्यार्थीहरुलाई आवश्यक सल्लाह, सुझाव, अनुगमन, पृष्ठपोषण, सहयोग गर्नु शिक्षक, विद्यार्थी, अभिभावक, आम जनसमुदाय, वि.व्य.स., स्रोतकेन्द्र, शि.अ.संघका साथै जि.शि.का. सहित सरोकारवाला सबै पक्षको दायित्व हुन्छ ।

यस शोधकार्यलाई अगाडी बढाउन संखुवासभा जिल्ला अन्तरगत मांतेवा गा.वि.स. भित्रका ९ वटा सामुदायिक विद्यालयहरुमध्ये ४ जना प्र.अ., ४ जना वि.व्य.स. का अध्यक्ष, ८ जना अभिभावक, १६ जना विद्यार्थी, १ जना वि.नि/स्रोत व्यक्ति र ८ जना शिक्षकहरुलाई प्रश्नावली दिई सहभागी गराइएको थियो ।

यो अध्ययन पुरा गर्ने क्रममा यसैसँग सम्बन्धित धेरै लेख, रचना पुस्तक दस्तावेज एवं प्रतिवेदनहरु अध्ययन गरिए तापनि निम्नानुसार  शोधपत्र तथा लेखको समिक्षा गरिएको छ ।

(क) विधा : शोधपत्र

शिर्षक : समुदाय र विद्यालयमा आधारित वालविकास केन्द्रको कक्षाकोठा व्यवस्थापन

शोधकर्ता : योगेन्द्र सुनुवार

शोध वर्ष : २०६६

पेश भएको स्थान : सुकुना बहुमुखि क्याम्पस इन्द्रपुर मोरंग

'समुदाय र विद्यालयमा आधारित बाल विकास केन्द्रको कक्षाकोठा व्यवस्थापन' शीर्षकमा । ३ देखि ५ वर्षसम्मका बालबालिकाहरुको शारीरिक, मानसिक/बौद्धिक, सामाजिक, संवेगात्मक, नैतिक र सृजनात्मक विकासको अवसर दिई प्राथमिक शिक्षाका लागि पूर्व तयारी गराउने बाल विकास केन्द्रको उद्देश्यलाई साकार पार्न कक्षाकोठा व्यवस्थापनको महत्वपूर्ण भूमिका रहने हुँदा हाल विद्यमान समुदाय र विद्यालयमा आधारित बाल विकास केन्द्रहरुको कक्षाकोठा व्यवस्थापनमा केन्द्रित रही यो अध्ययन गरिएको छ ।

झापा जिल्लाको सतासीधाम गा.वि.स. अन्तर्गत सञ्चालित १७ वटा बाल विकास केन्द्रहरु मध्ये उद्देश्यपूर्ण नमुना छनौटका आधारमा ५ वटा समुदायमा आधारित र ५ वटा विद्यालयमा आधारित बाल विकास केन्द्रहरुको नमुना छनौट गरी गुणात्मक तथा वर्णनात्मक ढाँचामा स्थलगत सर्भेक्षण

फाराम, कक्षाकोठा अवलोकन फाराम, खुल्ला प्रश्नावली र अन्तर्वार्ता अनुसूची अनुसन्धान साधनहरु प्रयोग गरी यो शोध अध्ययन सम्पन्न गरिएको छ ।नमूना छनौटमा परेका बाल विकास केन्द्रहरुको कक्षाकोठामा समग्रमा बाल सिकाइ सामग्रीहरु मध्ये श्रव्य सामग्री ७.१४%, दृश्य सामग्री ९०%, मुद्रित सामग्री २.८६% र श्रव्य दृश्य सामग्री शून्य रहेको पाइयो । त्यस्तै अध्ययनअनुसार औसत रुपमा विद्यालयमा आधारित बालविकास केन्द्रहरुको बढी आइटमका सामग्रीहरु गुणात्मक रुपले राम्रा अवस्थामा रहेको, भौतिक संरचनाको दृष्टिले अधिकांश विद्यालयमा आधारित बालविकास केन्द्रहरुको कक्षाकोठा बढी मजबुत र सुरक्षित रहेको तथा कक्षाकोठाको साइज र समूह कार्य गर्ने स्थानका दृष्टिले समुदायमा भन्दा विद्यालयमा आधारित बालविकास केन्द्रको कक्षाकोठा बढी राम्रो र फराकिलो भएको कुरा प्रष्टसँग देखाउनु भएको छ । यस अध्ययनमार्फत दुबै किसिमका बालविकास केन्द्रहरुले कक्षाकोठामा बालसिकाइ सामग्रीहरु पर्याप्त मात्रामा राख्नुपर्ने, बालसिकाइ सामाग्रीहरु र भौतिक सुविधाहरुले कक्षाकोठा सजिसजाउ गरी रमाइलो वातावरण सिर्जना गर्नु पर्ने, सिकाइ क्षेत्रहरु (Learning Corners) व्यवस्था गर्नु पर्ने, शिक्षा विभागबाट प्रकाशित बाल विकास पाठ्यक्रम र शिक्षण स्रोत सामग्री बमोजिम क्रियाकलाप गराउनु पर्ने तथा बाल विकास कार्यक्रमसँग सम्बद्ध निकायहरुबाट आवधिक रुपमा कक्षाकोठाको अनुगमन र सुपरिवेक्षण हुनुपर्ने सुझावहरु पेश गरिएको छ ।

## सवलपक्ष

१) अध्ययन देशको जल्दोबल्दो समस्याको बारेमा हुनु ।

२) वालवालिकाहरुको कक्षाकोठा व्यवस्थापनमा भएका समस्याहरुलाई उजागर गर्न सफल ।

३) शोधग्रन्थमा प्रयोग भएका भाषाशैली स्पष्ट हुनु ।

४) वालवालिकाको कक्षाकोठा व्यवस्थापनमा देखा परेका समस्या उजागर गरि त्यसमा सुधार ल्याउन सम्बन्धित निकाय तथा व्यक्तिहरुलाई जागरुक गराउन सक्नु ।

५) ३ वर्ष देखी ५ वर्षसम्मका वालवालिकाको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक, सम्वेगात्मक, नैतिक र सिर्जनात्मक विकासको अवसर प्रदान गर्ने कुरामा जोड ।

## सुधारात्मक पक्ष

१. समस्याहरु धेरैमात्रामा दर्शाईएको तर समाधानका उपायहरु कम भएको ।

२. कक्षाकोठा व्यवस्थापनका सम्पूर्ण पक्षहरुलाई अझ बढि समेटको खण्डमा प्रभाकारी हुने ।

३. अभिभावकहरुलाई जागरुक गराउन अझ वढि मार्गदर्शन प्रदान गर्नु पर्ने ।

ख) विधा : शोधपत्र

शोध शिर्षक : काठमाण्डौं जिल्लाका माध्यमिक विद्यालयको सिकाइ सुधारमा प्र.अ.को भूमिका एक अध्ययन ।

शोधकर्ता : पुष्पबहादुर वरुवाल

शोध वर्ष : २०५६

पेशभएको स्थान : त्रिभुवन विश्व विद्यालय कीर्तिपुर ।

शोधकर्ताले प्रस्तुत शोधपत्रमा जम्मा ३४२ वटा विद्यालयको नामावली तयार गरि तिनिहरु मध्येवाट ६ वटा निजी र ६ वटा सामुदायिक गरि जम्मा १२ वटा विद्यालयहरु नमुनाको रुपमा गोलाप्रथाद्धारा छनौट गरि तथ्यांक संकलनका लागि अवलोकन भ्रमण, प्रश्नावली प्रयोग गरि शिक्षा ऐन २०५८ र नियमावली २०४९ अनुसार प्र.अ.हरुको भूमिका कार्यान्वयन भएनभएको गहन अध्ययन गरि विवेचनाको आधारमा निर्ष्कषमा पुग्नु भएको छ । परापूर्वकाल देखि नै शिक्षा लिने दिने शिलसिलामा गुरुहरुको आश्रममा गएर गुरुहरुको निर्देशन अनुसार हुने गर्दथ्यो । आधुनिक यूगमा आएर त्यसैको निरन्तरता स्वरुप विद्यालयको प्रमुख व्यक्तित्व भनेको नै प्र.अ. एवम् शिक्षकलाई लिइन्छ त्यसमा पनि सबैभन्दा महत्पूर्ण स्थान र जिम्मेवार भूमिका भनेको नै प्र.अ.को रहेको हुन्छ । यस शोधपत्रमा शोधकर्ताले देशको समग्र शैक्षिक अवश्था उकास्न सचेत भई कार्यक्रम अगाडी बढाउनु पर्ने कुरा औल्याउदै सामुदायिक र संस्थागत विद्यालयको भूमिका विच तुलना गर्दा सामुदायिक विद्यालयको कमजोर अवस्था पत्तालगाउनु, देशको राजधानिमा समेत शिक्षा ऐन तथा नियमावलीले आत्मसाथ गरेका काम कर्तब्य र अधिकारको सही रुपमा सदुपयोग नभएको अवस्था पाइनु, तुलनात्मक रुपमा संस्थागत विद्यालयहरु भन्दा सामुदायिक विद्यालयहरुमा योजना व्यवस्थापन, कार्यान्वयन, प्रतिबद्धता र काम गराई जस्ता पक्षमा कमजोरी पहिल्याई विभिन्न ३ तहका लागि सुझाबहरु समेत पेश गरेका छन् ।

सबल पक्ष

१. अध्ययन देशको जल्दोबल्दो समस्याको बारेमा हुनु ।

२. प्र.अ.को आफ्नो जिम्मेवारी वहन गर्ने कुरामा ऐन, नियमावली तथा निरिक्षण गर्न संस्था साथै सरोकारवालाको भूमिका उजागर गर्नु ।

३) शिक्षण सिकाइ एवम् विद्यालयको चौतर्फि विकासमा सुधार ल्याउन प्र.अ. तथा अधिकार प्राप्त व्यक्तिलाई जागरुक गराउन सक्नु ।

४) शोधग्रन्थमा प्रयोग भएका भाषा शैली र तथ्यांक स्पष्ट हुनु ।

५) व्यवस्थापकले संगठनमा पार्ने असर सम्बन्धमा उजागर गर्नु ।

सुधारात्मक पक्ष

१. नमुना छनौटको आकार सानो हुनु ।

२) तथ्यांकहरुलाई चार्टमा व्याख्या नगरिएको ।

३) महिला प्र.अ.लाई समेट्न नसकेको ।

४) संस्थागत विद्यालयका अभिभावक विचमा आर्थिक तुलना गर्न नसकिएको ।

(ग) विधा : जर्नल लेख

लेख शिर्षक : दिवास्वप्न

लेखक : गिरिजाशङ्कर भगवानजी वधे (गिजुभाई)

प्रकाशन वर्ष : २०६८

प्रकाशक : शिक्षक मासिक

“दिवास्वप्न” लाई गिजुभाईले वालशिक्षण सम्बन्धि चिन्तन र अनुभवको सारसंक्षेपका रुपमा बुझ्न सकिन्छ यसमा एकातिर तत्काल प्रचलित शिक्षण विधि, वालवालिका प्रति अभिभाक, शिक्षक र विद्यालयवाट हुने दुरव्यवहार, परीक्षा पद्दति, पढाइको परिभाषा र उद्देश्य प्रति तिव्र विद्रोह प्रकट भएको छ भने अर्कातिर नयाँ शैक्षिक चिन्तन र शिक्षण एवम् परीक्षा पद्दतिको व्यवहारिक व्याख्या र प्रयोग एकैसाथ पस्किएको पाइन्छ । उनको यो विषयबस्तु आठ दशक अघिको गुजरातको एउटा सानो नगर वस्तीको शैक्षिक परिवेशमा आधारित रही १२१ पेजसम्म लामो उपन्यासिक भाषा प्रस्तुत भएको छ ।

सबल पक्ष

१) वास्तविक परिवेशमा आधारित ।

२) वालमनोविज्ञान अनुसारको शिक्षण सिकाइलाई जोड दिएको ।

३) शिक्षण सिकाइलाई वालसुलभ बनाउने पक्षमा किटान गरिएको ।

४) परम्परागत शिक्षण पद्दति र आधुनिक शैक्षिक चिन्तन र व्यवहारिक प्रयोग विच तुलना गरि परम्परागत भन्दा आधुनिक पद्दति अनुसारको शिक्षण सफल हुने कुरा देखाउन सफल ।

५) वालवालिकाहरुलाई दण्ड सजाँय दिनुको सट्टा मित्रवत व्यवहार गरेर सिकाउनु पर्ने कुरामा जोड ।

६) वालवालिकाको अन्तरनिहित प्रतिभा प्रस्फुटन गराउने कुरामा जोड दिएको ।

सुधारात्मक पक्ष

१) अधिकांस शिक्षकहरु पुरानै सोच र पद्दतिवाट शिक्षण गर्दछन् भन्ने धारणा ।

२) वालमैत्रि शिक्षण गर्ने शिक्षकहरुलाई अझ बढि उजागर गरेमा प्रभावकारी हुने ।

३) वालमैत्रि बोर्डिङ विद्यालयहरुको पनि उजागर गरि प्रस्तुत गर्दा बोर्डिङ विद्यालयहरुमा पनि वालसुलभ शिक्षण अगाडी बढ्ने ।

(घ) विधा : जर्नल लेख

लेख शिर्षक : ग्रामिण विकासका लागि शिक्षा, नेपालमा भएका प्रयासको एक विवेचना

लेखक : केशवराज देवकोटा

प्रकाशन वर्ष : २०६४

प्रकाशक : त्रिभुवन विश्वविद्यालय, शिक्षा विकास तथा अनुसन्धान केन्द्र सेरिड

“ग्रामिण शिक्षाको विकासमा संचार माध्यमको भूमिका” विषयमा विद्यावारिधी प्राप्त व्यक्तित्व केशवराज देवकोटाले ग्रामिण विकासको लागि शिक्षा नेपालमा भएका प्रयासहरुको एक विवेचना लेख मार्फत ग्रामिण क्षेत्रको आम रुपमा विकास नभए सम्म देश विकास हुन सक्दैन भन्ने दृष्टान्तहरु अमेरिकी समाज सहितको यथार्थलाई यस लेख मार्फत विकासको लागि शिक्षा २०६४ को पेज ९७ देखि १०२ सम्म प्रस्तुत गर्नु भएको छ । यस लेख मार्फत नेपाल जस्तो ग्रामिण एवम् कृषि प्रधान देशमा शिक्षा, रोजगारी, उन्नत खेतिपाती एवम् पशुपालन तथा घरेलु उद्योग संचालनमा

आफ्नै स्रोतसाधनको अधिकतम् प्रयोग गरि उद्यशिलताको विकासका लागि ग्रामिण शिक्षाको माध्यम मात्र विकल्प रहेको लेखकको प्रमुख आसय पाइयो ।

सवल पक्ष

१) औद्योगिक क्रान्ति देखी सन् २००६ सम्मको झलक दिन सफल ।

२) नेपालको परिवेशमा सुहाउदो ।

३) ग्रामिण विकासमा अनौपचारिक शिक्षाको सन् २००६ सम्मको नेपालमा भएका प्रयासहरुको ज्ञान प्रदान गर्न सफल ।

४) अमेरिकी तथ्यांक सहित ग्रामिण विकास तर्फ अग्रसर गराउनका लागि सरकारको ध्यानाकर्षण गर्न सफल ।

५) ग्रामिण विकासका लागि स्वयं ग्रामिण जनताहरु पनि अग्रसर हुनपर्छ भन्ने मार्गदर्शन गर्न सफल ।

सुधारात्मक पक्ष

१) ग्रामिण विकासका लागि मार्गदर्शनमा नेपालको पृष्ठभूमिमा कमि

२) स्वदेशि तथा विदेशि ग्रामिण किकासको तथ्यांकहरुमा कमि

३) ग्रामिण विकास व्यवहारिक शिक्षासँग कमजोडेको ।

## २.२. अध्ययनको शैद्धान्तिक खाका

यस अध्ययनमा प्राप्त तथ्यांकहरुलाई विश्लेषण र प्रस्तुतिकरण गर्न व्यवस्थापनको प्रशासनिक सिद्धान्तलाई प्रयोग गरिएको छ । यस सिद्दान्तका विचारक हेनरी फोयल (१९१६) ले प्रत्येक संस्था तथा व्यक्तिसंग फरक कार्यशैलि, सामर्थ्य र क्षमता रहेको हुन्छ भन्ने उल्लेख गरेका छन् । क्षमताको आधारमा अधिकार प्रत्यायोजन गर्नुपर्दछ । फोयल (१९१६) ले व्यवस्थापन प्रक्रियका ६ वटा अन्तरसम्बन्धित क्रियाकलाम उल्लेख गरेका छन् यसमा प्रविधिक, व्यवस्थापकिय, वित्तिय, वाणिज्य, कर्मचारी तथा व्यवसाय सुरक्षा र लेखा सम्बन्धि क्रियाकलापलाई समेटेका छन् कार्य सफल हुनका लागि योजना संगठन, संचार, निर्देशन एवम् आपसी सहयोगको पारस्परिक सम्बन्ध हुनपर्दछ । जबसम्म व्यवस्थापन कार्यमा योजना, संगठन, निर्देशन, समन्वय र नियन्त्रणलाई एक अर्कोसंग

अन्तर सम्बन्धित गराइदैन तबसम्म कुनैपनि कार्यक्रम सञ्चालनमा संस्थाले सफलता प्राप्त गर्न सक्दैन । (फोयल १९१६, काफ्ले २०६२ द्धारा उद्धृत)

स्रोत र साधनका आधारमा काक्षाकोठाको भौतिक अनुकुलताको व्यवस्था, तह र स्तर अनुसारको फर्निचरको व्यवस्था, कालोपाटीको व्यवस्था, सामग्रीहरुको रखाई र सजावटको व्यवस्था, उचित तापक्रम र प्रकाशको व्यवस्था जस्ता कक्षाकोठा व्यवस्थापनका लागि आवस्यक पर्ने सम्पूर्ण भौतिक र शैक्षिक पक्षहरुको व्यवस्था गर्नु नै यस सिद्धान्तको मूल मर्म हो । कक्षाकोठा व्यवस्थापन कार्यमा आधारित भइ विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी, कर्मचारी र अभिभावकहरु समेतको आ-आफ्नो आधिकार र जिम्मेवारीको दायित्व बहन गर्नुपर्ने हुन्छ । व्यवस्थापन कार्ययमा संलग्न सरोकारवाला सबैलाई जागरुक र क्रियाशिल गराउन सक्नु नै यस सिद्धान्तको प्रमुख विशेषता मानिन्छ । प्रभावकारी व्यवस्थापन कार्य विना विद्यालय प्रशासक, शिक्षक, कर्मचारी र शिक्षण सिकाई कार्य विचमा सुमधुर र सम्बन्ध कायम गराउन सकिदैन । शिक्षणमा सुधार र गुणस्तर बृद्धि गराउन फोयलको व्यवस्थापन सिद्धान्तको माध्यमवाट अधिकार र जिम्मेवारीको सम्बन्धको प्रयोगद्धारा कक्षाकोठा भित्रको शिक्षण सिकाई कार्यमा दोहोरो अन्तक्रियात्मक सम्बन्ध स्थापना गराउन सक्नु पर्दछ । शिक्षण कार्यमा योजनाको निर्माण, छनौट र प्रयोगमा वालकेन्द्रित सामग्रीको पर्याप्तताले शिक्षण सिकाइ र कक्षाकोठा व्यवस्थापन दुवैकार्य व्यवस्थित हुन्छ । माथि प्रस्तुत सिद्धान्तको नियम र अवधारणाको आधारमा विद्यालय पनि एउटा संस्था हो । विद्यालयमा पनि प्रशासक वा प्रधानाध्यापक, शिक्षक, कर्मचारी, अभिभावक र विद्यार्थी विचमा व्यवस्थापन र शिक्षण सिकाइका लागि सकारात्मक सम्बन्ध हुनु आवश्यक हुन्छ । विद्यालयले निर्दिष्ट गरेको लक्ष्य र उद्देश्य प्राप्तिमा सहभागी सबैले व्यवस्थापनको मर्मलाई प्रयोगमा ल्याउन अपरिहार्य हुन्छ । कक्षाकोठा व्यवस्थापनका प्रभावकारीताका लागि शिक्षणका सुधार र विकासका निम्ति व्यवस्थापन पक्षमा सुधार ल्याउन आ-आफ्नो जिम्मेवारी र निर्देशन पुरा गरी अन्तरक्रियात्मक सम्बन्धद्धारा अगाडी बड्न सकेको खण्डमा मात्र कक्षाकोठा व्यवस्थापन कार्य सफल र फलदायि हुन सक्छ ।

आफ्नो आफ्नो कार्यमा खटेका कर्मचारी र विद्यार्थीहरुलाई जिम्मेवारी पुरा गर्ने क्रममा अनुशासित, इमान्दारी, कर्तब्यनिष्ठ भए वापत थप सेवा सुविधा उपलब्ध गराउनु पर्ने र गैर जिम्मेवारी पूर्ण भूमिका निर्वाह गर्नेलाई दण्ड र सजाय दिनुपर्ने कुरामा यस सिद्धान्तले जोड दिएको छ । यसरी सरोकारवाला सबैलाईै आ-आफ्नो जिम्मेवारी पुरा गर्दै अघि बढाउन सकिएको खण्डमा कक्षाकोठा

व्यवस्थापन कार्यक्रमले पूर्णता पाउन सक्दछ । त्यसैले कक्षाकोठा व्यवस्थापनमा फोयलको व्यवस्थापन सम्बन्धि सिद्धान्तको अनुसरण गर्नु सान्दर्भिक हुन्छ ।

## २.३. अनुसन्धानमा पुनरावलोकनको प्रयोग

सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापन विषयक यस अध्ययनले विद्यालयमा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र समूदायका विच व्यवस्थापन सिद्धान्तको सम्बन्ध कायम गराएर अघि बढ्न सकेमा शैक्षिक जगतको चौतर्फि विकासमा सहयोग पुऱ्याउने छ । यसका साथै उपलब्ध सिमित श्रोत र साधनको अधिकतम परिचालन गर्नमा समेत आवश्यक मार्ग निर्देश गर्नेछ । अनुसन्धान कर्ताको अध्ययनसंग सम्बन्धित पूर्व साहित्यको समिक्षाले ढाँचा छनोट, उद्देश्य निर्माण, क्षेत्र सिमांकन, अनुसन्धानको विधि, तथ्यांक खोजी, निष्कर्षको प्राप्ती साथै सुझाब प्रस्तुत सम्म गरेकोले मेरो अनुसन्धानमा पुनरावलोकित साहित्यको प्रयोग प्रशस्त भएको छ ।

शिक्षा ऐन र नियमावलीले दिएका सबै अधिकारको प्रयोग र कार्यान्वयन गर्नमा सामुदायिक विद्यालयहरु असक्षम देखिन्छन् कक्षा व्यवस्थापनमा शैक्षिक सामग्रीको संलग्नता, सजावट तह र स्तर अनुसारको फर्निचर लगायत बसाई र क्रियाकलापमुखी कार्यको व्यवस्था न्युन रहेको छ । यसलाई विभिन्न तत्वहरुले प्रभाव पारेको देखिन्छ कतै शिक्षक त कतै कक्षाकोठा र विद्यार्थी लगायत व्यवस्थापन पक्ष र कतै राजनितिको प्रभाव, व्यवस्थापन कार्य सिकारुहरुलाई उनिहरु कै क्रियाकलापद्धारा विषयबस्तु केन्द्रिय कार्य गराउन शिक्षकहरु कमजोर हुदै जानुको कहि न कहि कमजारी छ भन्ने निष्कर्षमा पुग्नुपर्ने हुन्छ । विद्यालयका प्रधानाध्यपक शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी अभिभावक र कर्मचारीहरुको कक्षाकोठा व्यवस्थापन कार्य सम्बन्धमा गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि उत्प्रेरणको प्रयोग खासै गरेको देखिदैन । व्यवस्थापन सम्बन्धि फोयलको सिद्धान्तले सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन कार्यका सम्पूर्ण पक्षको व्यवस्थालाई निर्दिष्ट उद्देश्यमा अभिप्रेरित गर्न सकिन्छ भन्नेमा बढी केन्द्रित भएको देखिएको छ । यस सिद्धान्तलाई शैशिक क्षेत्रमा संलग्न सबै सरोकारवालाहरुले कसरी कक्षा कोठामा व्यावस्थापन कार्यको सम्वन्धलाई स्थापीत गरेका छन् भनेर अध्ययन गर्न सान्दर्भिक देखिएकोले गर्दा यस सिद्धान्तको प्रयोग गरिएको छ ।

# परिच्छेद तीन :
# अध्ययन विधि

“गुणात्मक अनुसन्धानले प्राकृतिक अवस्थामा रहेका घट्ना तथा विषयवस्तुलाई वृहत रुपमा अध्ययन र विश्लेषण गर्ने गर्दछ” । अनुसन्धान एउटा जटिल महत्वपूर्ण एवम् वैज्ञानिक कार्य हो । नयाँ ज्ञान धारणको खोजी नै अनुसन्धान हो । यो खोजी कार्य तथ्यमा आधारित सत्यको नजिक हुन्छ । कुनैपनि किसिमको अनुसन्धानमा निश्चित प्रक्रिया र तरीकाहरु अपनाइने हुँदा त्यसमा प्रयोग भएका अध्ययन विधिले अनुसन्धान कार्यलाई आवश्यक सूचनाहरु प्रदान गर्दछ (कोथारी, २००४( । त्यसैले तोकिएको उद्देश्य पूरा गर्ने र अनुसन्धानात्मक प्रश्नले खोजेको उत्तर प्राप्त गर्ने किसिमको उपयुक्त अध्ययन विधिहरुको छनौट गर्नु अनुसन्धान कार्यका लागि ज्यादै महत्वपूर्ण हुन्छ ।

## ३.१ अध्ययनको ढाँचा

अध्ययनको ढाँचा अनुसन्धानको पूर्व योजना एवम् रणनीति भएकोले यसले अनुसन्धान कार्यलाई मार्ग निर्देशन प्रदान गर्दछ, (काउल, २०००) । गुणात्मक अनुसन्धानमा कुनै पनि अध्ययन क्षेत्रमा अध्ययनकर्ता आफै उपस्थित भई त्यसको अवस्था, घट्ना तथा समस्यासँग सम्बन्धित गुणात्मक सूचनाहरु संकलन गरी तार्किक निष्कर्षमा पुगिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ ।

साधरणतया यो अनुसन्धान गुणात्मक अनुसन्धानमा केन्द्रीत रहेर गरिएको छ । यस सोध कार्यमा विषयवस्तुको सम्बन्धित अन्तर्वार्ता, प्रश्नवली, स्थलगत अवलोकनको माध्यमद्धारा संकलित तथ्याङ्कबाट प्राप्त जानकारी र तथ्याङ्कलाई व्याख्यात्मक र वर्णनात्मक ढाँचामा प्रस्तुत गरिएको छ । तथ्याङ्क संकलनमा गुणात्मक विधिको प्रयोग गरिएको छ । यस अध्ययनको प्रमुख उद्देश्य सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापनको वास्तविक अवश्थाको अध्ययन गरि आगामी दिनमा यसको प्रभावकारीताका लागि सकारात्मक दृष्टिकोणको विकास गर्न मद्दत पुऱ्याउनु रहेको छ । स्रोत कर्ताले कक्षाकोठा व्यवस्थापन र त्यसले शिक्षण सिकाइमा पार्ने अन्य प्रभावहरुको बारेमा सरोकारवालाको दृष्टिकोणलाई प्राकृतिक अवस्थामानै खोज गर्नुपर्ने भएकोले प्राप्त सूचनाहरुको संकलनको आधारवाट विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## ३.२. जनसंख्या र नमुना

क) जनसंख्या

अनुसन्धानका लागि छनौट गरिएको मांतेवा गा.वि.स. अन्तरगतका चार वटा सामुदायिक विद्यालयहरुमा प्रत्यक्ष एवं परोक्ष रुपले सरोकार राख्ने प्र.अ., शिक्षकहरु, विद्यार्थीहरु, अभिभावकहरु, स्रोत व्यक्ति तथा वि.नि.जनसंख्याको रुपमा रहेका छन् ।

ख) नमुना

नमुना अध्ययन क्षेत्रको सम्पूर्ण जनसंख्यावाट झिकिएको एक सानो समूह हो । जसले सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गर्दछ अनुसन्धान कर्ताले सम्पूर्ण जनसंख्याको अध्ययन र विश्लेषण गर्न असमर्थ हुने हुदा अध्ययनका लागि प्रतिनिधित्व मूलक केही एकाई छनौट गरिएको थियो।

यस अध्ययनको उद्देश्य हाँसिल गर्न सम्भावना युक्त नमुना छनौट विधिद्धारा नमुना छनौटमा परेका सामुदायिक विद्यालय अन्तरगत मांतेवा गा.वि.स.का ९ वटा मध्ये छनौटमा परेका ४ विद्यालयवाट क्रमशः प्रधानाध्यापक १ जनाका दरले ४ जना, प्रत्येक विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्षहरु मध्येवाट १ जनाका दरले ४जना, विद्यालय निरिक्षक तथा स्रोत व्यक्ति मध्येवाट एक जना उद्देश्यमुलक नमुना छनौट विधिद्धारा नमुना छनौट गरियो । शिक्षकहरु मध्येवाट २ जनाका दरले जम्मा ८ जना, अभिभवकहरु मध्येवाट २ जनाका दरले जम्मा ८ जना, समूह छलफलका लागी विद्यार्थीहरु मध्येवाट ४ जनाका दरले जम्मा १६ जनालाई गरि जम्मा ३७ जनालाई र कक्षाकोठा अवलोकनका लागि प्रति विद्यालय ४ वटा कक्षाकोठाका दरले जम्मा १६ वटा कक्षाकोठाहरुलाई अनुसन्धानका निम्ती नमुना छनौटको रुपमा लिइएको छ ।

कुनै पनि विषयबस्तुको अध्ययन गर्दा अध्ययन क्षेत्रमा अध्ययनका इकाई ठुलो मात्रामा रहने हुंदा अध्ययन पूरा गर्न स्रोत साधन र समयको अभावहुन जान्छ । त्यस्तो अवस्थामा ति सबै सम्बन्धित अध्ययनका इकाईहरुको नमुना छनौट गर्ने क्रममा सम्भावना युक्त नमुना छनौट विधि अपनाइएको थियो । संखुवासभा जिल्लाको मांतेवा गा.वि.स. अन्तरगतका ९ वटा सामुदायिक विद्यालयहरुवाट ४ वटा विद्यालयलाई गोला प्रथाद्धारा नमुना छनौटका रुपमा छनौट गरिएको छ ।

## ३.३. तथ्यांक संकलनमा प्रयोग गरिएका साधनहरु

यस अध्ययनको तथ्याङ्क संकलनका निम्ती निम्न विधि तथा साधनहरुको निर्माण गरिएको छ । यो अध्ययनमा गुणत्मक विधि अन्तरगतका साधनहरुको प्रयोग गरिएको छ । अध्ययन अनुसन्धानका लागि प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक, विद्यालय निरिक्षक तथा स्रोत व्यक्ति र विद्यार्थीहरुसंग सूचनाहरु संकलन गरिएको थियो । ति सुचनाहरु संकलनका लागि निम्न लिखित साधनहरु प्रयोग गरिएको छ ।

### ३.३.१. स्थलगत अवलोकन

गुणात्मक अनुसन्धानको महत्वपूर्ण विधि मध्ये स्थलगत अवलोकन एक हो । यस अध्ययनमा सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन कार्यको विभिन्न पक्षहरुलाई अध्ययन गर्न अनुसन्धान कर्ताले प्रत्यक्ष अवलोकन विधि प्रयोग गरिएको थियो । विद्यालयको कक्षाकोठाको भौतिक अवस्थासंग कक्षाकोठा व्यवस्थापन सम्बन्धि फ्रोवेलको कक्षाकोठा व्यवस्थापन शिद्धान्तको सम्बन्ध समेत गाँसिने भएकोले विद्यालयको भवन, कक्षाकोठाको शिक्षण सिकाइमा उचित साधन स्रोतको प्रयोगको व्यवस्थापन, फर्निचर, झ्याल ढोकाको अवस्था, कालोपाटीको व्यवास्था, शैक्षिक सामग्रीको सजिसजावटको व्यवस्थापन पक्षको सर्वेक्षणका लागि स्थलगत अवलोकन गरिएको थियो ।

### ३.३.२. अन्तरवार्ता प्रश्नावली

सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापन अन्तरगत कक्षाकोठाको वास्तविक अवस्था पहिचान गर्नका लागि अध्ययन कर्ताको छनौटमा परेका विद्यालयका शिक्षक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, अभिभावकहरु, विद्यालय निरिक्षक तथा स्रोत व्यक्ति र विद्यार्थीहरुसंग कक्षाकोठा व्यवस्थापन कार्यसंग सम्बन्धित विबिध पक्षमा अन्तरवार्ता र प्रश्नावलीको निर्माण र प्रयोग गरिएको थियो । अन्तरवार्ताका लागी तयार पारिएका प्रश्नावलीहरुलाई अनुसुची १, २, ३, ४, ५, ६ मा राखिएको छ ।

### ३.३.३. समुहगत छलफल

यस अनुसन्धानका लागि आवश्यक जानकारीहरु हाँसिल गर्नको लागि छनौटमा परेका शिक्षक, विद्यार्थी, प्रधानाध्यापक र अभिभावकहरुसंग समुहगत रुपमा प्रश्नावली तयार पारी यसैका आधारमा छलफल गरिएको थियो । समुगत छलफलका लागी राखिएका प्रश्नावलीहरुलाई अनुसुचि ७ मा राखिएको छ ।

### ३.३.४. दस्तावेज

अध्ययनका लागि आवश्यक तथ्याङ्क तथा जानकारी प्राप्त गर्ने उद्देश्यले सम्बन्धित विद्यालयका विविध रेकर्डहरु, शैक्षिक स्मारिकाहरु, विद्यालय सुधार योजनाका दस्तावेज, अन्य प्रकाशित बुलेटिनहरु, बुकलेटहरु तथा शिक्षा विभागवाट प्रकाशित विद्यालयसंग सम्बन्धित तथ्याङ्क कक्षाकोठा व्यवस्थापन सम्बन्धि तालिम पुस्तिका र अध्ययनका लागि आवश्यक पुस्तक तथा पत्रपत्रिकाहरु, सोधपत्रहरु लगायत सरकारी र गैरसरकारी संघसंस्थाहरुले प्रकाशन गरेका शैक्षिक तथ्याङ्कहरु समेत पुनरावलोकन गरिएको थियो ।

## ३.४. तथ्याङ्कका स्रोतहरु

यस अध्ययनका लागि दुई प्रकारका स्रोतहरुको उपयोग गरिएको छ जनु यसप्रकार रहेका छन्ः

### ३.४.१. प्राथामिक स्रोतहरु

प्राथामिक स्रोतका लागि नमुना छनौटमा परेका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितीका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, स्रोत व्यक्ति तथा विद्यालय निरिक्षक, अभिभावक लगायत विद्यार्थीहरुलाई प्रत्यक्ष रुपमा अर्न्तवार्ता प्रश्नावलीको समुहगत छलफल तथा स्थलगत अवलोकन गरि कक्षाकोठा व्यवस्थापन कार्यका विविध पक्षका वारेमा आवश्यक सुचनाहरु संकलन गरिएको छ ।

### ३.४.२. द्धितीय स्रोतहरु

यस अध्ययन अनुसन्धानका लागी विभिन्न लेख, रचनाहरु, पुस्तक, शैक्षिक निति नियम र तथ्याङ्कहरु प्रतिवेदन कार्यान्वयन निर्देशिका, सोधपत्रहरु विद्यालयमा रहेका विभिन्न किसिमका रेकर्डहरु, फायलहरु र अभिलेखहरुवाट आवश्यक तथ्याङ्क र सुचनाहरु संकलन गरिएको थियो ।

## ३.५. तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनका लागि तथ्याङ्क संकलनका क्रममा छनौटमा परेका विद्यालयहरुमा अनुसन्धानकर्ता आफैं वास्तविक तथ्याङ्क र प्रमाणहरु संकलन गर्दा सम्भावनायुक्त नमुना छनौट विधिद्धारा मांतेवा गा.वि.स.मा पर्ने ९ वटा विद्यालयहरु मध्येवाट छनौटमा परेका ४ वटा सामुदायिक विद्यालयहरुमा केन्द्रित भएर प्राथामिक र द्धितीय दुबै किसिमका स्रोतहरुबाट आवश्यक तथ्याङ्कहरु संकलन गरिएको थियो ।

कक्षाकोठा व्यवस्थापनको वास्तविक अवस्था पत्तालगाउन आवश्यक अन्तरवार्ता निर्देशिका र प्रश्नावली निर्माण गरे पश्चात सम्बन्धित स्थलमा गई वितरण गरी गरिएको थियो । सम्बन्धित अध्ययनका लागि आवश्यक लेख, रचना, पत्रपत्रिका, रेकर्डहरु र विभिन्न अभिलेखहरु तथा प्रतिवेदनहरुवाट तथ्याङ्क संकलन गरिएको छ ।

तथ्याङ्क संकलनको क्रममा सरोकारवाला सबैलाई अध्ययनको उद्देश्यको बारेमा जानकारी गराई प्रत्यक्ष रुपमा अन्तरवार्ता निर्देशिका र प्रश्नावलीबाट पदाधिकारीहरुले लिएका उत्तरलाई डायरीमा टिपोट गरी आफुलाई चाहिएका तथ्याङ्कहरु संकलन गरिएको छ । यसका साथै नमुना छनौटमा परेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक, अभिभावक, प्रधानाध्यापक र विद्यार्थीहरु कार्यक्षेत्रमा भेटेर प्रश्नावली वितरण गरी आवश्यक जानकारी भर्न लगाइएको थियो । छनौटमा परेका समुह छलफल गरी आवश्यक तथ्याङ्कहरु संकलन गरिएको थियो ।

कक्षाकोठा व्यवस्थापन कार्यसँग सरोकार राख्ने विद्यालय व्यवस्थापन समितीका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, अभिभावक र विद्यार्थीहरुलाई प्रत्यक्ष भेटी छलफल चलाई आवश्यक तथ्याङ्क

संकलन गरिएको थियो भने स्थलगत रुपमा विद्यमान अवस्थाको बारेमा तथ्याङ्क संकलन गर्न अनुसन्धानकर्ता आफैले प्रत्यक्ष अवलोकन समेत गरेको थियो ।

## ३.६. तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययन तथा अनुसन्धानका लागि छनौट गरिएका नमुनाबाट सही तथ्याङ्क प्राप्त गर्न तयार पारिएको सामग्रीहरुको सहयताद्धारा तथ्याङ्क संकलन गरिसके पछि तथ्याङ्कलाई विश्लेषण तथा प्रस्तुतिकरण गर्नु एक महत्वपूर्ण कार्य हुन आउँछ । तथ्यााङ्कको सही विश्लेषणको आधारमा नै विषयबस्तुका समस्याका बारेमा निष्कर्षमा पुग्न सजिलो हुन्छ ।

अध्ययनको क्रममा संकलित तथ्याङ्कहरुलाई तिनीहरुको प्रकृतिको आधारमा वर्गिकरण गरी गुणात्मक तथ्याङ्कलाई आवश्यकता अनुसार प्रस्तुतिकरण र विश्लेषण गरी तथ्य परक बनाउन व्याख्या र विश्लेषणको आवश्यकता पर्ने गर्दछ । यसकारण तथ्याङ्क विश्लेषण गर्ने क्रममा तथ्याङ्कलाई विभिन्न मुख्य शिर्षक र उपशिर्षकमा राखी व्याख्यात्मक रुपमा विश्लेषण गरिएको छ ।

## परिच्छेद चार :
## नतिजाको विश्लेषण र प्रस्तुतीकरण

यस अध्ययको उद्देश्यको परिपूर्तिका लागि विभिन्न साधानहरुको प्रयोग गरि प्राप्त हुन आएका तथ्य तथ्याङ्कहरुलाई उद्देश्य अनुसार विभिन्न शिर्षक तथा उपशिर्षकमा विभाजन गरी अध्ययन गरिएको छ । यसका साथै अध्ययन क्षेत्रबाट प्राप्त सुचना र तथ्याङ्कलाई अध्ययनको वैचारिक खाकासँग एकाकार गरी प्रस्तुतिकरण र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.१ कक्षाकोठा व्यवस्थापन कार्य

सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन शिर्षक अन्तरगत अध्ययन गरिएका मांतेवा गा.वि.स.मा पर्ने ९ वटा विद्यालयहरु मध्ये नमुना छनौटमा परेका ४ वटा विद्यालयहरुका विद्यालयको भौतिक सुविधाको आधारमा विद्यालयमा कक्षाकोठाको भौतिक स्रोतसाधनको व्यवस्था, कक्षाकोठाको वातावरण र सरसफाई, कक्षाकोठामा शैक्षणिक सामग्रीहरुको अवस्था र विद्यार्थीको बसाई प्रक्रिया आदि विषयमा सरोकारवाला समुहसँग छलफल, अन्तरवार्ता, प्रश्नावली र स्थालगत अवलोकनबाट प्राप्त तथ्याङ्कलाई निम्नलिखित उपशिर्षकमा राखी प्रस्तुतिकरण गरिएको छ ।

### ४.१.१. विद्यालय र कक्षाकोठाको भौतिक स्रोतसाधन

अध्ययनका क्रममा छनौटमा परेका विद्यालयहरुको भौतिक स्रोतसाधनको व्यवस्थापनको अवस्था पत्ता लगाउनका लागि प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय निरिक्षक तथा स्रोत व्यक्ति, अभिभावक लगायत विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग समेत अन्तरवार्ता लिइएको थियो । स्थलगत अवलोकन, छलफल र अन्तरवार्ताबाछ प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा निम्नासार कार्यगत अवस्था रहेको पाइयो ।

विद्यालयको स्थलगत अध्ययन गर्ने क्रममा जिवन ज्योति माध्यमिक विद्यालय मांतेवा, वागिश्वरी नि.मा.वि.छिडखा, सूर्योदय नि.मा.वि. वेन्छोङ्ग र चन्द्र ज्योती प्रा.वि. छिडखा छनौटमा परेका

कक्षाकोठाहरु मध्ये जिवन ज्योती मा.वि.का कक्षाकोठा सिमेन्ट गरेको र अन्य सबै विद्यालयको कक्षाकोठाहरुमा धुलो भुई भएको अवलोकनवाट पाइयो ।

कक्षाकोठा व्यवस्थापन भनेका सिकारुहरुको आवस्यक ज्ञान, शिप र धारणलाई प्राप्ती गर्ने थलो भएकोले यसको उचित व्यवस्थापनमा ध्यान नपुग्दा शिक्षण सिकाई प्रक्रिया प्रभावकारी बन्न नसकेको प्रमाण पाइन्छ ।

विद्यालय भवनको अवश्था र रहेको स्थानले गर्दापनि कक्षाकोठा भित्रको शिक्षण सिकाई प्रक्रियालाई प्रभाव पार्ने गर्दछ । जिवन ज्योति मा.वि.मा जम्मा ६ वटा भवनहरु ३ वटा शौचालय भवन, २ वटा स-साना खेलमैदान समेत रहेको पाइयो । त्यसमध्ये एउटा पुरानो भवनमा शिक्षक आवास, अर्को पुरानो भवन प्रयोग विहिन अवस्थामा थियो । २ वटा ब्लक जिल्ला शिक्षा कार्यालयको सहयोगमा बनेको, एउटा ८ कोठे आर.सि.सि. वाला भवन ब्रिटिस गोर्खा भुतपुर्व सैनिक संघ संखुवासभाको सहयोगमा निर्माण भएको भन्ने प्रधानाध्यापकबाट जानकारी पाइयो ।

विद्यालय भवनको आधारमा उक्त विद्यालयको भौतिक अवस्था मजबुत रहेको पाइयो । तर भौगोलिक अवस्थाले गर्दा भवनहरु एकत्रित हुन नसक्नुले कक्षाकोठा व्यवस्थापनमा कठिनाई हुने सम्भावना देखिन्छ । जसमा १८ कक्षाकोठाहहरु थिए त्यस मध्ये एक स्टाफ कोठा, एक पुस्तकालय, एक स्रोत केन्द्र, विज्ञान प्रयोगशाला तथा कम्प्युटर कोठा जसमा १ कम्प्युटर एक (फोटोकपि मेसिन), २ वटा कोठा शिक्षक निवास, २ कोठा प्रयोग विहिन र बाँकी कोठाहरुमा शिशु कक्षा देखी कक्षा १० सम्म पठनपाठन हुने गरेको पाइयो ।

वागेश्वरी निम्न माध्यमिक विद्यालय हिगुवामा जम्मा ४ वटा भवनहरु, एक सानो खेलमैदान र १ शौचालय समेत रहेको पाइयो दुर्गम क्षेत्रमा रहेको प्रस्तावित निम्न माध्यमिक विद्यालयमा स्थापना कालको पूरानो २ भवन र जिल्ला शिक्षा कार्यालयको सहयोगमा बनेका २ वटा भवन गरी जम्मा ४ वटा भवन रहेको भन्ने प्रमाण सो विद्यालयको प्रधानाध्यपकवाट जानकारी पाइयो । जसमा एक स्टाफ कोठा समेत १० कोठाहरु सबै धुले भुई भएका कोठाहरु छन् । जसमा शिशु कक्षा देखि कक्षा ८ सम्म पठनपाठन हुनेगरेको पाइयो । प्राप्त प्रमाणको आधारमा उक्त विद्यालय भौतिक रुपमा कमजोर रहेको पाइयो ।

सूर्योदय निम्न माध्यमिक विद्यालय वेन्छोङ्गमा ३ वटा भवनहरु २ साना खेलमैदान २ वटा शौचालय भएको शान्त र मनोरम स्थलमा रहेको पाइयो । जसमा स्थापना कालको १ भवन र जिल्ला शिक्षा कार्यालय संखुवासभाको सहयोगमा निर्माण भएको १ वटा भवन रहेको जानकारी अवलोकन र प्रधानाध्यापकवाट जानकारी पाइयो । उक्त विद्यालयमा जम्मा १० ओटा कक्षाकोठाहरु थिए जसमा १ वटा अफिस कोठा र बाँकी कक्षाकोठाहरुमा शिशु कक्षा देखी कक्षा ८ सम्म पठनपाठन कार्य संचालन हुने गरेको पाइयो । प्राप्त प्रमाणका आधारमा यस विद्यालय पनि भौतिक रुपले कमजोर रहेको पाइयो ।

चन्द्र ज्योती प्राथामिक विद्यालय छिडखामा जम्मा २ वटा भवनहरु १ शौचालय र एक खेलमैदान समेत रहेको शान्त स्थानमा अवस्थित रहेको पाइयो । उक्त २ वटै भवनहरु जिल्ला शिक्षा कार्यालय संखुवासभाको सहयोगमा निर्माण भएको प्रमाण अवलोकन र प्रधानाध्यापकवाट जानकारी पाइयो । जसमा ८ वटा कोठाहरु थिए । जसमा १ अफिस कोठा १ स्टोर कोठा र बाँकी कोठाहरुमा शिशु कक्षा देखी ५ कक्षा सम्म पठनपाठन कार्य संचालन गर्ने गरेको पाइयो । प्राप्त प्रमाणका आधारमा सबै कोठाहरु घुले भुई भएतापनि कक्षा संचालनको हिसाबले हेर्दा भौतिक रुपमा सम्पन्न रहेको पाइयो जसको कारणले शिक्षण सिकाइ प्रक्रियामा समेत सकारात्मक प्रभाव पारेका देखिन्छ ।

कक्षाकोठा व्यवस्थापन प्रक्रियालाई व्यवस्थित गर्नको लागि कक्षा भित्र सुचना र संचार प्रविधिका सामग्रीहरुको व्यवस्थापन हुन नसकेको पाइयो । विद्यालयमा प्रधानाध्यपक, शिक्षक र विद्यार्थी विचमा योजनबद्ध रुपमा कार्य गर्ने सम्बन्धमा शिक्षण सिकाइ र कक्षकोठा व्यवस्थापन प्रक्रियाका निम्ति योजना बनाउने, संगठन गर्ने, निर्देशन दिने, समन्वय गर्ने, नियन्त्रण गर्ने जस्ता कार्यमा समेत आपसी एकता, विश्वास कायम गर्दै अघि बढ्नु पर्ने देखिन्छ । संस्थागत र सामुहिक प्रगति तथा शिक्षण सिकाइमा सकारात्मक परिवर्तन ल्याउनका लागि सामुदायिक विद्यालयका सरोकारवाला सबैमा पारस्परिक रुपमा दोहोरो सम्बन्ध कायम नरहेको उत्तरदाताहरुको जवाफ पाइयो । यसका लागि उनिहरुले सबै कक्षालाई समेट्ने गरी कार्यक्रम संचालन गर्नुपर्ने सुझाव दिए ।

राष्ट्रिय शिक्षाको लक्ष्य उद्देश्य प्राप्तीका लागि कक्षाकोठा व्यवस्थापन प्रक्रियाको उचित प्रबन्धवाट मात्र शिक्षण सिकाईलाई रोचक र सार्थक बनाउन सकिने उत्तरदाताले बताएका छन् । विद्यार्थीहरुले विद्यालयको अधिकांस समय कक्षाकोठामानै विताउनु पर्ने भएकोले गर्दा उनिहरुलाई बस्न र लेख्नका

लागि सामान्य सुविधायुक्त र पर्याप्त डेक्स तथा वेन्चहरुको आवश्यकता हुन्छ । शिक्षा ऐन अनुसार डेक्स तथा वेन्चहरु तह र स्तर अनुसारको फरक फरक उचाई भएका हुनपर्ने उल्लेख गरिएको छ ।

नमुना छनौटमा परेका विद्यालयहरु मध्ये जिवन ज्योती माध्यमिक विद्यालयको शिसु कक्षामा कार्पेट ओछ्इएको पाइयो र अन्य तहका विद्यार्थीहरुमा पनि पर्याप्त संख्यामा डेक्स तथा वेन्चको व्यवस्था भएको पाइयो । प्राप्त प्रमाणका आधारमा फर्निचरको उचित व्यवस्थापनवाट कक्षाकोठा भित्रको शिक्षण सिकाई कक्षाकोठा व्यवस्थापन प्रक्रियामा सकारात्मक प्रभाव परेको देखिन्छ भने सानो कक्षाहरुमा स्तर अनुसार भन्दा केही अग्लो वेन्चहरु राखिनुले उनिहरुको शिक्षण सिकाई प्रक्रियामा प्रत्यक्ष प्रभाव पर्ने देखिन्छ ।

वागिश्वरी नि.मा.वि., सूर्योदय नि.मा.वि. र चन्द्रज्योति प्रा.वि.हरुमा शिशु कक्षाहरुमा गुन्द्रि ओछ्इएको पाइयो भने ति विद्यालयका अन्य कक्षाहरुमा पर्याप्त मात्रमा डेक्स र वेन्चको व्यवस्था भएको पाइयो । फर्निचरको उचित व्यवस्थाले गर्दा सिकारुको समग्र शिक्षण सिकाईमा र कक्षाकोठा व्यवस्थापन प्रक्रियामा समेत सकारात्मक प्रभाव पार्ने प्रमाण पाइन्छ त्यसैगरी उक्त विद्यालयहरुमा पनि डेक्स वेन्चहरुको साइज नमिलाइनुले शिक्षण सिकाई प्रक्रियामा प्रत्यक्ष प्रभाव पार्ने देखिन्छ ।

अनुसन्धानका क्रममा व्यवस्थित कक्षाकोठा फर्निचरको व्यवस्था कस्तो हुन पर्दछ भनि प्रश्न गर्दा उनिहरुको जवाफ यस्तो पाइयो “कक्षाकोठामा फर्निचरको व्यवस्थापन वालकको तह र स्तर अनुसार पर्याप्त संख्यामा गरिनु पर्दछ र फर्निचरको बनोट सरल र सुरक्षात्मक ढाँचामा निर्माण गरिएको हुनु पर्दछ ।” उक्त भनाइले कक्षाकोठामा प्राप्त गरिने ज्ञान, शिप र धारण हाँसिल गर्नको लागि विद्यार्थीहरु बस्ने वेन्चहरु सुविधायुक्त र पर्याप्त संख्यामा उपलब्ध हुन पर्दछ । कक्षाकोठा व्यवस्थापन प्रक्रिया व्यवस्थित बनाई शिक्षण सिकाईमा समेत सुधार र अपेक्षाकृत शैक्षिक उपलब्धि हाँसिल गराउन व्यवस्थापन पक्षले थप ध्यान दिनु पर्ने देखिन्छ ।

कक्षाकोठा व्यवस्थापन प्रक्रियामा बिजुली बत्ति भएको स्थानमा आधुनिक शिक्षण प्रविधिको प्रयोगलाई सरल र सहज बनाउन सकिन्छ । कक्षाकोठा व्यवस्थापन प्रक्रियामा विद्युतिय सामग्रीहरुको प्रयोगमा समेत विशेष ध्यान पुऱ्याउन सक्नुपर्दछ भन्ने उत्तरदाताको जवाफ पाइन्छ । कक्षाकोठा भित्र कम्प्युटर, टि.भि., रेडियो, क्यासेट, ओभरहेड प्रोजेक्टर आदि सामग्रीहरुलाई

सजिलैसँग प्रयोग गर्न सकिने गरि कक्षाकोठा व्यवस्थाप प्रक्रियालाई व्यवस्थित गर्न नसकेको प्रमाण पाईन्छ ।

जिवन ज्योति मा.वि.मा एक क्यासेट एक कम्प्युटरका साथै एउटा प्रिन्टर समेतको फोटोकपि मेसिन रहेको पाईयो उक्त कम्प्युटरलाई विद्यालयको प्रशासनिक कार्य तथा कक्षा ६ का विद्यार्थीको पठनपाठन कार्य संचालन गर्न प्रयोगमा ल्याइएको पाइयो जसको प्रभावले सिकारुहरु कक्षामा नियमित उपस्थित हुने र अभिरुचि साथ सहभागी हुने गरेको पाइयो ।

बागेश्वरी नि.मा.वि. र सुर्योदय नि.मा.वि.हरुमा एक एक वटा क्यासेटहरु मात्र भएको पाइयो । जस्ले गर्दा विशेष गरेर कक्षा ६ का विद्यार्थीहरुलाई इच्छाधिन विषय कम्प्यूटर शिक्षा पढाउन समस्या भएको र कम्प्युटर खरिद गर्ने पहल भैरहेको कुरा पनि त्यहाँका प्रधानाध्यापकवाट जानकारी भयो । कम्प्युटर विना कसरी शिक्षण गर्नु हुन्छ ? भनेर प्रश्न गर्दा किताबको अक्षर र चित्रहरुवाट शिक्षण गर्नुपर्ने वाध्यता रहेको र जस्को कारण सिकाइमा ठूलो बाधा परेको कुरा स्वीकार्नु हुन्छ । आजको विज्ञान र प्रविधिको युगमा बिना कम्प्युटर कम्प्युटर शिक्षा पढाई हुनु विडम्बनाको कुरा देखिन्छ ।

त्यस्तै चन्द्रज्योती प्रा.वि.वेन्छोडमा बिजुली बत्तिको व्यवस्था नभएकोले एउटा रेडियो बाहेक अन्य विद्युतीय सामग्रीहरु नरहेको पाइयो जसको अभाववाट सिकारुहरुमा सिकाई प्रति थप हौसल्ला बढाउन सामग्रीको व्यवस्था गर्न नसकेको पाईयो । प्रविधिको व्यवस्थापन राम्रो भएमा कक्षाकोठा भित्रको शिक्षण सिकाई रोचक हुनका साथै समयसापेक्ष व्यवहारिक र गुणस्तरिय समेत हुने गर्दछ भन्ने जवाफ दिए । प्राप्त प्रमाणवाट कक्षाकोठा व्यवस्थापन प्रक्रियामा समेत प्रभाव पार्ने गरेको पाईन्छ ।

कक्षाकोठा व्यवस्थापन प्रक्रियालाई वैज्ञानिक ढाँचामा संचालन गर्नका लागि सरोकारवालाहरु सबै मिलेर कक्षाकोठामा प्रविधिको व्यवस्थापन र संचालनमा विशेष जोडदिनु पर्ने सुझाव उत्तरदाताहरुले दिएकाछन् । त्यसैले गर्दा अध्ययनको विश्लेषण फोयलको व्यवस्थापन सम्बन्धि सिद्धान्तसँग मेल खाएको छ ।

### ४.१.२. कक्षाकोठाको सरसफाइ र वातावरण

शिक्षण सिकाइ क्रियाकलापको मुटु भनेकै कक्षाकोठा व्यवस्थापन कार्य हो । कक्षाकोठा व्यवस्थापन कार्यमा कक्षाकोठा भित्रको र विद्यालय वरिपरिको वातावरणले प्रत्यक्ष असर पुऱ्याउने गर्दछ । कक्षाकोठा व्यवस्थापन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन कक्षाकोठाको आकार र प्रकारले प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । कक्षाकोठाको लम्बाई, चौडाई र उचाई कति रहेको पाउनुभयो भनी स्रोत व्यक्ति तथा विद्यालय निरिक्षकलाई सोधिएको प्रश्नको जवाफमा यस्तो उत्तर बताए शिक्षा नियमावलीमा उल्लेख गरे अनुसार कक्षाकोठाको साइज ३०X१६ फिटको र उचाई नौ फिटको हुनुपर्ने भनिएता पनि अवलोकन गरिएका कक्षाकोठामा विद्यार्थीका लागि बस्ने डेक्स वेन्च राख्न र क्रियाकलाप संचालन गर्नका लागि समस्या नरहेको प्रमाण उत्तरदातावाट पाइयो ।

अवलोकन गरिएका १२ वटा कक्षाकोठामा ४०/४० जनाका दरले विद्यार्थी रहन सक्नेगरी निर्माण गरिएको र बाकी ४ वटा कक्षाकोठामा २५/२५ जना भन्दा बढी अटाउन नसक्ने अवस्था रहेको पाइन्छ । व्यवस्थित कक्षाकोठा व्यवस्थापन प्रक्रियामा विद्यार्थीलाई वेन्चमा बस्न र बाहिर निस्कन सजिलो हुने, एक अर्कालाइै बाधा अड्चन नहुने गरी बसाई गर्न सकिने खालको वातावरण नरहेको देखिन्छ । कक्षाकोठामा कक्षाको चारैतिरवाट विद्यार्थी सम्म पुग्न सकिने बाटोको व्यवस्था र कक्षा क्रियाकलापका लागि आवश्यक ठाँउको समेत उचित व्यवस्था भएको पाईएन । कक्षाकोठा व्यवस्थापन प्रक्रियाको वातावरण व्यवस्थित भए मात्र त्यस भित्र गरिएका शिक्षण सिकाइ क्रियाकलाप समेत रोचक र प्रभावकारी हुने गर्दछ भन्ने जवाफ उत्तरदाता पाइयो ।
सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापन प्रक्रिया शिर्षक गरिएको अनुन्धान कार्यमा अनुसन्धान गरिएका जिवन ज्योती माध्यमिक विद्यालयका कक्षाकोठाहरु न्यूनतम ४०/४० जना सजिलै अटाउन सकिने खालको भएको पाइयो । ती विद्यालयका कक्षाकोठाको आकार आवश्यकता अनुसार अनुकुल पाइएकाले शिक्षण सिकाइ कक्षाकोठा व्यवस्थापन प्रक्रियामा पनि सकारात्मक प्रभाव पारेको पाइयो । त्यस्तै अन्य तीन वटा विद्यालयका कक्षाकोठाहरुमा न्यूनतम २५/२५ जना सजिलै अटाउन सकिने खालका भएको पाइयो । कक्षाकोठाको उचित आकार र प्रकार रहेकोले गर्दा शिक्षण सिकाइ, बसाई र फर्निचर रखाई प्रक्रियामा सकारात्मक प्रभाव परेको पाइन्छ ।

अनुसन्धान गरिएका एक वटा विद्यालयको कक्षाकोठामा आवश्यक प्रकाशको व्यवस्था नभएको पाइयो । विद्यालय निर्माण गर्दानै प्रकाशको व्यवस्थाका लागि प्राकृतिक र कृतिम दुवै खालको

व्यवस्था कक्षाकोठामा गर्दा शिक्षणमा सकारात्मक प्रभाव पर्ने देखिन्छ । नेपालको भौगोलिक विकटताको कारण सबै क्षेत्रका विद्यालयमा विद्युत सेवा नपुगेको प्रमाण अवलोकनवाट पाइयो । त्यसैले कक्षाकोठामा उपयुक्त प्रकाशको व्यवस्था हुने गरी प्राकृतिक प्रकाशको व्यवस्था गरिएको हुनुपर्दछ । अध्ययन गरिएका तीनवटा विद्यालयहरुका कक्षाकोठाहरुमा आवश्यक मात्रामा झ्याल र ढोका तथा प्रकाश छिर्ने जस्ताहरुको समेत कक्षाकोठाको बनोट अनुसार व्यवस्था गरिएको पाइयो ।

विद्यालयहरुमा झरीवादलमा समेत उचित प्रकाशको व्यवस्थापनले गर्दा कक्षाकोठा भित्रको शिक्षण सिकाइमा सकारात्मक प्रभाव परि कक्षाकोठा व्यवस्थापन प्रक्रियामा समेत प्रभाव परेको पाईयो । शिक्षण सिकाई प्रक्रियालाई रोचक र प्रभावकारी रुपमा संचालन गर्नको लागि कक्षाकोठा भित्रको तापक्रम उपयुक्त हुनपर्दछ । कक्षाकोठा भित्र रहेको अनुकुल तापक्रमले मात्र विद्यार्थीको शिक्षण स्वास्थ्य सम्बन्धि कार्यकुसलतामा समेत प्रत्यक्ष प्रभाव पार्दछ । कक्षाकोठाको तापक्रम न्यूनतम् ६० डिग्री देखी ७० डिग्री फोरेनहाइट सम्मको हुनुलाई उपयुक्त भएको मानिन्छ । नेपालका उच्च हिमाली भेगमा जाडो याममा तापक्रम बढाउन कृतिम स्रोतमा भरपर्नुपर्ने वाध्यता रहेको पाइन्छ । स्रोत साधनले धान्न सकेसम्म मात्र उचित तापक्रमको व्यवस्थापन गर्न सकिन्छ । अध्ययन गरिएका चारवटै विद्यालयहरु १२०० मि.भन्दा माथिको उचाईमा रहेको हुनाले जाडो समयमा कक्षाकोठामा उचित तापक्रमको व्यवस्था मिलाउने कुनै स्रोत र साधन नभएपनि अन्य समयमा विद्यालयका कक्षाकोठाहरुमा उचित तापक्रमको व्यवस्था भएको पाईयो जसको प्रभावले कक्षाकोठा भित्रको शिक्षण सिकाइलाई सकारात्मक प्रभाव पारेको र विशेष गरेर जाडो महिनामा पर्ने पुस, माघ र फाल्गुन महिनामा जाडो बढ्नाले नकारात्मक प्रभाव पारेको पाइयो ।

सिकारुहरुले दैनिक रुपमा अध्ययनका क्रममा अधिकांस समय कक्षाकोठा भित्र रहनुपर्ने भएकोले कक्षाकोठामा धुलो, कसिंगर, कागजका टुक्राहरु यत्रतत्र रहन दिनुहुदैन । अध्ययन गरिएका चारवटै विद्यालयका कक्षाकोठा भित्र दैनिक रुपमा बढार्ने गरेको, फोहोर व्यवस्थापनका लागी विद्यार्थीहरुमा कार्य विभाजन गरेको समेत पाईयो । प्राप्त प्रमाणवाट शिक्षण सिकाई र कक्षाकोठा व्यवस्थापन प्रक्रिया दुबै कार्यमा सरसरफाईको कारण व्यवस्थापनमा सकारात्मक प्रभाव पर्न गएको पाइन्छ । कक्षाकोठा दैनिक छुट्टी भैसकेपछि वा कक्षाकार्य सुरु हुनुभन्दा आगाडी सरसफाई गर्नको लागि चारवटै विद्यालयमा पियनको व्यवस्था गरेका पाईयो । स्थलगत अवलोकनवाट सबै विद्यालयका कक्षाकोठाहरु दैनिक रुपमा सफा गर्ने गरेको पाईयो । सरसफाइको राम्रो अवश्था रहेकाले ति

विद्यालयका शिक्षण सिकाईमा समेत सकारात्मक प्रभाव परेको प्रमाण पाईन्छ । विद्यालयका कक्षाकोठा भित्र खानेपानिको उचित प्रबन्ध नभएमा विद्यार्थीहरु पानी खानका लागि भनि कक्षाकोठा बाहिर पालैपालो निस्कन्छन् जस्को प्रभाववाट कक्षाको शिक्षण सिकाई, कक्षाकोठा व्यवस्थापन कार्यमा समेत नकारात्मक प्रभाव हुने गरेको पाईन्छ ।

अध्ययन गरिएका चारवटै विद्यालयहरुमा विद्यालय परिसर भित्र खानेपानीको धारा जडान गरिएको तथा अफिस कोठामा सबै विद्यालयहरुले खानेपानी राख्ने गरेको पाईयो । अध्ययन गरिएका सबै विद्यालयहरुमा खानेपानी र सरसफाई सम्बन्धि उचित व्यवस्थापन गरेको पाइनुले शिक्षण सिकाईमा सकारात्मक प्रभाव पर्नुका साथै कक्षाकोठा व्यवस्थापन कार्यमा सकारात्मक प्रभाव पारेको देखिन्छ भने विद्यार्थीहरुको कक्षाकोठा भित्रनै खानेपानीको व्यवस्था नहुनाले विद्यार्थीहरुले पानि पिउन कक्षाकोठा बाहिर पालैपालो जाँदा शिक्षण सिकाइ एवं कक्षा कोठा व्यवस्थापनमा समेत नकारात्मक असर पर्ने देखिन्छ ।

शिक्षण सिकाइलाई समय सापेक्ष बनाउन र सिकारुको चौतर्फि विकास गराउनका लागि आवश्यक मात्रमा अतिरिक्त क्रियाकलापहरुको संचालनको अवश्यकता पर्दछ । उक्त कार्य संचालन गर्न कक्षाकोठा भित्र आवश्यक मापदण्ड अनुसारको पर्याप्त क्रियाकलाप गर्ने ठाँउ नपाइएता पनी पाठ्यक्रमद्धारा निर्दिष्ट वादविवाद, हाजिरी जवाफ जस्ता क्रियाकलापहरु भने संचालन हुने गरेको उत्तरदातावाट जवाफ पाइयो । सबै विद्यालयहरुमा शुक्रवारका दिन अतिरिक्त क्रियाकलापहरु र विद्यालय हाता पनी सरसफाइ गर्ने गरेको प्रमाण छलफल र स्थलगत अवलोकनवाट पाईयो । शिक्षक विद्यार्थी प्रधानाध्यापकलाई विद्यालयमा उपलब्ध वातावरण र सरसरफाईको अवस्था बारेमा तपाँईहरु सन्तुष्ट हुनुहुन्छ भन्ने प्रश्नको जवाफमा स्थानिय स्रोत साधन र ठाँउ परिवेश अनुसार प्राप्त सुविधा प्रति आफुहरु सन्तुष्ट रहेको भनाई व्यक्त गरेका थिए । विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र पियन सबैले आ-आफ्नो दायित्व र कर्तब्य पूरा गर्नमा निरन्तर पेशामा लागेको प्रमाण पाइयो तसर्थ सरसफाई र खानेपानीको उचित व्यवस्थापन प्रक्रियाद्धारा शिक्षण सिकाई कक्षाकोठा व्यवस्थापन कार्यमा सकारात्मक प्रभाव पारेको पाईन्छ ।

### ४.१.३. शैक्षिक सामग्री रखाई प्रक्रिया

शैक्षणिक सामग्री त्यस्तो साधन हो जसले शिक्षण सिकाईलाई लक्ष्यमा पुऱ्याउन मद्दत गर्दछ । कक्षाकोठा व्यवस्थापन अन्तरगत सामग्रीको रखाई व्यवस्थाले शिक्षण सिकाईमा सकारात्मक प्रभाव पार्ने गरेको पाइन्छ । कक्षाकोठा व्यवस्थापन प्रक्रियामा कालोपाटीको उचित व्यवस्थापन र त्यसको शिक्षण सिकाईमा हुने गरेका प्रयोगको अवस्थाले महत्वपूर्ण स्थान ओगटेको पाइन्छ । सामुदायिक विद्यालयहरुमा कालोपाटीनै शिक्षण सिकाई प्रक्रियाको र कक्षाकोठा व्यवस्थापन कार्यको लागि महत्वपूर्ण दृश्य सामग्री भएको पाइन्छ । कालोपाटीनै देशभर अति उपयोगी र सर्वसुलभ तथा सर्वव्यापि दृश्यमुलक शैक्षिक सामग्री हो । यसै सामग्रीको प्रयोगवाट शिक्षकले कक्षाकोठामा शिक्षण सिकाई क्रियाकलापलाई सुचारु राखेका पाइन्छन् । कालोपाटीको बनोट न्यूनतम् ३x४.५ फिटको हुनपर्ने मापदण्ड शिक्षा नियमावलीमा तोकिएता पनि आवश्यकता अनुसार फरक फरक साइज र रंगको समेत बनाउने गरेको पाइयो ।

अनुसन्धान गर्दाको बखतमा चारवटै विद्यालयका कक्षाकोठाहरुमा कालोपाटीको बनोट रखाईको अवश्था र रंग रोकन समेत उपयुक्त खालको पाइयो । ति विद्यालयहरुमा कालोपाटीको व्यवस्था सबैले देख्ने, प्रकाशले नटल्कने, विद्यार्थीको आँखाको समानान्तर सिकारुहरुले पनि आवश्यकता अनुसार लेख्न र प्रयोग समेत गर्न सक्ने गरी व्यवस्था गरेको पाईयो । उक्त तथ्यले कक्षाकोठा भित्र गरिने क्रियाकलापमा कालोपाटीको उचित र प्रभावकारी व्यवस्थापनद्धारा शिक्षण सिकाइमा सकारात्मक प्रभाव परेको पाईयो । सामुदायिक विद्यालयको कक्षाकोठा भित्रको शिक्षण सिकाई प्रक्रियामा कालोपाटीको उपयुक्त बनोट समेतको प्रयोगको स्थिती पाईयो । समग्र शिक्षण प्रक्रियाको उपलब्धि बढाउनमा कालोपाटीको उचित व्यवस्थापन भएको पाइनुले कक्षाकोठा व्यवस्थापन कार्यमा सकारात्मक प्रभाव पर्ने गरेको पाइन्छ । कक्षाकोठाको वातावरण रोचक तथा आकर्षक बनाउन र शिक्षणलाई वालसुलभ, वालमैत्रिपूर्ण बनाउन कक्षाकोठालाई शैक्षणिक सामग्रीहरुले सिगार्नु पर्दछ ।

कक्षाकोठालाई त्यस्तो प्रकारले सजाउन पर्दछकी ति सामग्रीहरुको सजावटले गर्दा नै विद्यार्थीहरुले अवलोकलवाटै सम्बन्धित विषयबस्तुका धेरै कुरा सिक्ने खालको हुनपर्दछ । कक्षाकोठामा शैक्षिक सामग्री थोरैमात्रामा भएपनि सजावटले सिकारुको शिक्षण वातावरण र सिकाई उपलब्धि समेत बढाउन सकारात्मक प्रभाव पारेको पाइयो । यसलाई अझबढी प्रभावकारी बनाउन थप शैक्षिक सामग्रीहरुको सजावट र व्यवस्थालाई ध्यान दिन पर्ने देखिन्छ । प्रभावकारी शिक्षण सिकाईका लागि

शैक्षणिक सामग्रीको निरन्तर प्रयोग गर्ने बानीले शिक्षण सिकाई प्रक्रियालाई सरल प्रभावकारी बनाउन महत्वपूर्ण स्थान ओगटेको हुन्छ । एउटै सामग्री पनी विभिन्न समय र विभिन्न पाठमा प्रयोग गर्न सकिने भएकाले त्यस्ता सामग्रीलाई कक्षाकोठा भित्रै राख्नका लागि दराजको व्यवस्था नभएको पाइन्छ । त्यस्ता सामग्रीहरुको उचित व्यवस्थाले शिक्षक र विद्यार्थी दुबैलाई शिक्षण सिकाई कार्य संचालनमा सकारात्मक प्रभाव पार्ने गरेको पाइन्छ । सामग्रीहरुलाई कक्षाकोठामा व्यवस्थित तरिकाले राख्ने क्रमिक रुपमा प्रस्तुत गर्ने, सबै विद्यार्थीहरुले देख्ने गरि प्रदर्शन गर्ने, अवश्यकता अनुरुप विद्यार्थीहरुलाई नै प्रयोग गर्न दिने व्यवस्था गरिनु पर्दछ । धेरै खर्च लाग्ने र टुट्ने फुट्ने किसिमका, धेरै ठाँउ ओगट्ने तथा ज्यादा भद्दा किसिमका सामग्रीहरुलाई स्टोर कोठामा नै राख्नु पर्दछ तर कतिपय सामग्रीहरु कक्षाकोठामा नै आवश्यकता अनुसार सजाएर राख्नु पर्दछ । भण्डारण गरिएका सामग्रीहरुलाई खोजेको बखत तुरुन्त पाउनका लागि सूचि पत्र बनाएर राख्नु पर्दछ । सामग्रीहरुलाई तहगत र विषयगत रुपमा वर्गिकरण गरी व्यवस्थित रुपमा राख्नु पर्दछ भन्ने जवाफ उत्तरदाताहरुवाट पाईयो । कक्षाकोठामा कालोपाटीको दाँया र बाँया शिक्षण सिकाइमा आवश्यक अति महत्वपूर्ण शिक्षण सामग्रीहरु र सरस्वतीको मुर्ति वा तस्विर राखिएको हुनुपर्दछ । त्यस्तै राष्ट्रिय झण्डाको चित्र, राष्ट्रिय चिन्हहरु, राष्ट्रिय विभुतिका तस्विरहरु कक्षाकोठामानै सजिसजाउ गरेर राखिएको हुनपर्दछ । त्यसैगरी सत्पूरुषका आदेशवाणीहरु, वैज्ञानिक एवं आविश्कारकहरुको तस्विरका साथै मुद्रित, शिक्षक तथा विद्यार्थीहरुले मिलेर तयार पारेका निर्मित सामग्रीहरु पनि आवस्यकता अनुसार कक्षाकोठामा राख्नु पर्दछ । त्यसमापनि ती सामग्रीहरुको रखाईमा सिकारुहरुले तयार पारेका समग्रीहरुलाई उनिहरुले नै भेट्ने ठाँउमा र अन्य सामग्रीहरुलाई केही उचाईमा राख्दा कक्षाकोठाको शैक्षिक सामग्री सजावट राम्रो र उचित हुने देखिन्छ  तर अवलोकन गरिएका कक्षाकोठाहरुमा त्यस्ता सामग्रीहरुको रखाई व्यवस्था उचित नपाइनुले शिक्षण सिकाइमा नकारात्मक प्रभाव पर्ने देखिन्छ ।

अनुसन्धान गरिएका चारवटै विद्यालयका कक्षाहरुमा आवश्यक शैक्षिक सामग्रीहरुको रखाईको व्यवस्था आंशिक रुपमा पाइयो । थोरै मात्रमा विद्यार्थी तथा शिक्षकहरुले निर्माण गरेका शैक्षिक सामग्रीहरु कक्षाकोठाको भित्तामा टाँस गरेको पाइयो । जसले विद्यार्थीहरुको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गर्न सहयोग पुऱ्याउने देखिन्छ ।

### ४.१.४. विद्यार्थीको बसाई

वालवालिकाको बसाई प्रक्रिया सिकारुको तह र स्तर अनुसारको सुविधायुक्त भएन भने विद्यार्थीहरुमा मनोवैज्ञानिक असर पार्दछ । कक्षाकोठाको प्रभावकारी व्यवस्थापनको लागि बसाई व्यवस्थापन प्रक्रियाको पनि महत्वपूर्ण स्थान रहेको हुन्छ । कक्षाकोठा व्यवस्थापन प्रक्रियाको सफलता असफलतामा विद्यार्थी बसाईको महत्वपूर्ण भुमिका रहेको देखिन्छ । उपयुक्त किसिमको बसाई व्यवस्थापनले मात्र विद्यार्थीको स्वास्थ्यमा अनुकुल प्रभाव पार्ने मनोवैज्ञानिक ढंगले सिकाइमा सकारात्मक असर पार्दै उद्देश्य केन्द्रित शिक्षण सिकाईलाई व्यवस्थित बनाउन सहयोग गर्दछ । नेपालको परिवेशमा विद्यार्थीको बसाई कक्षाकोठा र विद्यार्थी संख्यामा निर्भर पर्ने गरेको छ भन्ने छलफलवाट निष्कर्ष निकालियो ।

कक्षाकोठामा विद्यार्थीको बसाई उपयुक्त भएमा शिक्षक तथा विद्यार्थीहरुलाई आवश्यकता अनुसार आवत जावत गर्न सजिलो हुन्छ । बसाई व्यवस्था सरल र व्यवहारिक भएमा शिक्षण सिकाई कार्यमा शिक्षक- विद्यार्थी तथा विद्यार्थी-विद्यार्थी विच छलफल र अन्तरक्रिया समेत संचालन गर्न सजिलो पर्दछ । विद्यार्थीहरुको उपयुक्त किसिमको बसाई व्यवस्था पनि कक्षाकोठा व्यवस्थापनको आवश्यक तयारी हो । कक्षाकोठा भित्र अन्य पक्षहरु जति सजिसजाउ भएतापनि विद्यार्थी बस्नका लागि उपयुक्त किसिमको सरल र सुविधायुक्त बसाई स्थान छैन भने त्यहाँ विद्यार्थीलाई शारिरीक, मानसिक र मनोवैज्ञानिक असर पर्न जान्छ जसको प्रभावले गर्दा प्रभावकारी शिक्षण हुदैन । बसाई व्यवस्थापन उपयुक्त किसिमको भएमा स्वास्थ्यमा समेत अनुकुल प्रभाव पर्ने र सिकाइमा पनि सकारात्मक असर पर्न जाने भएकोले व्यवस्थापन प्रक्रियामा कक्षाकोठा भित्रको शिक्षण सिकाइ प्रक्रियालाई व्यवस्थित बनाउन सहयोग गर्दछ भन्ने शिक्षकहरुको धारणा रहेको पाइयो ।

वर्तमान समयमा बसाई व्यवस्थापन गर्ने कार्य परिवर्तन हुदै गएको पाइन्छ । परम्परागत रुपमा बस्नका लागि कुर्सि, डेक्स र वेन्चहरु भएमा बसाई व्यवस्थापन भएको मानिन्थ्यो भने अहिले शैक्षिक प्रविधिमा आएको विकाससंगै यसको क्षेत्रमा समेत विकास र विस्तार भएको पाइन्छ । बसाई व्यवस्थापन गर्दा उमेर, लिंग, जातजाती, क्षेत्र, क्षमता, शारिरीक तथा मानसिक स्थिती लगायत आनीबानी वैयक्तिक क्षमतालाई समेत विशेष ख्याल गर्नुपर्ने हुन्छ यस्ता खाले विभिन्न पक्षहरुको समेत ख्याल गर्न नसकेको अवस्थामा विद्यार्थी बसाई अव्यवस्थित हुन गई शिक्षण सिकाईलाई समेत नकारात्मक प्रभाव पार्न जाने देखिन्छ । कक्षाकोठा भित्र बसाई व्यवस्थापन एक पटक मात्र गरेर

हुदैन पाठ वा विषयबस्तुको प्रकृती विद्यार्थीको रुचि, चाहाना, आवश्यकता र भौतिक सुविधाहरुको उपलब्धतालाई समेत ध्यान पुऱ्याएर बसाई व्यवस्थापन गर्नुपर्दछ । बसाई व्यवस्थापन गर्दा मुख्यतया तीनवटा निम्न पक्षहरुलाई विचार पुऱ्याउनु पर्दछ भन्ने सरोकारवालाहरुको धारणा रहेको पाइन्छ । जस्तैः प्रकाश अनुरुपको बसाई व्यवस्था, समुहगत बसाई व्यवस्था र बसाई अनुसारको सिकाई क्रियाकलापमा विशेष ध्यान दिनु पर्दछ ।

अनुसन्धान गरिएका विद्यालयहरुका कक्षाकोठामा विद्यार्थीहरुको बसाई प्रक्रिया अन्तरगत शिशु कक्षाहरुमा विद्यार्थीहरुलाई यु आकारमा राख्ने गरेको र अरु सबै कक्षाहरुमा परम्परागत र बढी प्रचलित दुई लहरे बसाई व्यवस्थालाई अंगीकार गरेको पाईयो । दुई लहरे बसाई व्यवस्थामा प्रवचन र प्रश्नोत्तर विधिद्धारा शिक्षण सिकाई क्रियाकलाप संचालन गर्न प्रभावकारी हुने गरेको पाइन्छ । सिकारुको वास्तविक समस्या समाधान गर्नको लागि व्यवस्थित कक्षाकोठा भित्रको व्यवस्थित बसाई प्रक्रियावाट मात्र गर्न सकिन्छ भन्ने निचोड निकालियो । समग्रमा कक्षाकोठा र विद्यार्थी संख्यालाई ध्यानमा राखेर बसाई व्यवस्थामा दुई लहरे बसाई, भि आकारको बसाई, यु आकारको बसाई, गोलाकार बसाई, अर्धगोलाकार बसाई, विषयबस्तु अनुसारको बसाई आदि खालका बसाई तरिकाहरु हाल प्रचलित रहेका पाइन्छन् त्यस्तो आधुनिक खाले बसाई व्यवस्थापन प्रक्रियालाई प्रयोगमा ल्याउन प्रोत्सहान गर्नका लागि विद्यालयले आधुनिक खाले सुविधायुक्त र सुरक्षित फर्निचरहरुको व्यवस्था कक्षाकोठामा गर्न नसकेको पाइयो । त्यसैले बसाई व्यवस्थापन प्रक्रियाको प्रभावले शिक्षण सिकाई कार्यमा समेत नकारात्मक प्रभाव पर्न गएको प्रमाण पाइन्छ ।

कक्षाकोठा व्यवस्थापन प्रक्रियाको प्रभावकारीताको लागि बसाई प्रक्रियालाई वैज्ञानिक ढंगले व्यवस्थापन र प्रयोग गर्नुपर्ने उत्तरदाताहरुले सुझाब दिएका छन् । बसाई व्यवस्थालाई वैज्ञानिक ढंगले गर्नु पर्दछ भन्ने भनाईसंग फोयलको व्यवस्थापन सिद्धान्तले मेल खाएको छ।

## ४.२. कक्षाकोठा व्यवस्थापनमा प्रभाव पार्ने तत्वहरु

कक्षाकोठा व्यवस्थापन नै विद्यालय शिक्षाको आधार स्तम्भ हो । कक्षाकोठा व्यावस्थापन कार्य विना कक्षाकोठा भित्र गरिने शिक्षण सिकाइ प्रभावकारी हुन सक्दैन । प्रभावकारी कक्षाकोठा व्यवस्थापन हुनलाई विभिन्न तत्वहरुले प्रभाव पार्ने गर्दछन् । त्यस्ता तत्वहरु शैक्षिक सामग्रीको प्रयोग, शैक्षणिक

योजना निर्माण, शिक्षण विधिको प्रयोग र विद्यालयको निति नियमको प्रभाव आदि यस्ता तत्वहरुको सही प्राप्ती भएमा र कक्षाकोठा व्यवस्थापन कार्यको सही व्यवस्थापन भएमा मात्र सामुदायिक विद्यालयले लिएका लक्ष्य एवं उद्देश्य हाँसिल हुने देखिन्छ । ती तत्वहरुको निम्नानुसार विश्लेषण पर्ने प्रयास गरिएकोछ ।

### ४.२.१. शैक्षिक सामग्रीको प्रयोग

सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापन कार्यमा शैक्षिक सामग्रीको उचित प्रयोग विना कुनै पनि कार्य गर्न गराउन सकिदैन । शैक्षिक सामग्रीले कक्षाकोठामा गरिने शिक्षण कार्य देखि लिएर हरेक क्रियाकलापका साथै कक्षाकोठा व्यवस्थापन कार्यमा समेत सहयोग पुऱ्याउने गर्दछ । कक्षाकोठा व्यवस्थापन प्रक्रियाको प्रभावकारीताको लागि शैक्षिक सामग्रीहरुको आवश्यकता पर्दछ त्यस्ता पक्षको बन्दोबस्त गर्नका लागि विद्यालयमा शैक्षिक सामग्रीहरु तहगत र विषयगत दुवै पर्याप्त मात्रामा हुनुपर्दछ । शैक्षिक सामग्रीको प्रयोगद्धारा मात्रै कक्षाकोठा व्यवस्थापन कार्यलाई व्यवस्थित बनाउन सकिन्छ । कक्षाकोठा शिक्षण सिकाइ कार्यको प्रभावकारीताका लागि तह र स्तर अनुसार प्रर्याप्त संख्यामा शैक्षिक सामग्रीको आवश्यकता पर्ने गर्दछ । सामुदायिक विद्यालयका हरेक कक्षाकोठा भित्र शिक्षण सिकाइ कार्यमा सामग्रीहरुको प्रयोग गर्नुपर्ने हुन्छ । शैक्षिक सामग्रीहरुको प्रयोग विषय बस्तु अनुसार नभएमा शिक्षण सिकाइ र कक्षाकोठा व्यवस्थापन कार्य दुवैमा असर पुऱ्याउँदछ ।

कक्षाकोठामा शैक्षिक सामग्रीहरु पर्याप्त मात्रामा उपलब्ध हुदैमा कक्षाकोठा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सकिदैन । सामग्रीको प्रयोग नगरिकन शिक्षण गर्नु भन्दा सामग्रीको प्रयोग गरी कक्षाकोठामा शिक्षण गर्दा कक्षाकोठाको वातावरण सिकाइ अनुकूल बन्न गई शैक्षिक उद्देश्य प्राप्ती गर्नमा सहयोग पुऱ्याउने गर्दछ । साथै सिकारुहरुलाई विषय बस्तुका आवश्यकता पूरा गर्नमा महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । त्यसैले शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइ कक्षाकोठा व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउँदछ । सामुदायिक विद्यालयका कक्षाकोठा भित्र गरिने शिक्षण सिकाइमा शैक्षिक सामग्रीको प्रयोगले नै विद्यालयको कक्षाकोठा व्यवस्थापन कार्यको उचित व्यवस्थापन र गुणस्तरीय शिक्षा प्राप्त गर्नमा सहयोग पुऱ्याउने गर्दछ । कक्षाकोठा व्यवस्थापन कार्यमा शैक्षिक सामग्रीको प्रयोगलाई महत्वपूर्ण रुपमा लिने गरिन्छ । शैक्षिक सामग्रीको प्रयोग नगरी

गरिएको शिक्षण कार्य प्रभावकारी हुन सक्दैन । त्यसकारण कक्षाकोठा व्यवस्थापनमा यसले प्रत्यक्ष प्रभाव पारेको पाइन्छ ।

### ४.२.२. शैक्षणिक योजना निर्माण

योजना विना कुनै पनि कार्यलाई व्यवस्थित बनाउन सकिदैन । कुनै पनि कार्य गर्नका लागि गरिने पूर्व तयारी नै योजना हो । कुनै पनि कार्यक्रमको निर्धारित लक्ष्य तथा उद्देश्य प्राप्तीका लागि प्रभावकारी तयारी गर्नु नै योजना बनाउनु हो । शैक्षणिक योजना पनि कक्षाकोठा व्यवस्थापनमा प्रभाव पार्ने अर्को महत्वपूर्ण तत्व हो । कक्षाकोठामा कालोपाटी, कोठाको झ्याल ढोका, छेस्कीनी, प्रकाश, फर्निचर, शैक्षिक सामग्रीको सजावट, शैक्षिक सामग्रीको व्यवस्था, तापक्रम र कक्षाकोठा भित्रको वातावरण शिक्षण सिकाइमा वाधा अड्चन पुऱ्याउने ढाँचामा निर्माण गरेर मात्र हुदैन ती श्रोतहरुको कसरी कस्ले कति समयमा गर्न व्यवस्थित प्रयोगका लागि शैक्षणीक योजना निर्माण आवश्यक पर्दछ । पाठ्यक्रमले निर्धारण गरेका लक्ष्य तथा उद्देशयहरु परिपूर्तिका लागि बनाइएको योजनबद्ध बाटो नै शैक्षणिक योजना हो । भौतिक र शैक्षिक स्रोत साधनको सुधि हुँदैमा कक्षाकोठामा गरिने शिक्षण सिकाइ कार्य व्यवहारिक बन्न सक्दैन । योजना निर्माण नगरिकन गरिएको शिक्षण सिकाइ भन्दा योजना निर्माण गरि गरिएको शिक्षण सिकाइ कार्यले शिक्षक र विद्यार्थी दुबैलाई सक्रिय बनाई तोकिएको लक्ष्य पुरा गर्न मद्दत पुऱ्याउँछ । शैक्षणीक योजना निर्माणले कक्षामा गरिने शिक्षण क्रियाकलापमा शिक्षक र विद्यार्थी दुवैको कार्य विभाजन भई समय र सामग्रीको समेत उचित प्रयोगले व्यवस्थापन कार्यमा मद्दत पुऱ्याउने गर्दछ ।

व्यवस्थापन कार्यमा शैक्षणीक योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षण सिकाइ कार्य र कक्षाकोठा व्यवस्थापन कार्यलाई व्यवस्थित गर्नका लागि शैक्षणीक योजनाले प्रत्यक्ष प्रभाव पारेको पाइन्छ ।

### ४.२.३. शिक्षण विधिको प्रयोग

शिक्षण विधि नै त्यस्तो शैक्षिक हतियार हो । जसको सफल प्रयोगवाट पाठ्यक्रमले तोकिदिएका लक्ष्यहरु समयमै पुरा गराउन मद्दत मिल्दछ । शिक्षण सिकाइ र कक्षाकोठा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउनका लागि उचित शिक्षण विधिको प्रयोगको आवश्यकता पर्दछ । मुख्यतया शिक्षण विवि शिक्षक केन्द्रित र विद्यार्थी केन्द्रित गरि दुई प्रकारका हुन्छन् । सामुदायिक विद्यालयमा

कक्षाकोठा व्यवस्थापन कार्यमा शिक्षकहरुले विषयबस्तु, विद्यार्थीको संख्या र तह अनुसारका शिक्षण विधिको प्रयोग गर्दा शिक्षण सिकाइ कार्य व्यवस्थित बन्ने गर्दछ । कक्षाकोठा व्यवस्थापन कार्यका तत्वहरुलाई चलायमान गर्न शिक्षण विधिको प्रयोगको आवश्यकता पर्दछ । कक्षाकोठामा सबै तत्वहरु पर्याप्त मात्रामा छ तर उचित शिक्षण विधिको अभाव छ, भने कक्षाकोठा व्यवस्थापन कार्य प्रभावकारी हुन सक्दैन । शैक्षणीक योजनाको निर्माण गरेर मात्र हुदैन त्यसको सफल प्रयोगका लागि पाठ र विषयबस्तु सुहाउदो शैक्षिक सामग्रीको प्रयोगका लागि उचित शिक्षण विधिको प्रयोगले कक्षाकोठा व्यवस्थापन कार्यमा प्रत्यक्ष प्रभाव पार्दछ ।

### ४.२.४. विद्यालयको नीति नियम

हरेक विद्यालयको संचालन र कार्य व्यवस्थापनका लागि विद्यालयहरुका आ-आफ्ना नीति र नियमहरुले पनि प्रत्यक्ष रुपमा प्रभाव पार्ने गरेको पाइन्छ । सामुदायिक विद्यालयहरुका कक्षाकोठा व्यवस्थापनका लागि नमुना छनौटमा परेका विद्यालयहरुले बनाएका अनुशासन सम्बन्धि नियमहरु, विद्यालयको आफ्नो भर्ना नीति र कक्षा उन्नती गर्ने नीति, शिक्षकहरुको मापन, मुल्यांकन र शिक्षण परिपाटी र व्यवहारले समेत कक्षाकोठा व्यवस्थापनमा प्रभाव पारेको हुन्छ । विद्यालयका नीति नियमका बारेमा प्र.अ.र शिक्षकहरुसँग अन्तरवार्ता र छलफल गरिएको थियो । विद्यालयले निर्माण गरेका अनुशासनको नियमहरुको आधारमा शिक्षकले सिकारुहरुलाई नियन्त्रण गर्ने हुंदा कक्षाकोठामा गरिने शिक्षण समेत व्यवस्थित हुने गरेको पाईन्छ । कमजोर विद्यार्थीहरुलाई कक्षा चढाउने नीतिले सिकाइमा पनि नकारात्मक प्रभाव पार्दछ ।

विद्यालयमा गरिने शिक्षणको क्रममा शिक्षकहरुमा पनि अनुशासन र निरन्तरता हुनुपर्दछ । शिक्षणका क्रममा शिक्षकहरु पनि छोटो र अवधिमानै फेरिने हुनु हुदैन । जसले शिक्षण सिकाईमा पनि नकारात्मक असर पार्दछ । कक्षाकोठा व्यवस्थापनमा विद्यालयको शिक्षण सम्बन्धि नीति नियम र मुल्य मान्यताले गर्दा पनि शिक्षण सिकाइमा पनि सकारात्मक प्रभाव पारेको पाइयो । अन्यत्रवाट आउने विद्यार्थीहरुका लागि उनीहरुको क्षमता जाँच गरेर मात्र कक्षाकोठामा प्रवेशको अनुमति दिने गरेमा पनि शिक्षणमा सकारात्मक प्रभाव पार्दछ । तर्सथ विद्यालयका नीति नियमले नै कक्षाकोठा व्यवस्थित बनाउनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । कक्षाकोठा व्यवस्थापन सिद्धान्तले के भन्छ भने कक्षाकोठा व्यवस्थापन कार्यभित्र पर्ने सबै पक्षहरुको उचित व्यवस्थाले सही रुपमा काम गरोस, सही प्रभाव देखिन सकोस, राम्रो उत्पादन दिन सकोस भनी आवश्यक पृष्ठपोषणको समेत

व्यवस्था गरिएकोछ । कक्षाकोठा व्यवस्थापन कार्यलाई प्रभाव पार्ने तत्वमध्ये विद्यालयको नीति नियमले व्यवस्थापन सिद्धान्तसँग मेल नखान सक्छ । तर शैक्षिक सामग्रीको प्रयोग, शैक्षणीक योजना निर्माण र शिक्षण विधिका प्रयोगले व्यवस्थापन सिद्धान्तसँग मेल खाने देखिन्छ । सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन प्रक्रियामा प्रभाव पार्ने तत्वहरु शैक्षिक सामग्रीको प्रयोग, शैक्षणिक योजनाको निर्माण, शिक्षण विधिको प्रयोग र विद्यालयका नीति नियम रहेकाछन् । कक्षाकोठा व्यवस्थापनलाई सशक्त रुपमा अगाडी बढाउन निमित्त ती प्रभाव पार्ने तत्वहरुको उचित व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

## ४.३. कक्षाकोठा व्यवस्थापन प्रति सरोकारवालाहरुको धारणा

सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापन सम्बन्धि धारणा बुझ्नका लागि प्रधानाध्यापक, शिक्षक र विद्यार्थी तथा अभिभावकलाई अर्न्तवार्ता र छलफल गर्दा निम्न धारणा रहेको पाइयो ।

### ४.३.१ कक्षाकोठा व्यवस्थापन प्रति प्रधानाध्यापको धारणा

विद्यालयको प्रधानाध्यापक एउटा प्रमुख व्यक्ति हुनुका साथै संस्थाको अधिकारवाला जिम्मेवारीपूर्ण व्यक्ति भएको हुनाले विद्यालयको सम्पूर्ण पक्षको व्यवस्थापनमा प्रधानाध्यापकको गहन भूमिका रहेको हुन्छ । हरेक विद्यालयका प्रधानाध्यापक विद्यालयको सिंगो प्रशासकको रुपमा, शिक्षक र विद्यार्थीको सुपरीवेक्षकको रुपमा, नेतृत्वकर्ताको रुपमा, संगठनकर्ताको रुपमा, समन्वयकर्ताको रुपमा, विद्यालयको सम्पूर्ण पक्षको संरक्षणकर्ताको रुपमा समेत रहनु पर्दछ । विद्यालयको सम्पूर्ण शैक्षिक वातावरण, अनुशासन, गुणस्तर कायम राख्नको लागि शिक्षक, विद्यार्थी, कर्मचारीहरु र अभिभावकहरुसँग समन्वय गरि उचित शैक्षिक वातावरणको निर्माण र शिक्षणमा सुधार गर्नमा कक्षाकोठा व्यवस्थापन प्रक्रियाका लागि प्र.अ.को भूमिका महत्वपूर्ण रहेको हुन्छ । सामुदायिक विद्यालयका प्र.अ.ले आफुमाथि रहेको जिम्मेवारी पूरा गर्नु भन्दा बढी पार्टीको सच्चा कार्यकर्ता बनेर जागिर पचाउने खालको सोच हालको परिवेशमा विकास भएको पाइन्छ । अनुसन्धान गरिएका विद्यालयका प्र.अ.का भनाईमा कक्षाकोठाको उचित व्यवस्थापन गर्न सरकारी स्तरवाट नै नीति नियमको निर्माण भै कडाइका साथ त्यसको कार्यान्वयन समेत गर्नु गराउनु पर्दछ । जसमा शिक्षण सिकाइ सिकारुका लागि संचालन गरिने भएकाले कक्षाकोठा व्यावस्थापन सँगसंगै विद्यार्थीका सम्पूर्ण पक्षको व्यवस्थापन समेत प्रभावकारी ढंगबाट गरिनु पर्दछ भन्ने विचार रहेको पाइयो । कक्षाकोठा व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी प्र.अ.को भएतापनि उक्त जिम्मेवारी पूरा गर्न विद्यालयका शिक्षक,

कर्मचारी, विद्यार्थीहरु र सरोकारवाला अभिभावकले समेत आफ्नो जिम्मेवारी पूरा गरी समयसापेक्ष उचित खालको साहयता पुऱ्याउनु अति आवश्यक हुन्छ भन्ने दृष्टिकोण रहेको पाइयो । भनिन्छ कक्षाकोठा व्यवस्थापन तबमात्र सम्भव हुन्छ जब विद्यालयका सम्पूर्ण पक्षहरुको उचित व्यवस्थापन सही ढंगवाट हुन्छ । विद्यालयलाई व्यवस्थित रुपमा संचालन गर्न सरोकारवाला अभिभावकहरुको मुख्य भूमिका रहेको हुन्छ तर भौगोलिक विकटता एवं अभिभावकहरुको शैक्षिक स्तरमा कमजोरी आदि कारणले विद्यालय व्यवस्थापन कार्यमा सहयोग भने अति कम मात्रामा पाइएको धारणा व्यक्त गरे ।

वागिश्वरी नि.मा.वि.का प्र.अ.यसो भन्नुहुन्छ "सम्पूर्ण सामुदायिक विद्यालयलाई अस्वास्थ्य राजनैतिक हस्तक्षेपवाट मुक्त राखी विद्यालयलाई शान्ति क्षेत्र बनाउने र सबै सरोकारवालमा आ-आफ्नो विद्यालयको प्रगतिका लागि सकारात्मक भावना र सोचमा विकास गर्न सकियो भने विद्यालयका हरेक पक्षमा समेत विकास गर्न सजिलो हुन्छ । अनिमात्र कक्षाकोठाको व्यवस्थापन कार्य बलियो र सक्षम हुन्छ ।" उनका अनुसार विद्यालयलाई राजनैतिक हस्तक्षेपवाट मुक्त बनाउने सके सिकाइ र कक्षाकोठा व्यवस्थापन प्रक्रियामा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ ।

### ४.३.२. कक्षाकोठा व्यवस्थापन प्रति शिक्षकको धारणा

कक्षाकोठा व्यवस्थापन सम्बन्धि शिक्षकको दृष्टिकोण बुझ्न ४ वटा विद्यालयका ८ जना शिक्षकहरुसँग अन्तरवार्ता र छलफल गरिएको थियो । उनीहरुको दृष्टिकोण अनुसार कक्षाकोठा व्यवस्थापन प्रक्रिया तबमात्र पूर्ण रुपमा गर्न सकिन्छ जब विद्यालयको सम्पूर्ण व्यवस्थापकिय पक्षहरु पनि क्रमशः सबल र सक्षम हुन्छ । व्यवस्थापन प्रक्रियालाई समयसापेक्ष बलियो र व्यवहारिक बनाउन आर्थिक पक्ष र व्यवस्थापन पक्षको प्रमुख भूमिका हुन्छ । हालको परिवेशमा सामुदायिक विद्यालयमा आर्थिक श्रोतको आभाव रहेको कतै श्रोत भएर पनि उचित रुपमा परिचालन हुन नसकेको धारणा रहेको पाइयो । चन्द्रज्योती प्रा.वि.का प्र.अ.श्री रविन्द्रकुमार राईका अनुसार शिक्षक, विद्यार्थी र अभिभावकको विचमा पारस्परिक सम्बन्ध हुनुका साथै दुई पक्षिय रुपमा संचार भएमा आपसि समझदारि कायम भई साना तिना कमिकमजोरी समेत सजिलै समाधान हुन गै कक्षाकोठा व्यवस्थापन प्रक्रियामा थप सहयोग पुग्नुका साथै समग्र शैक्षिक सुधार गर्न पनि सहयोग पुग्ने कुरा बताउनुभयो ।

सामुदायिक विद्यालयको व्यवस्थापनमा अभिभावकहरुवाट थोरैमात्रामा सहयोग पुग्ने र भौतिक पक्ष समयसापेक्ष सुचना प्रविधिको विकासको हिसाबले अझै कमजोर रहेको छ यसको लागि आर्थिक पक्ष सवल बनाएमा मात्र प्रभावकारी कक्षाकोठा व्यवस्थापनको कार्य सम्भव हुन्छ । अनुसन्धानको क्रममा धेरै शिक्षकहरुको भनाईमा आर्थिक पक्षको साह्रै अभावका साथै दुर्गम स्थान भएको कारण सामान्य शैक्षिक सामग्रीहरु जस्तैः ड्रोइङ्ग पेपर, साइनपेन आदि समेत चाहिएको समयमा उपलब्ध हुन नसक्ने समस्या बताउनु भयो । अर्को मुख्य पक्ष विद्यालयको प्रशासनिक घेरा भित्र रहेको कक्षाकोठा व्यवस्थापन गर्न शिक्षक, प्र.अ.र कर्मचारीहरुको विचमा आपसी घनिष्ट सम्बन्ध रहनु पर्दछ साथै आफ्नो पेशालाई एउटा राष्ट्रिय सेवाभावको रुपमा लिनु पर्दछ भन्ने साझा दृष्टिकोण रहेको पाइयो । आफुहरु शिक्षण सुधारका लागि कक्षाकोठा व्यवस्थापन कार्यको पक्षमा साह्रै चिन्तित रहेका तर अपेक्षाकृत सुधार ल्याउन नसकिएको धारणा व्यक्त गर्दछन् ।

### ४.३.३ विद्यार्थी र अभिभावकको कक्षाकोठा व्यवस्थापन प्रति धारणा

सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन प्रक्रियामा देखिएका समस्याहरु पत्तालगाई शिक्षक, प्र.अ.र विद्यालय प्रशासनका साथै अभिभावकहरुले पनि साखै चासो नदेखाएको धारणा व्यक्त गरेका छन् । जीवनज्योती मा.वि.का कक्षा ९ का छात्र अनन्त राईका अनुसार आफुभन्दा निकै अग्लो डेक्समा बसेर पढ्नु पर्ने वाध्यताले गर्दा कक्षामा अधिकांस समय उभिनु पर्ने समस्या रहेको बताउछन् । त्यसैगरि उक्त विद्यालयकी कक्षा ८ मा अध्ययनरत अपांग छात्रा हिरा राई आफुलाई डेक्सवेन्चमा बसेर अध्ययन गर्न निकै कठिनाइ भएको कुरा बताउछिन् । कक्षाकोठा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने सम्बन्धमा वागिश्वरी नि.मा.वि.का अभिभावक श्री पुष्प रसाइलीका अनुसार विद्यालय नजिकै गा.वि.स. भवन, स्वास्थ्य चौकी र मुलबाटो रहेको हुनाले शिक्षणमा बाह्य वातावरणको प्रभाव परेको बताउनुहुन्छ । त्यसैगरी जिवन ज्योती मा.वि.का अभिभावक श्री कृष्णलाल राईका अनुसार मांतेवा गा.वि.स.को मध्यभागमा रहेको एक मात्र माध्यमिक विद्यालय भएको कारण गा.वि.स. भित्र हुने विभिन्न सरकारी एवं संस्थागत कार्यक्रमहरु, विद्यालयको घेराबार नहुनु र विद्यालयको परिसरवाट नै चारैतिर बाटाहरु विस्तार भएको हुनाले शिक्षणमा बाह्य वातावरणको प्रभाव परको बताउनुहुन्छ । अभिभावक र विद्यार्थीहरुको भनाईमा शिक्षकले सिकारुहरु प्रति राम्रो व्यवहार गर्ने, अतिरिक्त क्रियाकलापमा सहयोग गर्ने, गृहकार्य नगर्ने र अनुशासनहिन कार्य गरेमा खराब बानी हटाउनका लागि शिक्षकले विद्यार्थीको वैयक्तिक विभिन्नता पहिचान गरि सकारात्मक पृष्ठपोषण र उत्प्ररण मुलक मनोवैज्ञानिक सुधारका कार्यहरु समेत गर्ने गरेमा

कक्षाकोठा व्यवस्थापन कार्यमा सकारात्मक परिवर्तन ल्याउन सक्ने धारणा रहेको बताउछन् जस्को उचित कार्यान्वयन गर्न सकेमा कक्षाकोठा व्यवस्थापनमा समेत सकारात्मक प्रभाव पार्ने धारणा व्यक्त गर्दछन् ।

फोयलको व्यवस्थापन सम्बन्धि सिद्धान्तअनुसार कक्षाकोठा व्यवस्थापन प्रक्रियामा सबैलाई कुनै न कुनै पक्षवाट सहभागी गराउनु पर्दछ । कक्षाकोठामा गरिने संचार दोहोरो अन्तरक्रिया मुलक हुन पर्दछ । सिकारुको कार्यक्षमता र दक्षता बढाउनका लागि वैयत्तिक र सामाजिक कार्यदक्षता समेत सँगसंगै बढाउदै लानु पर्दछ । क्षमता पहिचान गरे पश्चात सिकारुहरुमा कार्यभार र नेतृत्व विकास गरिनु पर्दछ भन्ने मान्यता रहेको छ अन्तरवार्तावाट प्राप्त प्रमाणहरुको आधारमा सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सरोकारवालाहरुका विचमा व्यवस्थापनको सिद्धान्तको सम्बन्धलाई व्यवहारिक ढाँचामा स्थापित गर्नु पर्दछ ।

प्रधानाध्यापकले शिक्षक, विद्यार्थी र अभिभावक माथी गरिने व्यवहारहरु पनि परिवर्तन गर्दै लानु पर्दछ । शिक्षण सिकाइ कक्षाकोठा व्यवस्थापन प्रक्रियाका सम्पूर्ण पक्षहरुलाई व्यवस्थित र सुचना प्रविधिको विकासका हिसाबले समेत व्यवहारीक बनाउनका लागि फोयलको व्यवस्थापन सम्बन्धि सिद्धान्तलाई अबलम्बन गर्नु सान्दर्भिक ठहर्छ ।

## ४.४ कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्याहरु

सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन कार्य एउटा महत्वपूर्ण कार्य हो । व्यवस्थापनमा हरेक पक्ष रहेका हुन्छन् । कक्षाकोठा व्यवस्थापन कार्यका विविध पक्षहरुको सहि ढंगवाट परिचालन भएमा मात्र विद्यालयले दिने शिक्षा प्रभावकारी बन्न सक्दछ । व्यवस्थापन कार्य बिना विद्यालयका कुनैपनि कार्यहरु प्रभावकारी रुपमा अगाडी बढ्न सक्दैनन् । व्यवस्थित कक्षाकोठामा बसेर शिक्षण सिकाइ क्रियाकलापमा भाग लिन पाउनु प्रत्येक विद्यार्थीको नैसर्गिक अधिकार हो ।
कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्याहरुले गर्दा व्यवस्थापन र शिक्षण सिकाइमा समेत विभिन्न किकिमका समस्याहरु उत्पन्न हुने गर्दछन् । त्यस्ता समस्याहरुमा वातावरणिय समस्या, कक्षाकोठामा हुने संचारको समस्या, अनुशासनको प्रयोग, विद्यार्थी विद्यार्थी विच हुने अन्तरक्रिया र निरिक्षण तथा तालिमको अभाव आदि बारेमा बुझ्नका लागि विद्यालयका प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समितीका अध्यक्ष, अभिभावक र विद्यार्थीहरुसँग अन्तरवार्ता, छलफल र स्थलगत अवलोकन समेत गरिएको थियो । तीनै तथ्यहरुको आधारमा कक्षाकोठा व्यवस्थापनका समस्यहरुलाई विश्लेषण र प्रस्तुतिकरण गरिएको छ ।

### ४.४.१. वातावरणीय समस्या

वातावरण भन्नाले कक्षाकोठा भित्र र बाहिर रहेको सजिव र निर्जीव मिश्रित वायुमण्डलीय आवरणको संयोग हो । वातावरण आन्तरिक र बाह्य गरि दुई प्रकारको हुने गर्दछ । कक्षाकोठा भित्रको आन्तरिक वातावरणले शिक्षण सिकाइ कक्षाकोठा व्यवस्थापन कार्यलाई समेत मद्दत पुऱ्याउदछ । कक्षाकोठाको वातावरणमा अर्को कक्षावाट आउने आवजले शिक्षण सिकाइमा समस्या पारेको पाइन्छ । प्रभावकारी शिक्षण सिकाइ र कक्षाकोठा व्यवस्थापन कार्यको लागि कक्षााकोठा भित्रको वातावरण मात्रै उचित भएर हुदैन बाहिरी वातावरण पनि व्यवस्थित बनाउनु पर्दछ । सामुदायिक विद्यालयमा प्र.अ., शिक्षक, विद्यार्थीसँग अन्तरवार्ता गर्दा विद्यालय भवनहरुको बनोटका हिसाबले कक्षाकोठाहरु नजिकै रहनुले पनि शिक्षण सिकाइमा वातावरणिय समस्या सिर्जना भएको बताउछन् । कक्षाकोठाको बाहिरी वातावरण नियन्त्रण हुन नसकेको कुरा पनि उनिहरुले स्वीकार गर्दछन् साथै कक्षाकोठा भित्रको प्रकाश र तातो पनले पनि शिक्षण सिकाइ र कक्षाकोठा व्यवस्थापन कार्यमा समेत समस्या पार्ने गरेको उनिहरु बताउछन् । विद्यालयमा शिक्षण सिकाइ कार्य प्रभावकारी नभएसम्म कक्षाकोठा व्यवस्थापन कार्य पनि प्रभावकारी रुपमा अगाडी बढ्न सक्दैन । सामुदायिक

विद्यालयको वातावरणिय व्यवस्थापन सम्बन्धि कार्यमा उचित विधिको प्रयोग गर्ने गरेको प्रमाण विद्यालयमा पाइदैन । त्यसैले वातावरणीय समस्यले शिक्षण सिकाइ कक्षाकोठा व्यवस्थापन कार्यमा समेत समस्या परेको शिक्षकहरुले बताए । सामुदायिक विद्यालयमा विद्यालय भवनहरुको बनोटका हिसाबले कक्षाकोठाहरु नजिकै रहनुले पनि शिक्षण सिकाइमा वातावरणिय समस्या सिर्जना भएको बताउछन् । कक्षाकोठा भित्रको प्रकास र तापक्रमले पनि शिक्षण सिकाई कार्यमा कक्षाकोठा व्यवस्थापन प्रक्रियामा पनि समस्या पार्ने गरेको उनिहरु बताउछन् । विद्यालयमा शिक्षण सिकाइ कार्य प्रभावकारी नभए सम्म कक्षाकोठा व्यवस्थापन पनि प्रभावकारी रुपमा अगाडी बढ्न सक्दैन । सामुदायिक विद्यालयको वातावरणिय व्यवस्थापन सम्बन्धि कुनैपनि विधिको प्रयोग गर्ने गरेको प्रमाण विद्यालयमा पाइदैन त्यसैले वातावरणिय समस्याले शिक्षण सिकाइ कक्षाकोठा व्यवस्थापन प्रक्रियामा समेत समस्या पर्ने गरेकोले यसलाई समस्याको रुपमा लिइन्छ ।

### ४.४.२. कक्षाकोठामा हुने संचारको समस्या

कक्षा शिक्षणमा हुने विषयगत प्रशारण, छलफल, वादविवाद, प्रश्नोत्तर, प्रवचन, प्रदर्शन वा कुनै पनि विधिको प्रयोगलाई कक्षाकोठाको संचार भनिन्छ । विद्यालयको कक्षाकोठा भित्र विभिन्न ज्ञान र शिप सिकाउदा प्रयोग गरिने संचारलाई कक्षाकोठामा संचार भनिन्छ । संचार भनेको एक किसिमको भाषागत माध्याम हो । यो माध्यम लिखित, मौखिक र साङ्केतात्मक कुनै पनि प्रकारको हुन सक्दछ । यस्ता कुनैपनि प्रकारका संचार माध्यमको प्रयोग गरी कक्षा शिक्षण गर्नु कक्षाकोठामा संचार प्रवाह गर्नु हो । शिक्षण सिकाइका लागि कक्षाकोठामा संचारको आवश्यकता पर्दछ, संचारको अभावमा कक्षा शिक्षण हुन सक्दैन । संचारका लागि आधारभूत रुपमा प्रयोग हुने तत्व भाषा हो । भाषाको प्रयोग बोलिको रुपबाट गरि कक्षा शिक्षण संचालन गरिन्छ । कक्षाकोठामा संचार प्रवाह गर्ने व्यक्ति शिक्षक हो । शिक्षकसँग शिक्षण कार्य प्रभावकारी बनाउने प्रशस्त शिपहरु हुन्छन् । शिक्षकसँग विषयबस्तुको ज्ञान र शिप हुने हुंदा यसलाई संचारको प्रमुख श्रोत मानिन्छ ।

कक्षाकोठाको प्रभावकारी संचारका लागि विषयबस्तुमा दक्षता प्राप्त गर्ने, विषयबस्तुलाई संगठित र व्यवस्थित रुपमा प्रस्तुत गर्ने, विद्यालय र कक्षाकोठाको वातावरण व्यवस्थित बनाउने, विद्यार्थीका ईच्छा आकांक्षाहरु बुझेर शिक्षण सिकाइ गर्ने, शिक्षण संचारमा स्पष्ट र मिठो बोलीद्धारा मृदुभाषि रुपमा प्रस्तुतिकरण गर्ने दायित्व शिक्षकको मानिन्छ । कक्षाकोठाको संचार भनेको शिक्षण कार्य हो । शिक्षक र विद्यार्थी विचमो छलफल र अन्तरक्रिया हो, ज्ञान र शिप स्थानान्तरणको आवश्यक

प्रक्रिया हो, विद्यार्थीका आन्तरनिहित क्षमताहरु प्रस्फुटन गराउने माध्यम हो, शिक्षण पेशामा कार्यरत शिक्षकहरुको प्रमुख दायित्व हो र विद्यालयका कुनैपनि तहको कक्षा शिक्षणमा आवश्यक पर्ने कार्य कक्षाकोठाको संचार हो । यसको संचारका लागि खटिने शिक्षकको भाषा अशुध्द र कार्य व्यवहार गैरजिम्मेवारीपूर्ण भएमा कक्षाकोठा व्यवस्थापनमा बाधा अड्चन हुन गई कक्षाकोठामा हुने संचारमा नै समस्या उत्पन्न गराउदछ त्यसैले यसलाई समस्याको रुपमा लिइन्छ । सामुदायिक विद्यालयहरुमा प्राप्त भएका विविध प्रकारका सुचना प्रशारण गर्नुपर्ने हुन्छ । प्राप्त सुचनाको प्रशारण गर्ने क्रममा विभिन्न तरिका अपनाएर प्रशारण गर्ने गरिन्छ । यस्ता तरिकाहरुमा लिखित, मौखिक र अमौखिक आदी तरिका रहेका हुन्छन । सुचनालाई माथिका तरिका मध्ये कुनै पनि माध्यमवाट प्रशारण गर्न सकिन्छ कुनै सुचना लिखित रुपमा प्रवाह गर्नु पर्ने हुन्छ भने कुनै सुचना मौखिक रुपमा मात्र भने हुने खालका हुन सक्छन् साथै कुनै सुचना सांकेतिक रुपमा प्रशारण हुने गर्दछन् यसरी सुचनाको लिखित रुपमा प्रशारण गर्दा सुचनामा प्रयोग हुने भाषा, शब्द आदि शुद्ध हुनुपर्दछ । सांकेतिक रुपमा प्रशारण गरिने सुचनाको हाउभाउ पनि प्रष्ट रुपमा बुझिने खालको हुनुपर्दछ । मौखिक रुपमा सुचनाको प्रशारण गर्दा कक्षाकोठामा सुचना प्रदान गर्ने शिक्षकको बोली समेत स्पष्ट हुनु पर्दछ यसरी सुचना प्रशारण गरिने तरिकाहरुमा कुनै किसिमको समस्या आएमा सही सुचनाको प्रवाह हुन सक्दैन । यदी सुचना प्राप्त भएपनि त्यसमा कमीकमजोरी रहेमा विद्यार्थीहरुले सही रुपमा शिक्षण कार्यमा सहभागीता जनाउन नसक्नुका साथै प्रभावकारी निर्णय गर्न, विद्यार्थीलाई अनुशासन, कक्षाकार्यका विविध गतिविधिमा समेत सहभागी गराउन सकिदैन ।

संचार भनेको दुई वा सो भन्दा बढी व्यक्तिहरुका विच कुनै पनि विचार व्यक्त गर्ने एवं आदन प्रदान गर्ने प्रक्रियालाई बुझाउदछ । कक्षाकोठा भित्र शिक्षकद्धारा प्रदान गरिने विषयगत सन्देशहरुलाई कक्षाकोठामा सिकारुहरु समक्ष पुऱ्याउन संचारका साधानहरुको प्रयोग न्युन रहेको तथ्य सरोकारवालाहरु स्वीकार गर्दछन् । सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापन प्रक्रियामा पनि सुचना प्रशारणमा विभिन्न तरिका अपनाउने गरिन्छ । कुनै सुचनाको जानकारी मौखिक रुपमा शिक्षकले नगराएमा सिकारुहरुमा विषयबस्तु सम्बन्धि सुचनाको प्रभावकारी प्रशारण हुन सक्दैन । शिक्षकवाट प्रदान गरिने सही सुचनाको जानकारीको आभावमा कक्षाकोठा व्यवस्थापन प्रक्रियामा बाधा अड्चन आउने गर्दछ । त्यसकारण कक्षाकोठा व्यवस्थापनमा सुचना प्रशारणलाई पनि समस्याको रुपमा लिन सकिन्छ ।

### ४.४.३. अनुशासनको प्रयोगमा समस्या

कक्षाकोठा व्यवस्थापनको अभिन्न अंगको रुपमा शिक्षक तथा विद्यार्थीको अनुशासनलाई लिइन्छ। शिक्षक तथा विद्यार्थीको अनुशासन विना कक्षाकोठा व्यवस्थापन कार्य अपुरो हुन्छ। कक्षाकोठामा भौतिक श्रोतसाधन, मानविय संसाधन लगायत शैक्षिक सामग्रीहरुको सजावट, सरसफाई, कालोपाटीको रखाई व्यवस्था भएर मात्रै पुग्दैन। कक्षाकोठा व्यवस्थापन र शिक्षण सिकाई दुवैमा अनुशासनको नियम प्रयोगमा समस्या परेको पाइन्छ। शिक्षक तथा विद्यार्थीलाई अनुशासन सम्बन्धि तालिममा सहभागी गराई कक्षाकोठा व्यवस्थापन प्रक्रियालाई अझ प्रभावकारी रुपमा अगाडी बढाउनु पर्ने हुन्छ। शिक्षक र विद्यार्थी दुवै अनुशासित नभएमा शिक्षण सिकाई कार्य संचालन गर्न, विद्यार्थीलाई बसाई व्यवस्थापन गर्न, सामग्री सजावटको कार्य गर्न र समग्र शिक्षण सिकाइ कार्यमा समेत आवरोध सिर्जना भई कक्षाकोठा व्यवस्थापन कार्यमा यसले प्रभाव पारेको पाइन्छ। छनौटमा परेका विद्यालयका विद्यार्थीहरुसँग अन्तरवार्ता र छलफल गर्दा कक्षामा राम्रो शिक्षणका लागि कक्षाकोठामा शैक्षिक सामग्री उचित स्थानमा उचित तबरले सजावट गरेर शिक्षण वातावरण पनि शान्त भए हुन्थ्यो भन्ने गुनासाहरु पनि सुन्न पाइयो। शिक्षण सिकाइमा अनुशासनको नियम पालना शिक्षक र विद्यार्थी दुवैवाट उचित ढंगले प्रयोगको व्यवस्था नहुदा कक्षाकोठा व्यवस्थापन कार्यमा समेत असर परेकोले गर्दा अनुशासनको पालनाको प्रयोगलाई समस्याको रुपमा लिइन्छ।

### ४.४.४ विद्यार्थी-विद्यार्थी विचमा हुने अन्तरक्रिया

कक्षाकोठा भित्र विद्यार्थी-विद्यार्थी विचमा गरिने अन्तरक्रिया पनि कक्षाकोठा व्यवस्थापनको एक समस्याको रुपमा देखापरेको पाइन्छ । शिक्षकले सिकाएका पाठहरु सधै सबै सिकारुहरुले बुझ्न सकेका छन् कि छैनन् ? सिकारुहरु को-को सँग अन्तरक्रिया गर्दछन् तथा अस्पष्ट भएका विषयबस्तु कस्ले कस्लाई सोध्दछन् भनि बुझ्ने प्रयास गरिएको थियो । सिकारुहरुको अवस्था र क्षमता पत्तालगाउनका लागि अवलोकन गर्दा छात्राले छात्रासँग र छात्रले छात्रसँग माात्र क्रियाकलापमा बढी अन्तरक्रिया गरेको र समुह विभाजनमा पनि छात्र र छात्रा एकै ठाँउमा बस्नको लागि असजिलो मान्ने गरेको पाइयो । कक्षाकोठा भित्रको शिक्षणमा एक अर्कालाई हेर्ने दृष्टिकोण र एक अर्का प्रतिको अवधारणामा परम्परागत लैङ्गिक संस्कारको छाप परेको पाइन्छ । त्यसैले छात्र र छात्रा विच दोहोरो अन्तरक्रिया हुने परिपाटीको विकास नहुनु र शिक्षक मात्र बढी सक्रिय भएर गरिने शिक्षण शैलि पनि कक्षाकोठा व्यवस्थापनका लागि समस्याको रुपमा रहेको पाइयो ।

### ४.४.५. निरिक्षण तथा तालिमको अभाव

सामुदायिक विद्यालयका कक्षाकोठा व्यवस्थापनका समस्या बारेमा विद्यालयका सरोकारवालाहरुसँग छलफल र अन्तरवार्ता लिइएको थियो । जस्मा अधिकांस विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, शिक्षकहरु तथा अन्य व्यक्तिहरुले कक्षाकोठा व्यवस्थापनका लागि भए गरेका कामको बारेमा समय समयमा वि.नि.वाट अवलोकन, मापन र मुल्यांकन नभएको भन्ने जवाफ उत्तरदाताहरुवाट पाईयो । अभिभावकहरु तथा प्र.अ.लाई समेत कक्षाकोठा व्यवस्थापन सम्बन्धि तालिमको अभावको कारण एक विद्यालयमा शैक्षिक सामग्रीहरु भएर पनि व्यवस्थापन कार्य परम्परागत ढाँचावाट नै संचालन भएको पाइयो । कक्षाकोठा व्यवस्थापन कार्यवाट शैक्षिक सुधार ल्याउन विद्यालयको भौतिक पक्ष र शैक्षिक पक्ष दुवैको एक साथ मुल्यांकन, अनुगमन, निरिक्षण र अपुग श्रोत साधनको व्यवस्थापन गर्नु पर्दछ । तालिमद्धारा शिक्षक तथा प्र.अ.को कार्य क्षमतामा तथा व्यवस्थापन सम्बन्धि आनिबानीमा सुधार ल्याउन मुल्यांकन र अनुगमन स्थानिय र सरोकारवाला व्यक्ति, विद्यालय निरिक्षक वा श्रोत व्यक्ति, जिल्ला शिक्षा अधिकारीवाट पनि निरन्तर हुननसक्नु समस्याको रुपमा रहेको पाइन्छ ।

## ४.५. समस्या समाधानका उपायहरु

सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापनमा भोल्नु परेका विभिन्न समस्याहरुको बारेमा कसरी समाधान गर्न सकिन्छ भनि जानकारी लिन सहभागीहरुसँग अवलोकन, छलफल, अर्न्तवार्ता निर्देशिकाको प्रयोग गरिएको थियो । अर्न्तवार्ता निर्देशिकाको प्रयोगवाट प्राप्त तथ्य तथ्यांकको आधारमा सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापनमा देखापरेका समस्या समाधानका उपायहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

१) आर्थिक रुपमा विपन्न तथा दलित परिवारका वालवालिका दैनिक रुपमा उपस्थित हुन नसक्नुका साथै उपस्थित भैहालेतापनि आवश्यक मात्रामा शैक्षिक सामग्री नलिई आउने कारणले शिक्षण सिकाइ कार्य राम्रोसँग संचालन गर्न कठिन रहेको छ । उक्त कार्य प्रभावकारी रुपमा संचालन गर्न त्यस्ता वर्गका सिकारुहरुलाई आवश्यक शैक्षिक सामग्री विद्यालयावाट नै शिक्षक तथा प्र.अ. मार्फत उपलब्ध गराउनु पर्ने देखिन्छ ।

२) वालवालिकाको स्तर र क्षमताका बारेमा सम्बन्धित अभिभावकहरुलाई समय समयमा सिकारुहरुका कमिकमजोरीका बारेमा जानकारी गराई विद्यालयका विभिन्न कार्यक्रमहरुमा र कक्षाकोठा व्यवस्थापनका विषयमा अर्न्तक्रिया तथा छलफल गर्ने वातावरण विद्यालय प्रशासनले मिलाउनु पर्दछ साथै विद्यालयको वातावरणिय समस्या समाधान गर्नका लागि निर्माण कार्य गर्दा नै आवश्यक ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

३) शिक्षक शिक्षिकाले कक्षाकोठा भित्र विद्यार्थीहरुलाई शिक्षण सिकाइ कार्यमा समुह विभाजन गरी विद्यार्थी केन्द्रित विधिको प्रयोगद्धारा शिक्षण गर्नुपर्ने देखिन्छ ।

४) शिक्षण गर्दा शिक्षकले कक्षाकोठमा वालमनोविज्ञान अनुसारको शिक्षण योजनाको निर्माण र प्रयोग गर्ने गर्नुपर्दछ ।

५) शिक्षणका क्रममा शिक्षकले विद्यार्थीको तह र स्तर अनुसारको श्रव्य-दृष्य सामग्रीको प्रयोग गर्नु पर्दछ ।

६) सहभागी शिक्षकको बोली स्पष्ट भएको हुनु पर्दछ ।

७) शिक्षक र विद्यार्थीले अनुशासनका नियमहरु र आचार संहिताका नियमहरुलाई कक्षाकोठामा पालना भए नभएमा प्र.अ. र वि.नि. तथा अभिभावकहरुवाट निरिक्षण तथा अवलोकन गरि पुरस्कार, सम्मान र सजायको समेत व्यवस्था गर्न पर्दछ ।

८) कक्षाकोठामा शैक्षणिक सामग्री निर्माण, सजावट र प्रयोग गर्नका लागि शिक्षक तथा

प्र.अ.लाई प्रत्येक वर्ष शैक्षिक सत्रको सुरुमा नै जिल्ला शिक्षा कार्यालयवाट प्रदान गर्ने तालिममा सहभागी गराई व्यवहारिक रुपमा त्यसको कार्यान्वयन गराउनु पर्दछ ।

९) प्रभावकारी शिक्षण सिकाइका लागि कक्षाकोठा व्यवस्थापन संचालनको निम्ति कक्षाकोठामा समय हेर्नका लागि घडीको व्यवस्था, डेक्सवेन्च आधुनिक र बसाई प्रक्रियाको व्यवहारिक प्रयोग गर्न सकिने खालका हुनुपर्ने, विद्युतिय सामग्रीको प्रयोग गर्नलाई कक्षाकोठामा विजुली बत्तिको व्यवस्था र कक्षाकोठामा विषयबस्तुसँग मिल्ने खालका दृष्य सामग्रीहरुलाई आकर्षक र वालसुलभ ढाँचामा राख्नु पर्दछ ।

१०) अति आवश्यक शिक्षण सामग्रीको कक्षाकोठामा नै सजावटको व्यवस्था गरिएको हुनु पर्दछ । सिकारुलाई अनुशासित बनाउनलाई सिकारुको इच्छा, चाहाना र आवश्यकताहरुलाई पहिचान गरि स्तर अनुसारका वालकेन्द्रित, वालमैत्रिपूर्ण कार्य संचालन गर्न गराउन पर्दछ ।

११) कक्षाकोठाको उचित व्यवस्थापन र शिक्षण सिकाइलाई प्रभावकारी रुपमा अगाडी बढाउनका लागि विषयबस्तुको साथै विविध अतिरिक्त क्रियाकलापहरुमा पनि छात्र र छात्राहरुलाई मिश्रत रुपमा सहभागी गराई आपसी सहयोग, सहकार्य र समन्वयको वातावरण सिर्जना शिक्षकले कक्षाकोठा भित्र पनि गराउनु पर्दछ ।

१२) कक्षाकोठामा सबैलाई समान अवसर र सहयोग प्रदान गर्दै आवश्यक धारणाहरु स्पष्ट पार्न उचित अवसर प्रदान गर्नु पर्दछ ।

१३) कक्षाकोठा साथै कक्षाकोठा बाहिरको वातावरण पनि शिक्षण कार्यको लागि उपयुक्त होहल्ला रहित बनाउनु पर्दछ ।

१४) शैक्षिक उपलब्धि बृद्धि गराउनका लागि विद्यालयले निरन्तर सहयोग बढाउने खालका कार्यहरु गर्नुपर्ने देखिन्छ ।

१५) विद्यालय व्यवस्थापन समितीका पदाधिकारीहरुलाई उत्तरदायित्व वहन गर्न गराउन समय समयमा व्यवस्थापन सम्बन्धि आवश्यक तालिमको व्यवस्था गरिनु पर्दछ ।

१६) शिक्षकलाई शिक्षण योजना विधि र सामग्री प्रयोगको थप तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

तसर्थ यस अध्ययनले फोयलको व्यवस्थापन सिद्धान्तसँग मेल खाएको पाइन्छ ।

# परिच्छेद पाँच :
# निष्कर्ष तथा सुझावहरु

यस परिच्छेदमा अध्ययनको निष्कर्ष र सुझावलाई समावेस गरिएको छ । स्थलगत अध्ययन सर्वेक्षण गरिएका सामुदायिक विद्यालयहरुमा कक्षाकोठा व्यवस्थापन कार्यको वास्तविक अवस्था, त्यसले शिक्षण सिकाइमा पारेको प्रभाव, कक्षाकोठा व्यवस्थापन कार्यमा देखापरेका समस्याका बारेमा सम्बन्धित अध्ययन क्षेत्रमा सरोकारवालाहरुसँग प्रत्यक्ष कुराकानी, छलफल, अर्न्तवार्ता तथा स्थलगत अवलोकनका माध्यमवाट प्राप्त भएका सुचनाहरुलाई विश्लेषणको आधारमा अध्ययनको निष्कर्ष र सुझावहरुलाई यस प्रकार प्रस्तुत गरिएको छ ।

## ५.१. निष्कर्ष

सामुदायिक विद्यालय समुदायका वालवालिकालाई सिकाइका अवसरहरु प्राप्त गर्ने सामुदायिक संस्था भएकाले सिकारुलाई राष्ट्रिय रुपमा अपेक्षाकृत उद्देश्यको प्राप्तीमा सहयोग गरी आत्मनिर्भर एवम् गुणस्तरिय जीवनयापनमा सहयोग पुऱ्याएको पाइन्छ । शिक्षण सिकाइको प्रमुख स्थल नै कक्षाकोठा हो । कक्षाकोठा भित्र सिकारुहरुसँग मिलेर उनिहरुद्धारा उचित कार्य गराउने कला र कौशलको एकताबद्ध रुपले नै कक्षाकोठा व्यवस्थापन कार्यको सारांश रुपलाई जनाउदछ । कुनैपनि शिक्षकले आफ्नो शिक्षण सिकाइ कार्य प्रभावकारी बनाउनका लागि कक्षाकोठामा विभिन्न पक्षहरुको व्यवस्था भएको हुनुपर्दछ । जस्तैः विद्यालय भवन र कक्षाकोठाको भौतिक अवश्था, कालोपाटीको उचित बनोट समेतको रखाई व्यवस्था, कक्षाकोठा तापक्रम र प्रकाशको मौसम अनुसारको उचित व्यवस्था सरसफाई र खानेपानीको व्यवस्था, स्तर अनुसारको सुरक्षित फर्निचरको निर्माण र रखाई व्यवस्था, विद्यार्थीको बसाई व्यवस्था, शैक्षिक सामग्रीको सजावटको व्यवस्था, सुचना प्रविधिको व्यवस्था, कक्षाकार्य गर्नको लागि उचित स्थानको व्यवस्था, अनुशासन, आचार संहिता निर्माण र प्रयोगको व्यवस्था, कक्षाकोठा भित्रको र बाहिरको ध्वनी प्रदुषणको नियन्त्रणको व्यवस्था जस्ता पक्षको उचित व्यवस्था गर्नुलाई नै कक्षाकोठा व्यवस्थापन भनिन्छ ।

कक्षाकोठा भित्र गरिने विविध पक्षहरुको उचित व्यवस्थापनवाट विद्यार्थीहरुमा रुचि, उत्प्रेरणा, आत्मावल, नेतृत्व विकास, प्रोत्सहान, अर्न्तक्रिया, उत्साह, स्मरण शक्ति जस्ता पक्षमा सकारात्मक

असर पर्न जाने देखिन्छ । त्यसैगरि शिक्षण सिकाइ प्रक्रियामा प्रभावकारीता ल्याउन कक्षाकोठाको आकार, विद्यार्थीको संख्या, सिकारुको रुचि अनुसारको पाठ र विषयबस्तु सुहाउदो शैक्षिक सामग्री प्रयोग गर्नु पर्दछ । विषयगत शैक्षिक क्रियाकलाप, शिक्षक र विद्यार्थीमा समन्वय ल्याउन गरिने क्रियाकलापहरु र सिकारुलाई कक्षाकोठा व्यवस्थापन सिद्धान्तको भावनाको विकास गराउनु पर्ने पक्षमा जोड दिएको छ । कक्षाकोठा व्यवस्थापन कार्यलाई सरोकारवालाको विचमा कक्षाकोठा व्यवस्थापन कार्यको पूर्णताका लागि समन्वय गर्दै, सुधार गर्दै लानुपर्ने पक्षमा जोड दिएको छ । अनुसन्धानकर्ताले अध्ययन गरिएका विभिन्न अभिलेखवाट के थाहा हुन्छ भने कुनैपनि शिक्षकले आफ्नो कक्षाकोठको शिक्षण सिकाइलाई प्रभावकारी बनाउनका लागि चाहिने विद्यालय भवन र कक्षाकोठाको भौतिक सुविधाहरु, शिक्षण विधिको छनौट र प्रयोग क्रियाकलाप गराउन चाहिने शैक्षिक सामग्रीको अवस्था कक्षाकोठा भित्र वालवालिकाको बसाई अवस्था, स्तर अनुसारको फर्निचरको व्यवस्था, सरसफाई एवम् खानेपानिको व्यवस्था र अनुशासन तथा आधुनिक खालका शिक्षण विधिको प्रयोग गर्नको लागि प्रविधि व्यवस्थापन गर्न आवश्यक पूर्वाधारहरुको उचित व्यवस्था गर्नुपर्ने देखिएको छ । कक्षाकोठा भित्रको सिकाइ वातावरण वालसुलभ, वालसहयोगी र वालमैत्रि, समानसहभागिता मुलक समावेसी र समाहित शैक्षिक सामग्रीको सजावटले भरिपूर्ण वनाउन सकेमा कक्षाकोठा व्यवस्थित भई शिक्षण सिकाइ प्रभावकारी हुन्छ । यी सम्पूर्ण कार्यहरुको उचित व्यवस्थापन गर्नका लागि विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक, विद्यार्थी, कर्मचारी, प्रशासक र अभिभावकहरु विच कक्षाकोठा व्यवस्थापन कार्य सम्बन्धि फोयेलको सिद्धान्त व्यवहारिक र सान्दर्भिक हुने निष्कर्ष निकालिएको छ ।

अनुसन्धान गरिएका मध्ये ४ वटै सामुदायिक विद्यालयहरुमा कक्षाकोठा व्यवस्थापन कार्यका लागि आवश्यक पुर्वाधारहरु कुनै न कुनै रुपमा अपुरो र नपुग रहेको देखिन्छ । शिक्षकले कक्षाकोठा भित्र शिक्षण गर्दा विद्यार्थीको वैयक्तिक भिन्नताको आधारमा समुह निर्माण गरि वालसुलभ र वालमैत्रिपूर्ण वातावरणको व्यवस्था गर्न सकिएको अवस्थामा सिकारुहरुमा कक्षा क्रियाकलापमा सहभागीता बढ्न गई एक अर्कामा अन्तरक्रिया गर्ने बानीको विकास हुन्छ जसको प्रभावले कक्षाकोठा थप व्यवस्थित बन्न पुगी सिकाइमा उपलब्धि स्तर बढ्न सक्ने देखिन्छ । सरोकारवाला सबै पक्षहरुलाई सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापन प्रक्रियालाई सफलताका साथ सम्पन्न गराउन सम्बन्धित सबै पक्षसँग कार्यमा पारस्परिक दोहोरो सम्बन्ध कायम गर्दै आपसी आत्मविश्वास अभिबृद्धि गरि अघि बढ्नु पर्ने देखिन्छ । यी सम्पूर्ण कार्यहरुको उचित व्यवस्थापन गर्नको लागि विद्यालयमा कार्यरत

सम्पूर्ण शिक्षक, विद्याथी, कर्मचारी, प्रशासक र अभिभावकहरु विच सम्बन्ध कायम गर्ने फोयलको व्यवस्थापन सम्बन्धि सिद्धान्त व्यवहारिक र सान्दर्भिक हुने निष्कर्ष निकालिएको छ। तसर्थ फोयलको व्यवस्थापन सिद्धान्तसँग यस अध्ययनले मेल खाएको पाइन्छ।

## ५.२. सुझावहरु

सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन कार्य सम्बन्धि अध्ययनका प्राप्ती र निष्कर्षका आधारमा यस अध्ययनका सुझावहरुलाई निम्नानुसार तीन भागमा विभाजन गरि उल्लेख गरिएको छ।

### ५.२.१. नीतिगत तहका लागि

विद्यालय एक शैक्षिक संगठन हो कक्षाकोठा व्यवस्थापन कार्यमा प्रधानाध्यापकले कक्षाकोठा व्यवस्थापनको प्रभावकारी व्यवस्थापन गर्नका लागि राष्ट्रिय स्तरमा र स्थानिय स्तरमा उपयुक्त नितिको आवश्यकता पर्दछ। यस अध्ययनमा देखिएका समस्या समाधान गर्नको लागि विद्यालयका प्रधानाध्यापक, शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितीका पदाधिकारीलाई प्रत्येक वर्ष शैक्षिक सत्रको सुरुमा शैक्षिक जनशक्ति विकास केन्द्रवाट प्रदान गरिने तालिमको व्यवस्था गर्नुपर्ने र तोकिएको मापदण्ड अनुसार काम भएनभएको पत्तालगाउन विद्यालय निरिक्षक वा श्रोत व्यक्तिलाई निरिक्षणमा खटाउने र प्राप्त प्रमाणमा आधारमा सरोकारवालालाई दण्ड र सम्मान गर्ने निती नियम अपनाउनु पर्ने जस्ता कार्यहरुको बारेमा निती निर्माण गरेर वर्तमान अवस्थामा देखिएका समस्या समाधान गर्न सकिन्छ।

सरकारी विद्यालयहरु पूर्णतः सरकारी अनुदानमा मात्र भरपर्ने विगतको बानी क्रमशः हटाउदै जानु पर्दछ यसका लागि स्थानिय श्रोत साधन र सामग्रीलाई उचित रुपमा परिचालन गरि गा.वि.स.वा नगरपालिका, जि.वि.स., जिल्ला शिक्षा कार्यालय र शिक्षा मन्त्रालयवाट सामुदायिक विद्यालयको भवन र कक्षाकोठा व्यवस्थापन कार्यको व्यवस्थापनका लागि चाहिने आवश्यक रकम बर्षेनि खर्च गर्न पाउनु पर्ने र खर्च भए नभएको अनुगमन गरि दण्ड र पुरस्कारको कडा निती अबलम्बन गर्नु पर्ने देखिन्छ।

कक्षाकोठाको व्यवस्थापन कार्यको प्रभावकारीताका लागि विद्यालयका प्र.अ., शिक्षक र विद्यालय व्यवस्थापन समितीका पदाधिकारीहरुले समेत पालैपालो गरि कक्षाकोठा र शिक्षण सिकाइको बारेमा निरन्तर रुपमा निरिक्षण र अनुगमन गर्ने व्यवस्था मिलाइनु पर्दछ। शिक्षक, प्र.अ., विद्यालय व्यवस्थापन समिती र सामुदायले उचित रुपमा जिम्मेवारी पुरा गरेनगरेको बारेमा अनुगमन र निरिक्षण गर्ने कार्यमा नयाँ निती निर्माण गरेर श्रोत व्यक्ति तथा विद्यालय निरिक्षक, जिल्ला शिक्षा अधिकारीलाई समेत सहभागी गराउनु पर्ने देखिन्छ। सामुदायिक विद्यालयको कक्षाकोठा व्यवस्थापन कार्यक्रम संचालनमा व्यवस्थापन समिती, कर्मचारी, स्थानिय तथा सरोकारवालाको भुमिका पनि नितीगत रुपमा किटान गर्दै निजी विद्यालयको प्रतिस्पर्धाको रुपमा सामुदायिक विद्यालयका कक्षाकोठा व्यस्थापनको पक्षमा सुधार गर्दै लानुपर्ने खालको नितीगत तहमा किटान गर्नुपर्ने देखिन्छ।

### ५.२.२. कार्यान्वयन तहका लागि

शोध अनुसन्धानका क्रममा देखिएका समस्या समाधानका व्यवहारिक सुझाबहरु नै अभ्यास तहका सुझाब मानिन्छन्। यस अध्ययनको निष्कर्षका आधारमा विद्यालयमा कक्षाकोठा व्यवस्थापन कार्य प्रभावकारी बनाउन कक्षाकोठामा भौतिक श्रोत साधनको प्रबन्ध गर्न विद्यालय व्यवस्थापन समितीका पदाधिकारीहरु मार्फत चन्दादाता, सरकारी र गैरसरकारी संघ संस्थासँग आर्थिक सहयोगका लागि पहल गर्नु पर्ने, शैक्षिक सामग्री रखाई सजावट सम्बन्धि शिक्षकलाई कक्षाकोठा व्यवस्थापन प्रक्रियामा राम्रो कार्य गरे वापत सरोकारवाला सबैको उपस्थितीमा कार्यक्रम आयोजना गरेर प्र.अ.तथा विद्यालय निरिक्षक वा श्रोत व्यक्ति मार्फत पुरस्कृत गर्ने जस्ता पक्षहरुलाई कार्यान्वयन तहमा प्रयोग गर्नु पर्ने देखिन्छ। सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन कार्य अर्न्तगत कक्षाकोठा भवनको निर्माण कार्य गर्दा नै वातावरणिय समस्याको समाधान हुने गरि उचित व्यवस्था गर्नु पर्दछ। विद्यार्थी बसाइको राम्रो व्यवस्था गर्न एक विद्यार्थी एक कुर्सिको व्यवस्था, कक्षाकोठा भित्रै खानेपानीका लागि वाल्टी र जगको व्यवस्था, समय पालना गर्नको लागि घडिको व्यवस्था, विषयगत महत्वका शैक्षिक सामग्रीहरुको कक्षाकोठामानै व्यवस्था, अनुशासनको नियम पालनाको प्रयोगको अवश्था, विद्युतिय सामग्री प्रदर्शनिको व्यवस्था लगायत शैक्षिक सामगी प्रदर्शनि टेबल र सामग्रीलाई सुरक्षित गर्न दराजको व्यवस्था आदिलाई कार्यान्वयन तहमा सबै विद्यालयहरुले अनिवार्य रुपमा प्रयोगमा ल्याउनु पर्ने देखिन्छ। प्रत्येक वर्ष प्र.अ. र शिक्षकलाई कक्षाकोठा व्यवस्थापन कार्य सम्बन्धि नयाँ तालिममा सहभागी गराउनु पर्ने सुझाबलाई कार्यान्वयन तहमा लागु गर्न पर्दछ।

### ५.२.३. अनुसन्धानात्मक तहका लागि

सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन शिर्षकमा गरिएको यस अध्ययनले आगामी दिनमा थप अनुसन्धानलाई महत्वपूर्ण मार्गदर्शन गर्नेछ। सिमीत क्षेत्रलाई समेटेर गरिएको प्रस्तुत शिर्षकको अध्ययनलाई गहन रुपमा मनन गरेर थप सम्भाव्य शिर्षकमा अनुसन्धान गर्न सकिनेछ। नेपाल एक बहुभाषिक, बहुधार्मिक, बहुसास्कृतिक र भौगोलिक विबिधता सम्पन्न मुलुक भएकोले विशेष गरि विद्यार्थीहरु बढी लाभान्वित हुने गरि नितीगत व्यवस्था गर्नुका साथै अभ्यास तहमा सहभागी सरोकारवालालाई थप जिम्मेवार बनाई वर्तमानमा देखिएका समस्या र भविश्यमा देखापर्ने कठिनाईलाई हटाउनका लागि अनुसन्धानात्मक विधि र क्रियाकलापमा जोड दिनु पर्ने हुन्छ। सामुदायिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन प्रक्रियामा प्रभाव पार्ने तत्वहरुको खोजी गर्न थप अनुसन्धान गर्नुपर्ने देखिन्छ। कक्षाकोठा व्यवस्थापन प्रक्रियामा व्यवस्थापन समिती अभिभावकहरुको सहयोगमा कमी देखिनुका कारणहरु पत्तालगाउन, सरकारले सामुदायिक विद्यालयमा ठूलो मात्रामा धनराशि, समय, श्रमशक्ति खर्च गरे पनि औशत शैक्षिक उपलब्धि बढ्न नसक्नुको कारण पत्तालगाउन, विज्ञान र प्रविधिको युगमा अझैपनि धेरै सामुदायिक विद्यालयमा यसको प्रयोग हुन नसक्नुका कारणहरु पत्तालगउन समेत थप अनुसन्धान गर्नुपर्ने देखिन्छ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, गणेशराज र अन्य (२०६५), *शिक्षण अभ्यास दिग्दर्शन*, काठमाण्डौं : वृहस्पति पुस्तक सदन, चावहिल ।

अधिकारी, विष्णुप्रशाद (२०६०), *शिक्षक अध्यापन अनुमतिपत्र*, काठमाण्डौं : आसिस पुस्तक भण्डार, वागवजार ।

अर्याल, वैकुण्ठप्रशाद र अन्य (२०६६), *शैक्षिक विकाशका विविध पक्षहरु*, काठमाण्डौं : मकालु प्रकाशन गेह, डिल्लिबजार, ।

कोइराला, विद्यानाथ र अन्य (२०६५), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार*, काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, वासुदेव र अन्य (२०६२), *शैक्षिक प्रविधि र अनौपचारीक शिक्षा*, काठमाण्डौं : विद्यार्थी पुस्तक प्रकासन ।

खनाल, पेशल (२०६५), *शैक्षिक अनुसन्धान पद्धति, कीर्तिपुर*, काठमाण्डौं : स्टुडेन्ट्स पब्लिकेशन

खनाल, मधुविलास र अन्य (२०५७), *कक्षाकाठामा मनोविज्ञान*, काठमाण्डौं : हिरा बुक्स इन्टरप्राइजेज्, कीर्तिपुर ।

गौतम, सूर्यप्रसाद र अन्य (२०६०), *शिक्षक अध्यापन अनुमतिपत्र दिग्दर्शन*, काठमाण्डौं : मकालु बुक्स, पुतलीसडक ।

न्यौपाने, विनोद (२०६५), *प्राथमिक शिक्षक दर्पण*, काठमाण्डौं : बौदिक दर्पण प्रकाशन, पुतलिसडक ।

बरुवाल, पुष्पबहादुर (२०५६), *काठमाण्डौं जिल्लामा माध्यमिक विद्यालयको सिकाई सुधारमा प्र.अ.को भूमिका एक अध्ययन*, शोधपत्र

रिमाल, वासुदेव र अन्य (२०६५), *शिक्षाको परिचय*, काठमाण्डौं : वृहस्पति पुस्तक सदन ।

रेग्मी, मुरारीप्रशाद र अन्य (२०६३), *कक्षाकोठामा मनोविज्ञान,* काठमाण्डौं : हिरा बुक्स इन्टरप्राइजेज्, कीर्तिपुर ।

वधे गिरिजाशङ्कर भगवानजी (२०८६), *दिवासप्न,* शिक्षक मासिक, ललितपुर ।

*विद्यालय सञ्चालन तथा व्यवस्थापन सहयोगी हाते पुस्तिका* (२०६७), संखुवासभा : जिल्ला शिक्षा कार्यालय, लेखक

शर्मा, गोपिनाथ (२०६३), *नेपालमा प्राथमिक शिक्षाको इतिहास,* काठमाण्डौं : लुम्विनी पुस्तक भण्डार ।

शर्मा, चिरिञ्जिवी र शर्मा एण्ड शर्मा (२०६५), *शिक्षाको परिचय* काठमाण्डौं : एम.के. पब्लिर्शस एण्ड डिष्ट्रिब्यूटर्स, भोटाहिटी ।

शाक्य, भाइराजा (२०५७), *नेपालमा प्राथमिक शिक्षा प्रणालीको अवस्था,* नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठीमी, ।

शाह, केदारनाथ (२०६६), *सडक वालवालिकाको शैक्षिक अवस्था,* शोधपत्र

सुनुवार योगेन्द्र, २०६६ समुदाय र विद्यालयमा आधारित वालविकास केन्द्रको कक्षाकोठा व्यवस्थापन शोधपत्र

# अनुसूची एक :

## प्रधानाध्यापकको लागि अन्तर्वार्ता निर्देशिका

प्रधानाध्यापकको नाम : मितिः

पदः लिङ्ग :

योग्यता : अनुभव :

१) विद्यालयको कक्षाकोठा व्यवस्थापनमा के के पर्दछन् ?

.................................................................................................................

२) विद्यालयको कक्षाकोठाको वातावरण व्यवस्थापनमा कुन कुन पक्षहरु समेटिएका हुन्छन् ?

.................................................................................................................

३) कक्षाकोठा व्यवस्थापनका लागि कस्ता विद्युतिय सामग्रीहरुको व्यवस्था गर्नु भएको छ ?

.................................................................................................................

४) शैक्षिक सामग्रीको सजावटमा शिक्षक र कर्मचारीलाई कसरी सहयोग पुऱ्याउनु हुन्छ ?

.................................................................................................................

५) कक्षाकोठामा फोहोर संकलनका लागि कस्तो व्यवस्था लागु गर्नु भएको छ ?

.................................................................................................................

६) शिक्षक र विद्यार्थीले अनुशासनको प्रयोग नगरेमा कार्वाही गर्नु भएको छ ? ठिक चिन्ह लगाउनुहोस ।

क) गरेको छु ख) गरेको छैन

७) कक्षाकोठाको सरसफाइको लागि छुट्टै कर्मचारीको व्यवस्था गर्नु भएको छ ? ठिक चिन्ह लगाउनुहोस ।

क) गरेको छु ख) गरेको छैन

८) कक्षाकोठा भित्र समय हेर्नका लागि घडि राख्ने व्यवस्था गर्नुभएको छ । ठिक चिन्ह लगाउनुहोस ।

क) गरेको छु ख) गरेको छैन

९) व्यवस्थापन कार्यमा कस्ता कस्ता शैक्षणिक सामग्रीको व्यवस्था र लागु गर्नु भएको छ ?

.................................................................................................................

१०) कक्षाकोठा व्यवस्थापन सम्बन्धि तालिममा सहभागी हुनु भएको छ ?

.........................................................................................................................

११) कक्षाकोठा व्यवस्थापन सम्बन्धि तपाँईको दृष्टिकोण कस्तो रहेको छ ?

.........................................................................................................................

१२) कक्षाकोठा व्यवस्थापन सम्बन्धमा आइपरेका समस्याहरु लेख्नुहोस ।

.........................................................................................................................

१३) कक्षाकोठा व्यवस्थापनमा आइपरेका केही समस्या समाधानका उपायहरु बताइदिनु होला?

......................................................................................................................

## अनुसूची दुई :

## शिक्षकको लागि अन्तर्वार्ता निर्देशिका

शिक्षकको नाम : मितिः

पदः लिङ्ग :

योग्यता : अनुभव :

१) कक्षाकोठा व्यवस्थापनमा कुन-कुन पक्षहरु समेटिएका हुन्छन ?

क) भौतिक स्रोतसाधन । ख) वातावरण र सरसफाई

ग) कालोपाटी व्यवस्था । घ) माथिका सबै

२) शिक्षण सिकाइमा कुन कुन सामग्रीको प्रयोग गर्नुहुन्छ ?

................................................................................................ ।

३) कालोपाटीमा लेखिएका अक्षरहरु सबै विद्यार्थी प्रष्टसंग देख्न सक्छन् ?

................................................................................................ ।

४) कक्षाकोठा व्यवस्थापन सम्पन्धि तालिममा सहभागी हुन भएको छ ?

क) छ ख) छैन

५) कक्षाकोठा भित्रको शिक्षणमा शैक्षणिक योजना निर्माण गरेर शिक्षण गर्ने गर्नुहुन्छ ?

................................................................................................ ।

६) शिक्षण सिकाइ प्रक्रियामा शैक्षिक सामग्री कस्ता खालका प्रयोग गर्ने गर्नुहन्छ ?

................................................................................................ ।

७) कक्षाकोठामा शैक्षिक सामग्री राख्ने टेवल र दराजको व्यवस्था रहेकोछ ?

................................................................................................ ।

८) शिक्षण सिकाइमा तापक्रम र प्रकाशका कारणले कस्तो प्रभाव पारेको छ ?

................................................................................................ ।

९) कक्षाकोठा विद्यार्थीले अनुशासन पालना नगरेमा के गर्नुहुन्छ ?

................................................................................................ ।

१०) शिक्षण सिकाइ कार्यमा हुरी बतास लाग्दा र पानी पर्दा अवरोध पुऱ्याएको छ ?

क) छ	ख) छैन

११) शिक्षण गर्ने क्रममा कुन कुन विधिको प्रयोग गर्नुहुन्छ ?

.............................................................................................................. ।

१२) कक्षाकोठा व्यवस्थापन सम्बन्धि तपाँइको दृष्टिकोण कस्तो रहेको छ ?

............................................................................................................... ।

१३) कक्षाकोठा भित्र गरिने संचारका क्रममा कुन तरिका अपनाउने गर्नुहुन्छ ?

क) मौखिक	ख) लिखित	ग) अमौखिक	घ) माथिका सबै

१४) विद्यार्थीको बसाईमा कस्तो समस्याहरु रहेका छन् ?

.................................................................................................... ।

१५) फर्निचर रखाईले कक्षाकोठा व्यवस्थापन र शिक्षणमा कसरी मद्दत पुर्‍याउछ ?

...................................................................................................... ।

१६) कक्षाकोठा व्यवस्थापनमा कस्ता कस्ता समस्या उत्पन्न हुने गर्दछ ?

क) वातावरणिय समस्या	ख) कक्षाकोठामा हुने संचारको समस्या

ग) अनुशासनको प्रयोगमा हुने समस्या	घ) माथिका सबै

१७) कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्या समाधानका उपायहरु के के होलान् ?

..................................................................................................................... ।

## अनुसूची तीन :

## विद्यालय व्यवस्थापन समितीका अध्यक्षको लागि अन्तर्वार्ता निर्देशिका

वि.व्या.स.को नाम : मितिः

पदः लिङ्ग :

योग्यता : अनुभव :

१) विद्यालयमा कक्षाकोठाको व्यवस्थापनको अवस्था कस्तो पाउँनु भयो ?

............................................................................................ ।

२) कक्षाकोठाको व्यवस्थापन सम्बन्धि कुनै पनि तालिम लिनु भएको छ ?

............................................................................................ ।

३) कक्षाकोठाको आवस्था अवलोकन बर्षमा कति पटक गर्ने गर्नु भएको छ ?

............................................................................................ ।

४) विद्यालयको शैक्षिक र भौतिक श्रोतसाधनको सुधारमा के के सहयोग गर्नु भएको छ ?

............................................................................................ ।

५) कक्षाकोठाको छानो र झ्यालढोकाको स्थिती कस्तो पाउनु भयो ?

............................................................................................ ।

६) कक्षाकोठा भित्रको वातावरण कस्तो पाउनु भयो ?

............................................................................................ ।

७) कक्षाकोठा व्यवस्थापन सम्बन्धि तपाँईको दृष्टिकोण कस्तो रहेको छ ?

............................................................................................ ।

८) कक्षाकोठा व्यवस्थापनमा कस्ता कस्ता समस्याहरु देख्नुभयो ?

............................................................................................ ।

९) कक्षाकोठा व्यवस्थापनका लागि प्र.अ. तथा शिक्षकहरुसँग छलफल गर्ने गर्नु भएको छ ?

............................................................................................ ।

१०) कक्षाकोठाको व्यवस्थापनमा देखिएका समस्याहरुलाई समाधान गर्न के के गर्नु पर्ला ?

............................................................................................ ।

# अनुसूची चार :

## विद्यालय निरिक्षक/स्रोत व्यक्तिको लागि अन्तर्वार्ता निर्देशिका

वि.नि/स्रो.व्यक्तिको नाम : मितिः

पदः लिङ्ग :

योग्यता : अनुभव :

१) कक्षाकोठा व्यवस्थापनको निरिक्षण, अवलोकन वर्षमा कति पटक गर्नुहुन्छ ?

.................................................................................................. ।

२) कक्षाकोठा व्यवस्थापनमा कुन कुन पक्षहरु समावेश भएको पाउनु भयो ?

.................................................................................................. ।

३) कक्षाकोठाको वातावरण र सरसफाईको स्थिती कस्तो पाउन भयो ?

.................................................................................................. ।

४) कक्षाकोठाको बनावट ऐनले तोकेअनुसार रहेको पाउनु भयो कि भएन ?

.................................................................................................. ।

५) कक्षाकोठा व्यवस्थापन सम्बन्धि तपाँईको दृष्टिकोण कस्तो रहेको छ ?

.................................................................................................. ।

६) कक्षाकोठा व्यवास्थापन कार्यलाई कुन कुन तत्वहरुले प्रभाव पारेको छ ?

.................................................................................................. ।

७) कक्षाकोठामा शिक्षक र विद्याथी विचमा हुने संचारको स्थिती कस्तो रहेको छ ?

.................................................................................................. ।

८) शिक्षणका क्रममा शिक्षकले कुन कुन विधिको प्रयोग गर्ने गरेको पाउनु भयो ?

.................................................................................................. ।

९) शिक्षकले दैनिक पाठ योजनाको निर्माण गरि शिक्षण गर्ने गरेको पाउनु भयो कि भएन ?

.................................................................................................. ।

१०) कक्षाकोठामा फर्निचरहरु तहगत रुपमा पर्याप्त संख्यामा पाउनु भयो ?

.................................................................................................. ।

११) शिक्षण विधिको प्रयोगले कक्षाकोठा व्यवस्थापनमा सहयोग पुऱ्याएको पाउनुभयो ?

............................................................................................ ।

१२) कक्षाकोठा भित्र शैक्षिक सामग्री प्रयोग गरि शिक्षण गर्ने गरेको पाउनुभयो ?

............................................................................................ ।

१३) कक्षाकोठा व्यवस्थापनमा कस्ता कस्ता समस्याहरु पाउनुभयो ?

............................................................................................ ।

१४) कक्षाकोठा व्यवस्थापनमा देखापरेका समस्याहरु समाधानका केही उपायहरु बताइ दिनुहुन्छ की ?

..........................................................................................................

## अनुसूची पाँच :

## विद्यार्थीहरुको लागि अन्तर्वार्ता निर्देशिका

विद्यार्थीको नाम : मितिः

उमेर : लिङ्ग :

कक्षा:

१) कक्षाकोठाको भित्तामा रंगरोगन गरिएको छ ?

......................................................................................... ।

२) झ्याल ढोकाहरु तिमीहरुले बन्द गर्न र खोल्न सक्ने किसिमका छन् ?

......................................................................................... ।

३) कक्षाकोठामा बस्नका लागि सहज र आवश्यकवेन्चहरु छन् ?

......................................................................................... ।

४) तिमीहरु एउटा वेन्मा कतिजना बस्नु पर्दछ ?

......................................................................................... ।

५) तिमीहरु बस्ने डेक्स तथा वेच्चहरु भाँचिएका र कपडाहरु च्यात्ने खालमा पनि छन् ?

......................................................................................... ।

६) कालोपाटीमा लेखेका अक्षरहरु अगाडीका साथीहरुको टाउकोले छेक्छकी छक्दैन र अक्षरहरु टल्कन्छन् कि टल्कदैनन् ?

......................................................................................... ।

७) तिमीहरु बस्ने कक्षाकोठा सफा छ ? कक्षाकोठा कस्ले सफा गर्ने गरेको छ ?

......................................................................................... ।

८) तिमीहरुको कोठा भित्र खानेपानी र फोहोर संकलनमा लागि के के को व्यवस्था गरिएको छ ।

......................................................................................... ।

९) कक्षाकोठामा शिक्षकले बोलेको तिमीहरुले प्रष्टसँग सुन्न सक्छौ ?

......................................................................................... ।

१०) कक्षाकोठा व्यवस्थापन प्रक्रिया सम्बन्धि तिम्रो दृष्टिकोण कस्तो रहेको छ ?

............................................................................................. ।

११) शिक्षण कार्यमा शिक्षकले योजना बनाई शिक्षण गर्ने गरेका छन् ?

............................................................................................. ।

१२) तिमीहरुले कक्षाकार्यमा कालोपाटीको पनि प्रयोग गर्ने गर्दछौ ?

............................................................................................. ।

१३) समय हेर्नको लागि कक्षाकोठाको भित्तामा घडि राखिएको छ ?

(क) छ । (ख) छैन ।

१४) कक्षाकोठा व्यवस्थापन प्रक्रियालाई प्रभाव पार्ने तत्वहरु के-के होलान् ?

............................................................................................. ।

१५) तिम्रो कक्षाका विजुली वत्तीको व्यवस्था गरिएको छ ?

............................................................................................. ।

१६) कक्षाकोठामा कुन-कुन शैक्षिक सामग्रीहरु सजाएका छन् ?

............................................................................................. ।

१७) तिमिहरुको पठ्नपाठनमा अर्को कक्षाको आवाजले प्रभाव पारेको छ ?

............................................................................................. ।

१८) कक्षाकोठा व्यवस्थापन कार्यमा कस्ता-कस्ता समस्याहरु पाएका छौ ?

............................................................................................. ।

१९) कक्षाकोठा व्यवस्थापन कार्यमा आईपर्ने समाधानका उपायहरु के-के होलान् ?

............................................................................................. ।

# अनुसूची छ :

## अभिभावकका लागि अन्तर्वार्ता निर्देशिका

अभिभावकको नाम : लिङ्ग :

योग्यता : मिति :

१) विद्यालयको कक्षाकोठा व्यवस्थापनको अवस्था कस्तो रहेको पाउनुभयो ?

........................................................................................... ।

२) कक्षाकोठा व्यवस्थापनले शिक्षण सिकाइमा कस्तो-कस्तो प्रभाव पारेको पाउनुभयो ?

........................................................................................... ।

३) कक्षाकोठा व्यवस्थापन कार्य सम्वन्धी कुनै तालिम लिनुभएको छ ?

........................................................................................... ।

४) कक्षाकोठामा फर्निचरहरुको संख्या पर्याप्त पाउनु भयो ?

........................................................................................... ।

५) वर्षमा कति पटक विद्यालयको कक्षाकोठा व्यवस्थापन एवम् वालवालिकाको बारेमा जानकारी लिन विद्यालय आउनु भएको छ

........................................................................................... ।

६) । कक्षाकोठा व्यवस्थापन कार्यवारे तपाईको कस्तो दृष्टिकोण रहेको छ ?

........................................................................................... ।

७) कक्षाकोठा भित्र कस्ता-कस्ता सामग्रीहरु सजाएको पाउनु भयो

........................................................................................... ।

८) ? कक्षाकोठा व्यवस्थापन कार्यमा कस्ता-कस्ता समस्याहरु पाउनु भयो ?

........................................................................................... ।

९) कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्याहरु समाधान गर्ने उपायहरु के-के होलान् ?

........................................................................................... ।

# अनुसूचि सात :

## छलफलका लागि प्रश्नावली

नाम : मिति :

पेशा : उमेर :

१) विद्यालयको कक्षाकोठा व्यवस्थापनको अवस्था कस्तो रहेको छ ?

(क) उत्तम (ख) सन्तोषजनक (ग) कमजोर (घ) सामान्य ।

२) कक्षाकोठा व्यवस्थापनको लागि चाहिने स्रोतसाधन के कति रहेको छ ?

(क) केहि मात्रामा (ख) पर्याप्त (ग) चाहिने जति (घ) थोरै मात्रामा

३) कक्षाकोठामा कस्ता शैक्षिक सामग्री राख्ने गरिएको छ ?

(क) दृश्य (ख) श्रव्य (ग) श्रव्य-दृश्य (घ) माथिका सबै ।

४) कक्षाकोठा व्यवस्थापनमा प्रभाव पार्ने तत्वहरु के-के हुन सक्छन् ?

(क) शैक्षिक सामग्री (ख) योजना निर्माण

(ग) शिक्षण विधि (घ) माथिकासबै

५) कक्षाकोठाको वातावरणले शिक्षण सिकाइमा कतिको सहयोग पुऱ्याउँछ ?

(क) आंशिक रुपमा (ख) पूर्णरुपमा ।

६) कक्षाकोठा व्यवस्थापनमा के-कस्ता समस्याहरु उत्पन्न हुने गर्दछन् ?

(क) वातावरणीय समस्या । (ख) कक्षाकोठामा हुने संचारको समस्या ।

(ग) अनुशासनको प्रयोग । (घ) माथिका सबै ।

(७) कक्षाकोठा व्यवस्थापनलाई प्रभावकारी बनाउनको लागि उपायहरु के हुन सक्छन् ?

(क) शैक्षिक सामग्रीको पर्याप्तता । (ख) शिक्षण विधि र वातावरण ।

(ग) भौतिक स्रोतसाधन पर्याप्तता । (घ) माथिका सबै ।